परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'खेमराज ओझाको जीवनी, व्यक्तित्व र कवित्वको अध्ययन' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत त्रि.वि. नेपाली विषयको स्नातकोत्तरतह दोस्रो वर्षको दशौंपत्रको प्रयोजनका निमित्त तयार गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली भाषाका भाषिकाका दृष्टिले सर्वाधिक विविधता बोकेको जिल्ला बैतडीको न्वादेउ गा.वि.स. ७, नाकालीमा वि.सं. २०१२ साल असार २३ गते बिहिबार जन्मनु भएका खेमराज ओझाले बसाइसराई गरी सुडा गा.वि.स. ५, सुन्दरपुर, कञ्चनपुरलाई कर्मथलो बनाउनु भएको छ । नेपाली भाषा साहित्यको विकासमा महत्वपूर्ण भूमिका निभाइ रहेका कवि ओझाको भागवत सप्ताह, नवाह, कारागार प्रवचन, कन्यापूजन लक्ष्यहोम, कोटिहोम महायज्ञ जस्ता धार्मिक कार्यक्रम र मठमन्दिर निर्माण, मूर्तिस्थापना, बृक्षारोपण, बाटो निर्माण जस्ता सांस्कृतिक एवं सामाजिक कार्यहरुमा समेत प्रशंसनीय योगदान रही आएको छ । काव्यरचनामा गहिरो अनुराग राख्ने कवि खेमराज ओझाले साहित्यका मुख्य गरी कविता र अंशत : उपन्यास एवं अन्य विधामा पनि कलम चलाएर नेपाली साहित्याकाशलाई जाज्वल्यमान तुल्याएका छन् । भक्तिधाराका समेत काव्य रचना गरेर पाठकहरुमा आध्यात्मिक जागरण गराउँदै आउनु भएका कवि ओझाले वि.सं. २०४५ सालमा 'कर्मको तन्ना' नामक सामाजिक उपन्यास प्रकाशन गरेका थिए । त्यस्तै उनका प्रकाशित कृतिहरुमा 'थाकेको परानी' (काव्य) परमानन्द शोककाव्य (२०४५), सुदूरपश्चिमाञ्चल लक्ष होम प्रकृति र संस्कृति (२०४९, 'द्वापरका नेता भगवान श्रीकृष्ण' (२०५०), 'शिव संकीर्तन भजनमाला', 'भगवत संकीर्तन महात्म्य', 'पञ्चाक्षरी भजनमाला', 'पशुपुकार' (२०५३), 'यात्री विचार' (२०५६), 'लतालकिर', 'फूल बदलियोस एक्काइसौं शताब्दी' (२०५८), 'सुदूरपश्चिम बैतडी इतिहास' (२०५८), 'श्रीराम महिमा स्तोत्र' (२०६४), 'नेपाल आमा महाकाव्य' (२०६२), 'शिखरिणी गीता महाकाव्य' (सृष्टि ग्रन्थ- २०६३) जस्ता पद्यात्मक र गद्यात्मक कृतिहरु रहेका छन् । यस बाहेक 'सुदूर पश्चिमाञ्चलबाट प्रकाशित हुने 'संगम वार्षिक पत्रिका', 'वार्ता',

'गुडमर्निङ' र अभियान आदि विभिन्न पत्र पत्रिकाहरुमा यिनका कविता, लेख एवं अन्तर्वार्ताहरु प्रकाशित भइसकेका छन् । कवि ओभ्Pाका कृतिहरुको हालसम्म कुनै शोधकार्य गरिएको छैन । त्यसैले यसमा उनका साहित्यिक कृतिहरुको वस्तुगत र वैज्ञानिक ढङ्गबाट मूल्याङ्कन गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## १.४ समस्याकथन

एकदर्जन भन्दा पनि बढि साहित्यिक कृतिहरुको रचना गरिसकेका कवि खेमराज ओभ्Pाका रचनाहरुको आजसम्म पनि कुनै विस्तृत अध्ययन र विश्लेषण भएको पाइँदैन । यसै सन्दर्भमा उनका साहित्यिक कृतिहरुको संकलन, अध्ययन र मूल्य निर्धारणका क्रममा देखिन आएका केही प्रमुख समस्याहरुलाई बुँदागत रुपमा निम्नानुसार देखाउन सकिन्छ ।

(क) साहित्यकार ओभ्Pाले साहित्यका विविध विधाहरुमा कलम चलाई सकेका भएतापनि हालसम्म उनका रचनाको शोध अनुसन्धान एवं विश्लेषण नगरिएको हुँदा उनी कुन स्तरका कवि हुन् भन्ने निर्धारण कसरी गर्ने ?

(ख) उनका कवितात्मक कृतिले जीवन र जगतका कुन तहसम्म स्पर्श गरेको छ ? कसरी निक्र्यौल गर्ने ?

(ग) उनका कवितात्मक कृतिहरुको साहित्यिक मूल्य के हो ?

(घ) उनका साहित्यिक रचनालाई कसरी संकलित गर्ने ?

(ङ) उनका कवितात्मक रचनामा के कस्ता प्रवृत्तिहरु रहेका छन् ? कसरी विश्लेषण गर्ने ?

## १.५ शोधकार्यको उद्देश्य

केही नकेही निश्चित उद्देश्यले प्रेरित भएर नै कुनै पनि कामहरु गरिने भए जस्तै प्रस्तुत शोधकार्य गर्नुका पछाडि पनि केही निश्चित उद्देश्यहरु रहेका छन् । यस शोधकार्यको मुख्य उद्देश्य खेमराज ओभ्Pाका रचनाहरुको वस्तुगत अध्ययन र विश्लेषण गरी निश्चित निष्कर्ष निकाल्नु रहेको छ । बुँदागत रुपमा यस शोधकार्यका उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

(क) ओभ्Pासँग सम्बन्धित साहित्यिक सामग्री सङ्कलन गर्ने ।

(ख) सङ्कलित सामग्रीहरुका आधारमा कवि ओभ्Pामा रहेका साहित्यिक क्षेत्रहरुको पहिचान गर्ने ।

(ग) उनका काव्य कृतिहरुको प्रवृत्ति निरुपण गर्ने ।

(घ) उनका कवितात्मक कृतिको साहित्यिक मूल्य निर्धारण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार खेमराज ओझाको जीवनी, व्यक्तित्व र हालसम्म प्रकाशित कृतिहरुको अद्यापि विस्तृत रुपमा कुनै खोज अनुसन्धान हुन सकेको छैन । केही छिटपुट पुस्तक र पत्रपत्रिकामा मात्र सामान्य चर्चा परिचर्चा गरिएको पाइन्छ । यसै क्रममा दिननाथ बरालद्वारा रचित 'मानव दर्शन' (२०५७) नामक खण्डकाव्यमा पं. खेमराज ओझाको लक्ष्य, जीवनी, शीर्षक २८ हरफको शिखरिणी छन्दमा रचित कवितामा ओझालाई गुरुको संज्ञा दिंदै उनको छोटो परिचय दिइएको छ । नेपालका सबै जिल्लाहरुको भ्रमण गर्दै हवन, वृक्षारोपण, प्रवचन, कन्यापूजन र गाई पूजा गरेर हिड्ने पण्डित ओझासँग मङ्सिर महिनाको एकहप्तासम्म साथै रहेर भागवत कथा सुन्न पाएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी डा. देवीप्रसाद ओझाले "सुदूर पश्चिमाञ्चलमा साहित्य र साहित्यकारहरु नामक कृतिको 'अविरल रुपमा बन्दै गरेको भक्तिधारा काव्य' शीर्षक लेखको पृ. २४ मा ओझाले लक्ष्यहोम कन्या पूजा र धार्मिक प्रवचन आदि गर्ने उद्देश्यका साथ अधिराज्य घुमेर आफ्नो सम्पूर्ण समयको सदुपयोग भएको कुरा उल्लेख गर्दै कविद्वारा रचिएका 'शिव संकीर्तन भजनमाला' २०५०, 'द्वापरका नेता भगवान श्रीकृष्ण' २०५० र 'भगवत् संकीर्तन महात्म्य २०५०' जस्ता धार्मिक कवितायुक्त रचनाहरुको समेत उल्लेख गरेका छन् । सोही पुस्तकमा डा. देवी ओझाले केही साहित्यकारहरुका रचनाका नमुनाहरु शीर्षकको लेखको पृ. १२१ मा कवि ओझाद्वारा रचित 'लतालकिर' २०५६ नामक कृतिको शिखरिणी छन्दमा रचित आठ हरफका कवितांश समेत उल्लेख गरेका छन् । यसैगरी 'महाकाली साहित्य संगम' २०४५ नामक महेन्द्रनगर कञ्चनपुरबाट कल्यान ओझाको सम्पादकत्वमा वि.सं. २०६० मा प्रकाशित भएको वार्षिक पत्रिकाको पृ. ५३ मा उल्लेखित 'लेखक/साहित्यकार परिचय' शीर्षकमा कवि ओझाको संक्षिप्त जीवनी एवं उनका साहित्यिक रचनाहरुको नाम उल्लेख गर्दै 'परमानन्द शोककाव्य' नामक उनको साहित्यिक कृतिको शार्दूल विक्रीडित छन्दमा रचित सात हरफका कवितांश समेत उल्लेख गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली कविता, खण्डकाव्य, महाकाव्य र उपन्यास आदि साहित्यका विविध विधामा कलम चलाई सकेका साहित्यकार ओभ्काका साहित्यिक सामग्रीहरुको अद्यापि संकलन, अध्ययन र विश्लेषण भएको पाइँदैन । नेपाली साहित्यमा उनले पुऱ्याएको योगदानको समीक्षा समेत नभएको सन्दर्भमा ओभ्काको व्यक्तित्व र कवित्वको अध्ययन गर्नु यस शोधकार्यको औचित्य देखिन्छ ।

नेपाली कविता, मुक्तक, खण्डकाव्य, महाकाव्य र उपन्यास आदि साहित्यका विविध विधाका रचनामा खेमराज ओभ्काको महत्वपूर्ण स्थान छ । तापनि हालसम्म उनका साहित्यिक सामग्रीहरुको सैद्धान्तिक योगदान रही आएको आधारमा संकलन र विश्लेषण भएको छैन । त्यस कारणले ओभ्काको व्यक्तित्व र कवित्वको अध्ययन गर्न यस शोधकार्यको औचित्य छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यको साधनामा लागि परेका ओभ्का कविताका अतिरिक्त अन्य साहित्यिक लेखरचनाहरुमा पनि आफ्नो कलम चलाई रहेका छन् । उनका समग्र साहित्यिक कृतिहरुको सङ्कलन र विस्तृत अध्ययन हुन बाँकी रहेको देखिन्छ । यस सन्दर्भमा प्रस्तुत शोधपत्रको सीमाक्षेत्र मुख्यतया साहित्यकार खेमराज ओभ्काको व्यक्तित्व र हालसम्म प्रकाशित उनका काव्यकृतिहरुमा नै सीमित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र खेमराज ओभ्काको व्यक्तित्व र कवित्वको सम्बन्धमा उल्लेख्य सैद्धान्तिक अध्ययन नभई सकेको हुँदा सोको अध्ययनका लागि उनका समग्र साहित्यिक रचनाहरुको सङ्कलन गरिएको छ । यस सन्दर्भमा सामान्यतया पुस्तकालयीय अध्ययन तथा व्यक्तित्वका लागि स्वयम् शोधनायक, उनका छरछिमेक र उनीसँग सम्बन्धित व्यक्तिको सहयोग लिइएको छ । विधागत तत्वहरुका आधारमा काव्यकृतिहरुको विश्लेषण गरिनुका साथै शोधपत्रमा वर्णनात्मक विश्लेषणात्मक एवं समालोचनात्मक पद्धतिलाई समेत अँगालिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित रुपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद- शोधपरिचय
दोस्रो परिच्छेद- खेमराज ओभ्काको जीवनी
तेस्रो परिच्छेद- खेमराज ओभ्काको व्यक्तित्व
चौथो परिच्छेद- खेमराज ओभ्काको साहित्यिक प्रवृत्ति र कवित्वको अध्ययन
पाँचौ परिच्छेद- उपसंहार

परिच्छेद दुई

# खेमराज ओझाको जीवनी

**२.१ जन्म र जन्मस्थान**

शैक्षिक एवं आर्थिक दृष्टिकोणले पिछडिएको अञ्चल महाकाली र त्यसमा पनि अझै पछि परेको जिल्ला हो बैतडी । देशको राजधानी भन्दा सुदूरपश्चिममा अवस्थित यो जिल्लामा पूर्णत : पहाडी भूबनोट रहेको छ । प्राय : खेतीपाती मै निर्भर रहने यहाँका अधिकांश मानिसहरुको जीवन स्तर अति सामान्य रही आएको छ भन्दा अत्युक्ति नहोला । यसै जिल्लाको सदरमुकाम भन्दा उत्तरपूर्वी क्षेत्र पुचौंडी नाकालीमा खेमराज ओझाको जन्म वि.सं. २०१२ साल असार २३ गते बिहीबारका दिन पिता परमानन्द ओझा तथा माता महादेवी ओझाका कोखबाट ज्येष्ठ सुपुत्रका रुपमा भएको हो । न्वादेउ गा.वि.स. वडा नं. ७, नाकाली, बैतडीमा जन्मेका खेमराज ओझाका व्यासाचार्य, राष्ट्रिय पण्डित, प्रवर जस्ता थुप्रै उपनामहरु पनि रहेका पाइन्छन् ।[१]

## २.२ बाल्यकाल

खेमराज ओझाको जन्मस्थान न्वादेउ, बैतडी हो । न्वादेउ गा.वि.स.को नाकाली भन्ने ग्रामीण ठाउँमा नै उनको बाल्यकाल बितेको पाइन्छ । खेमराज ओझा परमानन्द ओझाका जेठा छोराका रुपमा जन्मिएका हुँदा परिवारमा उनले उचित रेखदेख र अन्त्यन्त माया पाएको देखिन्छ । परिवारमा अरु भाइका समेत पुत्र नभएका अवस्थामा जेठो पुत्रका रुपमा जन्मेका हुँदा पनि पालनपोषण र स्नेहमा कुनै कमी हुन नदिइएको र एकदमै लाड प्यार एवं स्वच्छन्द वातावरणमा उनी हुर्केका, कष्ट भन्ने अवस्था लगभग बेहोर्न नपरेको देखिन्छ ।[२]

## २.३ शिक्षादीक्षा

खेमराज ओझाको अक्षराम्भ सात वर्षको उमेरमा आफ्नै पिताज्यूका माध्यमबाट घरमै सुरु भएको हो । उनले घरमै बसी दुर्गा सप्तसती, रुद्री र कर्मकाण्ड आदि पढेका हुन् ।[३] डिलेश्वरी मा.वि., पुचौंडी हाँट, बैतडीबाट कक्षा सातसम्मको पढाइ गरेर उनले बम्हाचार्य महाविद्यालय, ज्ञान गुदडी, बृन्दावनमा संस्कृतको अध्ययन गर्न भर्ना लिएका र त्यहाँबाट सन् १९८० मा भागवताचार्यको अध्ययन पूरा गरेको पाइन्छ ।

१. शोधनायक स्वयम्बाट प्राप्त जानकारी ।

२. शोधनायक र उनका छिमेकीसँगको कुराकानीबाट ।

३. ऐजन ।

## २.४ पारिवारिक पृष्ठभूमी र आर्थिक अवस्था

खेमराज ओभ्राका बाजे महानन्द ओभ्रा ज्योतिषी एवम् कर्मकाण्डी ब्राह्मण थिए । पिता परमानन्द ओभ्रा पनि ज्योतिषशास्त्र एवम् कर्मकाण्डका विद्वान भएकाले पुराण वाचन गर्न, जन्म पत्रिका बनाउन र ज्योतिषशास्त्र विषयको जानकारी लिन उनलाई टाढाटाढाको गाउँका मानिसहरुले समेत बोलाउने गर्दथे ।[४] कवि ओभ्राका पिता परमानन्द ओभ्रा तथा माता महादेवी ओभ्राका ४ छोरा र ३ छोरी गरी जम्मा सातवटा सन्तान भए पनि वि.सं. २०४२ सालको वैशाख महिनामा पिताको निधन भएपछि जेठो सन्तान हुनुको कारण घरगृहस्थीको जिम्मेबारी खेमराज ओभ्राकै काँधमा आएको देखिन्छ ।[५]

खेमराज ओभ्राको विवाह वि.सं. २०२३ साल माघ महिनामा पुर्चौंडी कफल्ना, बैतडी बस्ने गौरीदत्त अवस्थी तथा धनादेवी अवस्थीकी ज्येष्ठ सुपुत्री विष्णुमतिका साथ भएको पाइन्छ । उनका दुई छोरा र चार छोरी गरी जम्मा ६ सन्तान रहेका छन् । हाल उनका दुई ज्येष्ठ छोरीहरुको विवाह भई गृहस्थ जीवन चलाई रहेका छन् । अन्य सन्तानहरु भने विद्यार्थी जीवन बिताइरहेका देखिन्छन् ।

मध्यमवर्गीय परिवारमा जन्मिएका ओभ्राको आर्थिक अवस्थामा समयको गतिसँगै विभिन्न उकाली-ओरालीहरु आउदै गरेको पाइन्छ । ठूलो परिवार हुनु ,खेती योग्य जमीन प्रशस्त नहुनु र पटक-पटक बसाइ सराइ गरिनुले कहिलेकाहीँ आर्थिक समस्या देखापर्ने गरेको तर आफू कर्मकाण्डी एवम् पुराण प्रवक्ता ब्राह्मण भएको र यजमानहरु समेत यथेष्ट भएकाले पनि जीविका चलाउन सुगम भएको कुरा शोधनायक स्वयम् बताउँछन् । हाल उनी सुडा गा.वि.स. वडा नं. ५, परमानन्द कुटी, सुन्दरपुर, कञ्चनपुरमा बसी जीवन गुजारी रहेका छन् ।

## २.५ वंश परम्परा

खेमराज ओभ्राको वंश परम्परा खोज्दै जाँदा दार्चुलाबाट खुल्लेक, डडेल्धुरा अनि न्वादेउ गा.वि.स. नाकाली बैतडी हुँदै कञ्चनपुरको सुन्दरपुरसम्म पुग्नुपर्ने हुन्छ । वैदिक विधि र जातकूल मर्यादालाई हेर्दा कवि ओभ्राका पुर्खाहरु अत्रिगोत्री, लक्ष्मीनारायण सम्प्रदायी, सामवेदी, निर्मासी (साकाहारी) र अलुणे (नुन नखाने) ब्राह्मणका रुपमा चिनिने गरेका पाइन्छन् ।[६] खुल्लेक डडेल्धुराबाट पुचौंडी नाकालीमा वि.सं. १८२० तिर बसाइसराई गरेका 'पुर्खे ओभ्रा' का पौना

४. शोधनायक स्वयम्बाट प्राप्त जानकारी ।

५. ऐजन ।

६. ऐजन ।

ओझा नामका सन्तान भएको बुझिन्छ । पौना ओझाका सन्तान नन्द ओझाका 'भगीरथ ओझा' भगीरथ ओझाका 'मनोरथ ओझा' गरी एक एक सन्तानको क्रम चल्दै आएको पाइन्छ ।[७] मनोरथ ओझाका जेठा पुत्र 'महानन्द ओझा' र कान्छा काशीराज ओझा गरी दुई सन्तान रहेको पाइन्छ । महानन्द ओझाका पुत्र परमानन्द ओझा र काशिराज ओझाका चाहीँ छोरीहरुमात्र भएको बुझिन्छ । परमानन्द ओझाका चार छोरा र तीन छोरी गरी जम्मा सातवटा सन्तान रहेको देखिन्छ । 'हंशदेव' लाई इष्ट कुलदेवताको रुपमा मान्दै आएका खेमराज ओझाको वंश परम्परालाई निम्नानुसार पनि देखाउन सकिन्छ ।[८]

परमानन्द ओझा (१९७७- २०४१)
महादेवी ओझा (१९९३- जीवितै)

| खेमराज- २०१२ विष्णुमती- २०१२ | वाशुदेव | जनकप्रसाद | नारद | देवकी | कलावती | लक्ष्मी |
|---|---|---|---|---|---|---|
| | २०१५ | २०१७ | २०१९ | २०२५ | २०२७ | २०३४ |

| पार्वती | यसोदा | मनिषा | शारदा | मनोज | शिरोमणी |
|---|---|---|---|---|---|
| २०३३ | २०३५ | २०४० | २०४२ | २०४५ | २०४८ |

## २.६ उपनयन संस्कार

हिन्दू धर्मको आर्यपरम्परा अनुसार मानिसका सोह्र संस्कारहरु मध्ये उपनयन संस्कार पनि एक प्रमुख हो । खेमराज ओझाको उपनयन संस्कार ११ वर्षको उमेरमा वैदिक विधि अनुसार वि.सं. २०३३ साल माघ महिनामा (माघेबरुवा ब्रतवन्ध) भएको पाइन्छ । आफ्नो ब्रतबन्ध भन्दा अघि उनले सामान्य लेखपढ गर्न सिकेका थिए ।[९]

## २.७ विवाह र सन्तान

प्रत्येक मानिसले बालक, युवा र बृद्ध हुँदै आफ्नो जीवनकालमा आफ्ना पूर्वजहरुको इतिहास दोहोऱ्याए झैं वैवाहिक सूत्रमा पनि बाँधिनुपर्ने हुन्छ । खेमराज ओझाको विवाह वि.सं. २०२३ साल माघ महिनामा ११ वर्षको उमेरमा पुर्चौडी-कफल्ना, बैतडी निवासी गौरीदत्त अवस्थी

७. सुदूरपश्चिम बैतडी इतिहास, पृ. १०० ।

८. शोधनायक स्वयम्सँगको कुराकानीबाट ।

९. शोधनायक स्वयम्सँगको कुराकानीबाट ।

र धनमती अवस्थीको ज्येष्ठ सुपुत्री विष्णुमतीका साथ भएको हो । हाल उनका दुई छोरा र चार छोरी गरी जम्मा छ जना छोराछोरी रहेका छन् । जसमध्ये जेठी र माइली छोरीको विवाह भइसकेको छ । साइँली छोरी मनिषा चाहीँ 'ॐ शान्ती' नामक धार्मिक संस्थासँग आवद्ध रहेकी छन् । अरु सन्तान चाहीँ विद्यार्थी जीवन नै बिताइरहेका देखिन्छन् । जेठी छोरी पार्वतीको घर भीमदत्तनगरपालिका गोबरिया र माइली छोरी यसोदाको घर रैकवार-५, कञ्चनपुरमा रहेको देखिन्छ ।[१०]

## २.८ स्वभाव रुची :

कुनै पनि मानिसमा आफ्नै प्रकारका गुण, स्वभाव, रुची र विचारहरु भएझैं खेमराज ओझा सानैमा निडर र स्वच्छन्द स्वभावका थिए । रेडियो सुन्ने र विभिन्न ठाउँहरुको भ्रमण गर्ने शौख उनमा किशोरावस्थादेखि नै रहिआएको पाइन्छ ।[११] उनी मृदुभाषी, विनोदप्रिय र उदार हृदम भएका व्यक्तिका रुपमा चिनिन्छन् । तिर्थयात्रा र स्वदेश भ्रमण उनको प्रमुख रुचीको विषय रहेको देखिन्छ । उनले भारतका विभिन्न तिर्थस्थलहरु र नेपालका सबै जिल्लाहरुको यात्रा-भ्रमण पनि गरिसकेका छन् ।[१२] नेपालका विभिन्न ठाउँहरुमा पुगी धार्मिक यज्ञ सञ्चालन गर्नु एवम् प्रवचन दिनु, कारागारहरुमा कैदीहरुलाई सदाचार र अध्यात्म सम्बन्धी प्रवचन दिनु जस्ता कार्यहरु उनले गर्दै आएका छन् । सरलता, गम्भीरता, सात्विक जीवन, राष्ट्रभ्रमण र साहित्यलेखन उनका रुचीका विषय रही आएका छन् ।

## २.९ आस्था र विचार

खेमराज ओझा वि.सं. २०४२ सालदेखि २०४६ सालसम्म गाउँपञ्चायत प्रधानपञ्च भएकाले उनले राजनीतिमा समेत प्रवेश लिएको पाइन्छ ।[१३] २०४६ सालपछि भने राजनीतिबाट अलग्गै रही सामाजिक एवम् धार्मिक कार्यहरुमा नै विशेष संलग्न देखिन्छन् । मानिसमा मानवता र आस्तिकता हुनुपर्दछ भन्ने विचार भएका ओझाका प्रवचन र रचनाहरुमा पनि देशभक्ति र परोपकारका स्वरहरु गुञ्जिएका हुन्छन् । उनका थुप्रै लेखरचना र प्रवचनहरु अहिंसा, परोपकार, मानवता, आस्तिकता र देशभक्तिमा आधारित रहेका छन् ।

---

१०. शोधनायक स्वयम्सँगको कुराकानीबाट ।

११. ऐजन ।

१२. ऐजन ।

१३. ऐजन ।

## २.१० साहित्यिक क्षेत्रको संलग्नता

### २.१०.१ लेखनको प्रेरणा र प्रभाव

मुख्यगरी छन्दयुक्त कविताको रचना गर्ने कवि ओझा एक अध्ययनशील व्यक्ति देखिन्छन् । भारतमा गई संस्कृत पढेका हुनाले केही हदसम्म संस्कृत र हिन्दी साहित्यबाट प्रभावित देखिन्छन् । तर भानुभक्तीय रामायण, कवि शिरोमखि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा आदि कविका कविता पढेर नै उनमा कविता लेख्ने प्रोत्साहन मिलेको कुरा बुझिन्छ । नेपाली साहित्यमा उनले वि.सं. २०३६ सालदेखि नै कलम चलाउन सुरु गरेका भए पनि सं. २०४५ सालदेखि मात्र उनका रचनाहरु प्रकाशित हुन थालेका हुन् । त्यसपछि उनी हजिोआजसम्म पनि अनवरत रुपमा नेपाली साहित्यमा साधनारत रहिआएका छन् । उनले नेपाली साहित्यको आजीवन सेवा गर्दैरहने अठोट लिएको पाइन्छ ।[१४]

### २.१०.२ लेखन प्रारम्भ

काव्य रचनामा निकै रुची राख्ने खेमराज ओझाले सं. १०३६ सालदेखि नै कविता लेखन सुरु गरेका भएपनि उनको पहिलो प्रकाशित रचना भने परमानन्द शोककाव्य खण्डकाव्य हो, जुन सं. २०४५ मा प्रकाशित भएको हो । त्यसपछि उनले हालसम्म एकदर्जन भन्दा बढी साहित्यिक रचनाहरुको सिर्जना गरिसकेका पाइन्छ ।

## २.११ कार्यक्षेत्र

### २.११.१ सामाजिक तथा धार्मिक कार्यमा संलग्नता

खेमराज ओझाले विभिन्न शैक्षिक, राजनैतिक, सामाजिक, धार्मिक एवं साहित्यिक क्षेत्रहरुसँग संलग्न रही कार्य गरेको पाइन्छ । सं. २०४८ सालदेखि नै स्वदेश भ्रमणमा लागेका ओझाले नेपालका ७५ वटै जिल्लामा पुगी प्रत्येक जिल्लामा निम्नानुसारका पाँचपाँचवटा कार्यहरुलाई निरन्तरता दिने लक्ष्य राखेको बुझिन्छ ।[१५]

१. विश्वशान्तिका लागि महायज्ञ (समसामाजिक जनाधारको सहयोगमा)

२. १०८ कन्यापूजा

१४. शोधनायक स्वयम्सँगको कुराकानीबाट ।

१५. ऐजन ।

३. वृक्षारोपण

४. कारागारका बन्दिहरुलाई नैतिक एवं आध्यात्मिक प्रवचन

५. काव्य एवम् महाकाव्यको रचना

कवि ओझाले हालसम्म गरेका सामाजिक तथा धार्मिक कार्यहरु मध्ये केही निम्नानुसार रहेका पाइन्छन् ।

- श्रीमद् भागवत सप्ताह महायज्ञ- परशुराम क्षेत्र, डडेल्धुरा (सं. २०३६, १२)
- श्रीमद् देवी भागवत नवाह महायज्ञ- महादेवस्थान, जसौं, बैतडी (सं. २०४१/६)
- श्रीमद् देवी भागवत नवाह महायज्ञ, वृक्षारोपण, न्वादेउ गा.वि.स. विणेश्वर, बैतडी (सं. २०४६।४)
- श्री शिवपुराण, लक्षहोम महायज्ञ- न्वादेउ गा.वि.स., चक्रकुण्ड, बैतडी (सं. २०४८।४)
- ९ कन्यापूजा श्रीमद् भागवत सप्ताह- मालाखेती गा.वि.स., अत्तरिया, कैलाली (सं. २०४९।५)
- श्रीमद् भागवत सप्ताह महायज्ञ- सुडा गा.वि.स., सिसैया, कञ्चनपुर (सं. २०४९।७)
- श्री शिवपुराण महायज्ञ- दैजी गा.वि.स., चथरी बैजनाथ मन्दिर, कञ्चनपुर (सं. २०४९।८)
- श्री शिवपुराण महायज्ञ- दैजी गा.वि.स., चथरी बैजनाथ मन्दिर, कञ्चनपुर (सं. २०४९।१०)
- श्री शिवपुराण महायज्ञ- दैजी गा.वि.स., घटाल मन्दिर, कञ्चनपुर (सं. २०४९।१०)
- ३०५ कन्यापूजा, तीनमूर्ति जय मासिक महायज्ञ- दैजी गा.वि.स., वेदकोट सरोवर, कञ्चनपु (सं. २०५०।१)
- श्री पुरुषोत्तम मासिक महायज्ञ, सुडा गा.वि.स., सुन्दरपुर, कञ्चनपुर (सं. २०५०।५)
- २०१ कन्यापूजा शिवशक्ति जप मासिक महायज्ञ- अमरगढी नगरपालिका पिपलखेत, डडेल्धुरा (सं. २०५०।११)
- श्री शिवपुराण लक्षहोम महायज्ञ- अमरगढी नगरपालिका, शल्लेखर मन्दिर, डडेल्धुरा (सं. २०५१।२)
- १७५ कन्यापूजा, श्री शिवपुराण, लक्षहोम महायज्ञ- विलाशपुर गा.वि.स., रतनपुर, कञ्चनपुर (सं. २०५१।५)

- १०८ कन्यापूजा, श्रीमद्भागवत् सप्ताह, लक्षहोम महायज्ञ- न्वादेउ गा.वि.स., नाकाली, विणेश्वर मन्दिर, बैतडी (सं. २०५१।६)
- १७५ कन्यापूजा, श्री शिवपुराण, लक्षहोम महायज्ञ- भीमदत्तनगर, झिलमिला, कञ्चनपुर ( सं. २०५१।८)
- १४४ कन्यापूजा् श्री शिवपुराण लक्षहोम महायज्ञ- भीमदत्त नगरपालिका, तिलकपुर कञ्चनपुर (सं. २०५१।१०)
- १७२ कन्यापूजा, पञ्चदेव मासिक महायज्ञ- श्रीपुर गा.वि.स., बेलौरी, कञ्चनपुर (सं. २०५१।१२)
- १६५ कन्यापूजा, श्री शिवपुराण लक्षहोम महायज्ञ- उर्मा गा.वि.स., बेहडा बाबा मन्दिर, कैलाली (सं. २०५२।२)
- १६५ कन्यापूजा, श्री चतुर्मुखी मासिक महायज्ञ, गणेशपुर गा.वि.स., बडाल, डडेल्धुरा (सं. २०५२।८)
- १५८ कन्यापूजा, श्री विष्णु पुराण, शतरुद्री, लक्षहोम महायज्ञ- बिलासपुर गा.वि.स. शिवनगर, कञ्चनपुर (सं. २०५२।१०)
- ९ कन्यापूजा, श्रीमद्देवी भागवत नवाह- रिम गा.वि.स., भूमिराज मन्दिर, बैतडी (सं. २०५२।१२)
- १०८ कन्यापूजा, लक्षहोम महायज्ञ- देवघाट, शिवमन्दिर, तनहुँ (सं. २०५३।१)
- ९ कन्यापूजा, लक्षहोम महायज्ञ, देउलापुर गा.वि.स. ५, भुरिगाउँ, बर्दिया (सं. २०५३।२)
- श्री शिवपुराण महायज्ञ- न्वादेउ गा.वि.स. नाकाली विणेश्वर मन्दिर, बैतडी (सं. २०५३।४)
- १७२ कन्यापूजा लक्षहोम वृक्षारोपण महायज्ञ- बानिया चौड गा.वि.स.-५, सिद्धपुर, सुर्खेत (सं. २०५३।५)
- १०८ कन्यापूजा, लक्षहोम वृक्षारोपण महायज्ञ- मालिका गा.वि.स. २, दैलेक (सं. २०५३।५)
- १०८ कन्यापूजा, लक्षहोम वृक्षारोपण महायज्ञ- रहफ गा.वि.स., विन्दाशैनी मन्दिर, अछाम (सं. २०५३।६)
- १७७ कन्यापूजा, लक्षहोम वृक्षारोपण महायज्ञ, कोहलपुर, श्रीराम जानकी वेद विद्याश्रम, बाँके (सं. २०५३।८)

- १०८ कन्यापूजा, लक्षहोम महायज्ञ, लालमाटिया गा.वि.स.-३, भालुवाङ, बजार दाङ (सं. २०५३।१०)
- १६५ कन्यापूजा, श्री शिवपुराण महायज्ञ- बेलडाडी गा.वि.स.- बैजनाथ मन्दिर, कञ्चनपुर, (सं. २०५३।१०)
- १०८ कन्यापूजा, लक्षहोम महायज्ञ- बुटवल नगरपालिका-८, रजत जयन्ती उद्यान, रुपन्देही (२०५३।११)
- १०८ कन्यापूजा, लक्षहोम महायज्ञ- पशुपतिनाथ मन्दिर, काठमाडौं (सं. २०५३।११)
- १०८ कन्यापूजा, लक्षहोम महायज्ञ- बेनिघाट गा.वि.स.-१, मलेखुबजार, धादिङ् (२०५३।१२)
- १२५ कन्यापूजा, लक्षहोम महायज्ञ, खिरातडी गा.वि.स. नं. ८, बुङल बिजगडा, बझाङ् (सं. २०५४।११)
- १७५ कन्यापूजा, लक्षहोम महायज्ञ- लटिनाथ गा.वि.स. ९, लटिनाथ मन्दिर, दार्चुला (सं. २०५४।१२)
- १०८ कन्यापूजा, नारद महापुराण वृक्षारोपण महायज्ञ- दैजी गा.वि.स., चथरी, कञ्चनपुर (सं. २०५५।१)
- ९ कन्यापूजा, लक्षहोम वृक्षारोपण महायज्ञ, खाल गा.वि.स., स्वर्गद्वारी अखण्ड महाध्वनी, प्युठान (सं. २०५५।५)
- २२५ कन्यापूजा, लक्षहोम वृक्षारोपण महायज्ञ, खुंग्री गा.वि.स. नं. २, चतुर्भुज शिवमन्दिर, रोल्पा (सं. २०५५।६)
- ९ कन्यापूजा, श्रीमद्देवी भागवत नवाह महायज्ञ- वडाचौक गा.वि.स. गर्मीदेवी थान, रोल्पा (सं. २०५५।६)
- १०८ कन्यापूजा, लक्षहोम, वृक्षारोपण महायज्ञ- महेन्द्रकोट गा.वि.स.-७, कपिलवस्तु (सं. २०५५।७)
- ३८७ कन्यापूजा, लक्षहोम महायज्ञ- सीतापुर गा.वि.स. ५, पशुपति मन्दिर, अर्घाखाँची (सं. २०५५।७)

### २.११.२ जागिरि जीवन

(क) वि.सं. २०३७ सालतिर छोटी हुलाक कार्यालय हुति, दार्चुलामा खरदार भई काम गरेका ।

(ख) वि.सं. २०३७ सालदेखि २०४० सालसम्म भुवनेश्वरी नि.मा.वि., बैतडीमा प्र.अ. भई काम गरेका ।

(ग) वि.सं. २०४० सालदेखि २०४१ सम्म भैरव मा.वि., बभ्फाङमा शिक्षक भई काम गरेका ।

### २.११.३ राजनैतिक जीवन

राजनीतिको क्षेत्रमा एक आगन्तुकका रुपमा देखापरेका खेमराज ओभ्फाले वि.सं. २०४२ सालदेखि २०४५ सालसम्म न्वादेउ गाउँपञ्चायत, बैतडीमा प्रधानपञ्च भई कार्य गरेका देखिन्छन् ।

### २.११.४ संस्थागत कार्य :

कुनै पनि संघ, संस्था, गुट वा पार्टी सित खासै रुपमा आवद्ध हुन नचाहने ओभ्फाले वि.सं. २०४५ सालदेखि २०४७ सालसम्म अद्वेत संस्था (हिन्दू सनातन धर्म) कञ्चनपुरमा सचिव भई काम गरेका भने पाइन्छ ।

## २.१२ प्राज्ञिक सङ्गत

कवि खेमराज ओभ्फाको थुप्रै साहित्यकार एवम् प्राज्ञिक व्यक्तिहरुसँग निकै घनिष्ट सम्बन्ध रहेको पाइन्छ । पं. केशवशरण- काठमाडौं, डा. देवीप्रसाद ओभ्फा- कञ्चनपुर, डा. रामानन्द गिरी- देवघाट, तनहुँ, पं. शेषनारायण आचार्य गुल्मी, एवम् राष्ट्रकवि माधवप्रसाद घिमिरे जस्ता प्राज्ञिक व्यक्तित्वहरुसँग पनि ओभ्फाको सम्बन्ध रहेको बुभ्फिन्छ । त्यस्तै कैलाली र कञ्चनपुरका प्राय : धेरैजसो साहित्यकारहरुसँग पनि उनको परिचय र मित्रता रही आएको देखिन्छ ।

## २.१३ ओभ्फाका कृतिहरुको विवरण

### २.१३.१ प्रकाशित पुस्तकाकार कृतिहरू

(क) कर्मको नन्ना (उपन्यास)- २०४५

(ख) थाकेको परानी (खण्डकाव्य)- २०४५

(ग) परमानन्द शोककाव्य (खण्डकाव्य)- २०४५

(घ) सुदूरपश्चिमाञ्चल लक्षहोम प्रकृति र संस्कृति (लेखरचना)- २०४९

(ङ) द्वापरका नेता भगवान श्रीकृष्ण -लेखरचना)- २०५०

(च) शिव संकीर्तन भजनमाला (भजन/संग्रह)

(छ) भगवत संकीर्तन महात्म्य

(ज) पञ्चाक्षरी भजनमाला

(झ) पशुपुकार (खण्डकाव्य)- २०५३

(ञ) यात्री विचार (कविता संग्रह)- २०५६

(ट) लतालकिर (खण्डकाव्य)- २०५६

(ठ) फूल बदलियोस एक्काइसौं शताब्दी (खण्डकाव्य)- २०५८ जेठ

(ड) सुदूरपश्चिम बैतडी इतिहास- २०५८

(ढ) श्रीराम महिमा स्तोत्र- २०६४

(ण) नेपाल आमा महाकाव्य- २०६२ असोज

(त) हिमशिखर महाकाव्य- २०६३ फागुन

(थ) शिखरिणी गीता महाकाव्य- २०६३

### २.१३.२ प्रकाशोन्मुख कृतिहरू

(क) सुणुपन (खण्डकाव्य, डोटेली भाषामा)

(ख) सर्वहारा महाकाव्य

(ग) विपिन महाकाव्य

(घ) ऐतिहासिक सुदूर पश्चिमेली समाज

### २.१३.३ प्रकाशित फुटकर रचनाहरू

- गुट उपगुटले हिन्दूधर्म नासिदै छ । (लेख, फार-वेष्ट टाइम्स नेपाली दैनिक- २०५५ चैत्र २३)
- टकावती (कविता, नवज्योति- २०६१, वर्ष २, अङ्क ८)
- वषन्तराज (कविता, नवज्योति- २०६१।०६२, वर्ष २, अङ्क ४)
- नसावती (कविता, नवज्योति- २०६१।०६२, वर्ष २, अङ्क ४)
- चैतवैशाख (कविता, नवज्योति- २०६२, वर्ष २, अङ्क ५)
- के त्यो सेवा -कविता, नवज्योति- २०६२, वर्ष १, अङ्क १)
- गौरा -कविता, स्मारिका गौरा महेश्वर- २०६२, वर्ष १, अङ्क १)
- विषको फूल (कविता, नेपाल सन्देश, वर्ष १, अङ्क २)
- हिमालको यशकला (कविता, नवज्योति- २०६३, वर्ष- ३, अङ्क १)

- हिमाल (कविता, नवज्योति- २०६३, वर्ष ३, अङ्क ६)
- ह प ह र सु .... सु.... गीतको विशेषता (लेख, गौरा महेश्वर वार्षिक पत्रिका- २०६३, वर्ष-२, अङ्क- २)
- नीति श्लोक (कविता, चौलानी सुसेली- २०६४, वर्ष २, अङ्क १)
- राष्ट्र गान (गान, गुगुल्डि- २०६५, वर्ष ११, अङ्क ११)

## २.१४ पुरस्कार एवम् सम्मान

कवि खेमराज ओझाले नेपालका विभिन्न ठाउँमा पुगी धार्मिक यज्ञ गराउने, आध्यात्मिक प्रवचन दिने, वृक्षारोपण, कन्यापूजा, जेलका कैदीहरुलाई नैतिक प्रवचन दिने र काव्य रचना गरी प्रकाशन गर्ने जस्ता कार्यहरु गर्दै आएका देखिन्छन् । उक्त कार्यको कदर स्वरुप उनलाई विभिन्न निकायबाट पुरस्कार, अभिनन्दन र प्रशंसापत्र समेत दिइएको पाइन्छ जसमध्ये केही यसप्रकार छन् :

- सामाजिक तथा सांस्कृतिक विकासमञ्च, सुडा-५, सुन्दरपुर, कञ्चनपुरद्वारा ससम्मान अभिनन्दन पत्र एवं पुरस्कार (सं. २०६४।९।२८)
- लाटा गणेश देवताको मन्दिर, बडाल- ३, डडेल्धुरामा गा.वि.स. अध्यक्षद्वारा अभिनन्दन एवम् प्रशंसापत्र (सं. २०५८ भाद्र २७)
- जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका का.मु. प्रमुख जिल्ला अधिकारीद्वारा अभिनन्दन एवम् प्रशंसापत्र (सं. २०५४ आषाढ २३)
- श्री लक्षहोम, १०८ कन्या पूजा महायज्ञ, दोलालघाट, त्रिवेणी काभ्रेमा गा.वि.स. अध्यक्षद्वारा अभिनन्दनपत्र (सं. २०६४ वैशाख २३)
- रुरु गा.वि.स. को कार्यालय रिडी, गुल्मीद्वारा प्रशंसापत्र (सं. २०५६ जेठ २२)
- केदार गा.वि.स.को कार्यालय पिपलकोट, बैतडीबाट प्रशंसापत्र (२०५६ कार्तिक १४)
- जि.प्र.का( कारागार शाखा, बैतडीबाट प्रशंसापत्र (सं. २०५६ असोज १९)
- इलाका प्रहरी कार्यालय, चौमाला कैलालीद्वारा प्रशंसापत्र (सं. २०५६ भाद्र १९)
- मदानपुर गा.वि.स. नुवाकोटद्वारा अभिनन्दनपत्र (सं. २०६४ जेठ १९)

- जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीद्वारा प्रशंसापत्र (सं. २०५४ आषाढ २३)
- पाल्पा उद्योग वाणिज्य संघ, पाल्पाद्वारा अभिनन्दनपपत्र (सं. २०५६ वैशाख ३१)
- श्रीपुर सहकारी संस्था लिमिटेड बेलौरी, कञ्चनपुरद्वारा प्रशंसापत्र (सं. २०५२ वैशाख २७)
- मोहन कन्या मा.वि., तानसेन पाल्पाद्वारा प्रशंसापत्र (सं. २०५६।१।३०)
- जि.प्र.का. कारागार शाखा पाल्पा, तानसेनद्वारा प्रशंसापत्र १८ (सं. २०५६।१।३१)
- जि.प्र.का. कारागार शाखा स्याङ्जाद्वारा प्रशंसापत्र (सं. २०५६।२।१६)
- श्री काजिमान हरिटीका मा.वि. पुतलीबजार स्याङ्जाद्वारा प्रशंसापत्र (सं. २०५६।०३।१७)
- गा.वि.स.को कार्यालय छायाक्षेत्र, सल्यानद्वारा प्रशंसापत्र (सं. २०५६।०४।१७)
- जि.प्र.का. कारागार शाखा सल्यानद्वारा प्रशंसापत्र (सं. २०५६।४।१८)
- सनातन धर्म सेवा समिति जिल्ला शाखा छायाक्षेत्र, सल्यानद्वारा प्रशंसापत्र (सं. २०५६।४।१७)
- जि.प्र.का. कारागार शाखा घोराही दाङ्द्वारा प्रशंसापत्र (२०५६।४।२३)
- श्री बैजनाथ संरक्षण-सम्वर्द्धन समिति, दैजी, कञ्चनपुरद्वारा प्रशंसापत्र (सं. २०५६।०२।२५)
- जि.प्र.का. कारागार शाखा, बर्दिया, गुलरियाद्वारा प्रशंसापत्र (सं. २०५६।४।२७)
- गा.वि.स.को कार्यालय नेउलापुर, बर्दियाद्वारा प्रशंसापत्र (सं. २०५६।०४।२८)
- बृद्ध कवि गोष्ठी, १८७ औं भानुजयन्ती, गोरखाद्वारा प्रमाणपत्र (सं.- २०५७)
- शिवशक्ति विराट महायज्ञ मूल आयोजक समिति, काभ्रे पलाञ्चोकद्वारा अभिनन्दनपत्र (सं. २०६४।१।१४)

उपर्युक्त सम्मान एवम् पुरस्कारका साथै अरु पनि विभिन्न निकायहरुबाट गरी झण्डै एकसय भन्दा पनि बढी अभिनन्दन एवम् प्रशंसापत्रहरु कवि ओझालाई प्रदान गरिएको व्यहोरा उहाँसित रहेका प्रमाणपत्रले देखाउँछन् ।

## २.१४ निष्कर्ष

ओझाको जीवनी अध्ययन गर्दा संघर्षशील व्यक्तिका रुपमा देखिन्छन् । परिश्रम र साधनाबाट स्थापित ओझाको चौवन्न वर्षे जीवनकाल साहित्यसाधना, सामाजिकसेवा र

आध्यात्मिक जागरणमा बितेको पाइन्छ । सामाजिक सहभागिताद्वारा यज्ञ सञ्चालन, वृक्षारोपण र कन्यापूजन गराउँदै आएका ओभ्राले कारागारहरुमा प्रवचन दिने र काव्य रचना गर्ने जस्ता पाँचवटा कार्यहरुलाई निरन्तरता दिंदै राष्ट्र भ्रमणमा लागेका पाइन्छन् । नेपालका पचहत्तरै जिल्लाहरुमा पुगी भ्रण्डै चारसय भन्दा पनि बढी महायज्ञहरु सम्पन्न गराइसकेका ओभ्राले अनेक ठाउँमा मन्दिर निर्माण, मूर्ति स्थापना र बाटो निर्माण जस्ता कार्यहरु पनि गराएका देखिन्छन् । ओभ्राको व्यक्तित्वलाई हेर्दा बहुमुखी प्रतिभाका धनी हुन् भन्ने कुरा स्पष्ट हुन्छ । साहित्यिक, आध्यात्मिक र सामाजिक क्षेत्रमा पुऱ्याएको ओभ्राको योगदानको कदर सुदूर पश्चिममा मात्रै नभई राष्ट्रभरिनै गरिन थालिएको छ ।

*परिच्छेद तीन*

# खेमराज ओझाको व्यक्तित्व

कुनै पनि मानिसको व्यक्तित्व निर्माणमा उसको घरपरिवार, समाज, साथीभाइको सङ्गतका साथै उसको स्वभाव र रुचीले समेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस बाहेक व्यक्तिले आफ्ना कार्य र गुणका आधारमा पनि वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्ने गर्दछ । सामाजिक कार्यका उच्चताले सार्वजनिक व्यक्तित्व प्रस्तुत गर्दछ । मानिसको व्यक्तित्व निर्माणमा विभिन्न कुराले प्रभाव पारेको हुन्छ । शारीरिक रुपमा स्वस्थ एवम् सामाजिक व्यक्तित्वका धनी ओझाका वाघ र आन्तरिक दुबै व्यक्तित्व निकै ओजपूर्ण देखिन्छन् । यस सन्दर्भमा उनको व्यक्तित्वका विभिन्न पाटाहरु माथि प्रकाश पार्नु आवश्यक देखिन्छ ।

## ३.१ बाह्य अर्थात शारीरिक व्यक्तित्व

ओझाको बाह्य व्यक्तित्व एकदमै आकर्षण देखिन्छ । उज्यालो अनुहार, हृष्टपुष्ट शरीर, चौडा निधार र आकर्षक जिउडाल आदिले गर्दा उनको शारीरिक व्यक्तित्व निकै प्रभावशाली देखिन्छ । ५ फुट १० इन्च उचाइ र ७२ के.जी. तौल भएका, प्राय : कुर्ता सुरुवाल र ढाकाटोपीको पहिरनमा रहने ओझाको शारीरिक संरचना एकदमै आकर्षक देखिन्छ ।

## ३.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिका अन्तर्निहित प्रवृत्तिहरु नै उसका आन्तरिक व्यक्तित्वका परिचायक हुन् । झट्टै नरिसाउने, हँसिलो स्वभावका ओझाले असहाय मानिस एवं जीवजन्तुहरुमाथि निकै सहानुभूति राख्ने गरेको पाइन्छ । विभिन्न ठाउँहरुमा पुगी त्यहाँका मानिसहरुलाई आफ्नो बोली वचन र व्यक्तित्वबाट प्रभावित गराई केही सामाजिक एवं धार्मिक कार्य गर्न प्रेरणा दिई तदनुसारका कामहरु सम्पन्न गराउन सक्षम ओझा मिलनसार र हरेक वर्गका मानिससँग सद्भाव राख्ने स्वभावका देखिन्छन् । अहिंसा, राष्ट्रप्रेम र धार्मिक तथा नैतिकता सम्बन्धी विचार व्यक्त गर्ने भएकाले पनि उनी जनसमाजमा प्रिय बन्दै गएका देखिन्छन् ।

## ३.३ साहित्यिक व्यक्तित्व

अहिंसा एवम् मानवताका पक्षधर साहित्यकार ओझाले आफ्ना रचनाहरुका माध्यमबाट अन्याय र अत्याचारको विरोध गर्दै अहिंसा, राष्ट्रप्रेम र विश्वबन्धुत्वका स्वरहरु उठाएको पाइन्छ । वि.सं. २०३३ सालदेखि नै नेपाली साहित्यको सिर्जनामा तल्लीन रहेका ओझाले मुख्यगरी

कविताकै विभिन्न रुपहरुमा र अंशत : अन्य साहित्यिक रचनाहरुमा पनि कलम चलाएको देखिन्छ । उनको साहित्यिक व्यक्तित्वलाई निम्न लिखित विभिन्न कोणबाट अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ कवि व्यक्तित्व

कवि ओझाले कविताका विभिन्न रुपहरुमा कलम चलाएका छन् । प्रगतिवादी विचारलाई आधार बनाएर नेपाली समाजमा रही आएका कमिकमजोरीहरु र विभिन्न विसङ्गतिहरुलाई समेत उदाङ्गो पारेका छन् । कतिपय कवितामा जीवन र जगतको यथार्थ चित्रण उतारिएको पाइन्छ । उनका बहुल पद्य र केही गद्य शैलीमा लेखिएका कविताहरुमा स्वदेश र मातृभाषा प्रतिको सद्भाव, प्रकृति चित्रण र धार्मिक भावना उठेका देखिन्छन् । उनका कविताहरुले मानवीय संवेदना, प्रेम र प्रकृतिको गहिराइलाई पनि छोएको पाइन्छ । मुक्तकदेखि लामा कविताहरुको रचना गरेका ओझाका विभिन्न ४९ शीर्षकका कविताहरु 'यात्री विचार' कविता सङ्ग्रह-२०५६ मा प्रकाशित छन् । यस बाहेक अरु पनि विभिन्न पुस्तक एवम् पत्रपत्रिकाहरुमा कवि ओझाका कविताहरु समाविष्ट भएका पाइन्छन् । जसमध्ये 'भाषाडोटेली', 'पशुपुकार', 'विणेश्वर', 'नदि महाकाली' र 'नीति कविता' आदि उनका प्रमुख कविता हुन् ।

### ३.३.२ खण्डकाव्यकार व्यक्तित्व

फुटकर कविता भन्दा विशाल र महाकाव्यभन्दा लघुआयाम भएको कविताको विधागत स्वरुपलाई खण्डकाव्य भनिन्छ । साहित्यका विविध विधामा कलम चलाउँदै गाएका कवि ओझाले वि.सं. २०४५ सालमा 'परमानन्द शोककाव्य' शीर्षकको खण्डकाव्य प्रकाशन गरेर खण्डकाव्यको यात्रा अघि बढाएका हुन् । त्यसैवर्ष उनको 'थाकेको परानी' शीर्षकको अर्को खण्डकाव्य पनि प्रकाशित हुन पुग्यो । यसबाहेक २०५३ सालमा 'पशुपुकार' नामक खण्डकाव्य प्रकाशन भएको पाइन्छ । जसमा पशुहरुको वध गर्ने परम्परा विरोध गरिएको छ । हाम्रो समाजमा धर्मको नाममा बोका र राँगा जस्ता निरपराध प्राणीहरुको बली गर्ने परम्परा आफैँमा अधार्मिक भएकाले यस्तो कार्य तुरुन्त रोक्नुपर्ने भाव यस काव्यमा रहेको छ । उनको अर्को खण्डकाव्य 'लतालकिर' पनि हो । यस बाहेक 'फूल बदलियोस एक्काइसौं शताब्दी- २०५८' शीर्षक खण्डकाव्यको समेत उनले रचना गरेका छन् । यसप्रकार उनका हालसम्म पाँचवटा खण्डकाव्यकृति प्रकाशित छन् जसमा धार्मिक मानवता र राष्ट्रप्रेमका स्वरहरु गुञ्जिएका छन् ।

### ३.३.३ उपन्यासकार व्यक्तित्व

साहित्यकार ओझाले वि.सं. २०४५ सालमा 'कर्मको तन्ना' शीर्षकको सामाजिक उपन्यास प्रकाशन गरेर आफूलाई उपन्यासकारको रुपमा सावित गरेका छन् । प्रकाशनका आधारमा पनि उनको पहिलो प्रकाशित कृति यही उपन्यास रहेको देखिन्छ । "यो संसार कर्म भूमि हो र कर्म अनुसार मानिसले विभिन्न स्थिति र अवस्थामा पुग्नुपर्ने हुन्छ" भन्ने भाव यस उपन्यासमा पाइन्छ ।

### ३.३.४ महाकाव्यकार व्यक्तित्व

कवि ओझाको काव्यकला कविता भन्दा खण्डकाव्य र खण्डकाव्य भन्दा महाकाव्यमा झन् उच्चतर बन्न पुगेको देखिन्छ । समुचित शब्द संयोजन, लयात्मक माधूर्य र सहज भाषाशैलीको प्रयोगले नै उनका महाकाव्य कलात्मक बन्न पुगेका हुन् । लामो काव्ययात्राको दौरान वि.सं. २०६२ सालमा 'नेपाल आमा महाकाव्य' को प्रकाशन गरेर उनले आफूलाई महाकाव्यकारको रुपमा स्थापित गरेका हुन् । सैंतीस सर्गमा विभाजित यस काव्यकृतिमा नेपाललाई जन्मदातृ आमाको रुपमा प्रस्तुत गरिएको छ । उनको अर्को महाकाव्य 'हिमशिखर-२०६३' पनि हो । जसमा हिमालय पुत्री पार्वती र शिवको मिलन एवम् आपसी प्रेमप्रसङ्गका बारेमा वर्णन गरिएको छ । कवि ओझाका महाकाव्यहरु राष्ट्रप्रेम, धार्मिकता एवम् मानवीय मूल्य र मान्यताका भावनाले ओतप्रोत भएका पाइन्छन् । शास्त्रीय छन्दमा रचित यी काव्यकृतिहरुमा उपमा, उत्प्रेक्षा, रुपक, यमक र दीपक जस्ता अर्थालङ्कार एवम् मध्य, अन्त्य र वृत्य अनुप्रास शब्दालङ्कारका रुपमा प्रयोग भएका देखिन्छन् । यिनका केही अन्य महाकाव्यहरु प्रकाशोन्मुख अवस्थामा पनि रहेको बुझिन्छन् ।[१६]

## ३.४ साहित्येतर व्यक्तित्व

जीवनयात्राको क्रममा मानिस विभिन्न पक्षहरुसित सम्बन्धित हुनपुग्दछ । सधैं एउटै मात्र सोच र एउटै काममा लागेर पनि जीवनयात्रा पूर्ण हुन पाउँदैन । बहुआयामिक हुनु आजका मानिसको लागि आवश्यक पनि देखिन्छ । साहित्यकार ओझाको जीवनयात्रा पनि विभिन्न आयामहरु सित सम्बन्धित हुँदै अगाडि बढेको पाइन्छ । साहित्यिक रचनाहरुमा मात्रै सीमित नरही उनले ऐतिहासिक, धार्मिक, सांस्कृतिक र सामाजिक विषयका लेखरचना र पुस्तकहरुको

---

१६. शोधनायक स्वयम्सँगको कुराकानीबाट ।

सिर्जना र प्रकाशन गरेका छन् । ओझाद्वारा रचित साहित्येतर कृतिहरु सुदूरपश्चिमाञ्चल लक्षहोम प्रकृति र संस्कृति (लेखरचना), द्वापरका नेता भगवान श्रीकृष्ण (लेखरचना), शिवसंकीर्तन भजनमाला, भगवत संकीर्तन महात्म्य, सुदूरपश्चिम बैतडी इतिहास र श्रीराम महिमा स्तोत्र आदि हुन् । ओझामा धार्मिक, सामाजिक, राजनैतिक र व्यवस्थापक व्यक्तित्व रहेको पाइन्छ जसले गर्दा उनको साहित्येतर व्यक्तित्व स्पष्ट झल्किन्छ ।

### ३.४.१ समाजसेवी व्यक्तित्व

साहित्यकार ओझाको विभिन्न सामाजिक कार्यहरुमा सक्रिय सहभागिता रहेको देखिन्छ । बाटाघाटा र मठमन्दिरहरुको निर्माण एवं मर्मतसम्भार, सार्वजनिक स्थलहरुमा वृक्षारोपण जस्ता कार्यहरुमा उनको महत्वपूर्ण योगदान रहिआएको पाइन्छ । सं. २०४५ देखि २०४७ सालसम्म अद्वेत संस्था (हिन्दू सनातन धर्म) कञ्चनपुरका सचिव भएर समेत कार्य गरेका ओझाको संयोजकत्वमा न्वादेउ गा.वि.स., नाकाली बैतडीमा 'विणेश्वर' मन्दिरको निर्माण र सुडा गा.वि.स., सुन्दरपुर, कञ्चनपुरमा लक्ष्मीनारायण मन्दिरको निर्माण भएको छ । यसका साथै देशका विभिन्न ठाउँहरुमा गरिएका मूर्तिस्थापना, मन्दिरहरुको निर्माण र जिर्णोद्धार, धार्मिक स्थलहरुको सरसफाई अभियान, सार्वजनिक बाटाघाटा र प्रतिक्षालयको निर्माण एवम् चौताराहरुको निर्माण जस्ता सामाजिक कार्यहरुमा ओझाको महत्वपूर्ण योगदान रहँदै आएको देखिन्छ ।

### ३.४.२ धार्मिक व्यक्तित्व

कवि ओझाले धार्मिक कार्यहरु गर्दै र गराउँदै जीवनको लामो समय बिताइरहेका देखिन्छन् । उनका साहित्यिक सिर्जना र प्रवचनहरुमा पनि धार्मिकताका स्वरहरु सुनिन्छन् । विभिन्न धार्मिक पुस्तकहरुको रचना गरेका ओझाले नेपालका पचहत्तरै जिल्लाका विभिन्न ठाउँहरुमा पुगी चारसय भन्दा बढी महायज्ञहरु सम्पन्न गराउनु, दशहजारभन्दा बढी कन्या पूजा र विभिन्न जेलहरुमा पुगी कैदीहरुलाई धार्मिक एवम् सदाचारका प्रवचन दिनु जस्ता कार्य आफैंमा धार्मिक मात्र नभई ऐतिहासिक समेत बन्न पुगेका छन् ।

### ३.४.३ राजनैतिक व्यक्तित्व

साहित्यकार ओझाले राजनीतिको क्षेत्रमा आगन्तुकको रुपमा प्रवेश लिएको देखिन्छ । जागिरे जीवन बिताइरहेका ओझाले वि.सं. २०४२ सालदेखि २०४५ सालसम्म राजनीतिमा प्रवेश लिएका हुँदा यस कालखण्डले उनको जीवनमा नयाँ मोड ल्याएको देखिन्छ । उक्त समय अवधि

भित्र उनी न्वादेउ गाउँ पञ्चायत, बैतडीका प्रधान पञ्च रही क्रियाशील रहेका देखिन्छन् । उनको कार्यकालमा त्यस क्षेत्रमा बाटोघाटोको निर्माण लगायत अनेक निर्माण सुधारका कार्यहरु भएका देखिन्छन् । वि.सं. २०४५ सालपछि भने ओझाले राजनीतिबाट पूर्णरुपमा सन्यास लिएको पाइन्छ ।

## ३.५ जीवन दर्शन सम्बन्धी मान्यता

हरेक मानिसको जीवन र जगतसम्बन्धी आआफ्नै दष्टिकोणहरु रहने गर्दछन् । समयको सदुपयोग गरी जीवनलाई सार्थक तुल्याउनुपर्दछ भन्ने विचार शिक्षित मानिसको रहन्छ । साहित्य साधनामा निकै लामो समयदेखि लागिपरेका ओझाका रचनाहरुमा संयम, सदाचार, स्वदेश प्रेम र आस्तिकताका स्वरहरु उठेका पाइन्छन् । साहित्यका माध्यमबाट समाजलाई रुपान्तरित गर्न सकिन्छ भन्ने मान्यता ओझामा रहेको पाइन्छ । मानव जीवन ईश्वरको अनुपम उपहार हो र यसको सदुपयोग गर्नैपर्छ भन्ने विचार राख्ने ओझा मानवताका पुजारीको रुपमा देखापर्दछन् । उनी कर्मयोगमा विश्वास गर्ने व्यक्तिका रुपमा चिनिन्छन् । समय र जीवनको सदुपयोग गरी समाजका लागि केही योगदान दिएर जाने मानिस नै धन्य हुन्छ भन्ने विचारमा ओझा सहमत देखिन्छन् । उनको जीवनचर्याबाट पनि यही सन्देश पाइन्छ ।

## ३.६ निष्कर्ष

खेमराज ओझाले आफ्नो जीवनयापनको दौरान विभिन्न पेशा, ओहोदा र क्षेत्रबाट देश र समाजको सेवा गरेका देखिन्छन् । कुनै पनि मानिसको व्यक्तित्व निर्धारण हुनुमा उसको जीउडालको अवस्था उसको बोलीवचन, विचार, चालचलन, रुची, स्वभाव, बानीव्यहोरा, कार्य र जीवनपद्धतिले महत्व राखेको हुन्छ । समुचित जिउडाल र स्वस्थ एवम् प्रसन्न चित् भएका ओझाको बाहिरी व्यक्तित्व आकर्षक देखिन्छ । विभिन्न सामाजिक कार्यहरुमा अग्रणी भूमिका राख्ने ओझा सहयोगी, उदार र रसिक देखिन्छन् । साहित्यिक सिर्जनाहरु मार्फत समेत सेवा, परोपकार र सदाचारका भाव व्यक्त गर्ने ओझाको समग्र व्यक्तित्व असल र आकर्षक देखिन्छ ।

परिच्छेद चार

# खेमराज ओझाको साहित्यिक प्रवृत्ति र कवित्वको अध्ययन

## ४.१ खेमराज ओझाका साहित्यिक प्रवृत्तिहरु

साहित्यका विविध विधाहरुमा कलम चलाउँदै आएका ओझाले विशेषगरी काव्यको क्षेत्रमा उल्लेखनीय कार्य गरेको पाइन्छ । कविता लेखनबाट नै साहित्यिक यात्रामा अघि बढेका ओझाका अधिकांश साहित्यिक कृतिहरु काव्यरचना नै रहेका पाइन्छन् । अनेक फुटकर कविता, खण्डकाव्य र महाकाव्यहरुको रचना गरिसकेका ओझा विशेषगरी काव्य रचनामा नै बढी संलग्न भइरहने हुँदा पनि उनलाई बढी मनपर्ने विधा काव्य नै हो भन्ने थाहा हुन्छ । त्यसैले उनका साहित्यिक लेखनमा रहेका विशेषता वा प्रवृत्तिलाई नियाल्नका लागि उनका काव्यलाई नै बढी ध्यान दिनुपर्ने देखिन्छ । यस सन्दर्भमा ओझाका सम्पूर्ण साहित्यिक रचनाहरुको अध्ययन गरी उनका साहित्यिक प्रवृत्तिहरुलाई केलाउने प्रयास यहाँ गरिएको छ । ओझाका साहित्यिक प्रवृत्तिहरु निम्नानुसार रहेका छन् ।

### ४.१.१ स्वच्छन्दतावादी प्रवृत्ति

साहित्यकार खेमराज ओझाका कविताहरुमा उनका निजी विचार र चिन्तनको बाहुल्यता पाइन्छ । जीवन र जगतका विभिन्न पक्षहरुको चित्रण स्वच्छन्द रुपमा उनका कवितामा उतारिएको पाइन्छ । कतिपय ठाउँहरुमा चाहीँ कविताको छन्द र लय भन्दा पनि भाव पक्षलाई बढी जोड दिइएको पाइन्छ । मानव जीवनका सुखदुःख, कर्तव्य, प्रेम र पीडाजन्य भाव एवम् प्रकृतिका विभिन्न शीर्षकहरु माथि लेखिएका उनका कविताहरु स्वच्छन्दतावादी रचना बन्न पुगेका छन् । वसन्त, मान्छे, नविन, कलम र विणेश्वर जस्ता उनका पद्यात्मक कविताहरुमा स्वच्छन्द भाव प्रस्तुत भएको पाइन्छ । उनले आफ्नो अन्तर्हृदयमा उब्जिएका मनोभावहरुलाई स्वच्छन्दतापूर्वक कविताका रुपमा उतारेका हुँदा स्वच्छन्दता पनि उनको साहित्यिक प्रवृत्ति हो भन्न सकिन्छ ।

### ४.१.२ राष्ट्रवादी प्रवृत्ति

कवि ओझाका कविताहरुमा स्वदेश प्रतिको माया र श्रद्धाभाव अति उच्च रुपमा प्रकट भएको पाइन्छ । स्वदेशलाई कहीँ जन्मदात्री आमाको रुपमा लिइएको छ भने कहीँ पालनकारी र ममतामयी भन्दै आफ्नो देशप्रति असीम भक्तिभाव र अगाधमाया व्यक्त गरिएको पाइन्छ । उनको 'नेपाल आमा' महाकाव्यको प्रत्येक सर्गमा नेपाल आमाप्रति माया, ममता, श्रद्धा, हार्दिकता र कृतज्ञता प्रकट गर्दै राष्ट्रको गुणगान गाइएको पाइन्छ । 'धरती', 'सगरमाथा' र 'माटो'

शीर्षकका राष्ट्रिय भावनाले सिक्त कविता एवम् राष्ट्रगानको समेत रचना गरेका आधारमा पनि ओझालाई राष्ट्रवादी कविका रुपमा स्वीकार्न सकिन्छ ।

### ४.१.३ धार्मिक एवम् नैतिक प्रवृत्ति

श्रीमद्, भागवत्, देवी भागवत्, शिवपुराण एवम् विभिन्न यज्ञ र कन्यापूजन जस्ता धार्मिक कार्यहरुमा संलग्न भइरहने ओझाका साहित्यिक रचनाहरु पनि धार्मिक भावनाले ओतप्रोत भएका पाइन्छन् । उनले शिखरिणी गीता महाकाव्य, शिव संकीर्तन भजनमाला, श्रीराम महिमा स्तोत्र, जस्ता धार्मिक पुस्तकहरुको रचना र प्रकाशन गरेका छन् ।

उनका कविताहरुमा पनि अहिंसा, परोपकार र नैतिकता माथि जोड दिइएको देखिन्छ । मन्दिर, पशुपुकार, पशुपति, हितकुरा, अन्तरात्मा, धर्म, नीतिकविता र सेवा शीर्षकका कविताहरुमा उल्लेख गरिएको सदाचार, धार्मिकता, नैतिकता, आस्तिकता र सेवाभावका प्रसङ्गबाट कवि ओझालाई धार्मिक एवम् नैतिक प्रवृत्तिका कविका रुपमा स्थापित गर्न सकिन्छ ।

### ४.१.४ संस्कृति प्रेमी र मातृभाषा प्रेमी कवि

कवि खेमराज ओझाले आफ्ना कविताहरुमा आफ्नो जन्मभूमि मातृभाषा र संस्कृतिलाई महत्वपूर्ण स्थान दिएको पाइन्छ । हिन्दू सनातन धर्म र आफ्नो संस्कृति उपर विशेष श्रद्धा गर्ने कवि ओझाका 'भाषा डोटेली', गौरा र विणेश्वर जस्ता कविताहरुमा आफ्नो जन्मभूमि, कुलदेवता, मातृभाषा र संस्कृति प्रतिको प्रेम र सद्भाव सल्बलाइएको पाइन्छ । आफूले मनाउँदै आएका चाडपर्व, ऋतिरिवाज, आफ्नो भाषा र लोक संस्कृतिलाई उनले आफ्ना कविताहरुमा उच्च स्थान दिई वर्णन गरेको पाइन्छ । वस्तुतः उनलाई संस्कृति प्रेमी र मातृभाषा प्रेमी कविका रुपमा स्वीकार्न सकिन्छ ।

### ४.१.५ प्रगतिवादी चिन्तन

समाजमा रहेका अशिक्षा गरिबी, विकृति र विसङ्गतिहरुलाई हटाउँदै व्यक्ति, समाज र राष्ट्रले ऊर्ध्वगति लिनुपर्दछ भन्ने चिन्तन प्रगतिवादीहरुको रहन्छ । अविवेक, अन्धविश्वास र कुरीतिहरु उन्नतिका बाधक हुने गर्दछन् । विभिन्न कारणले पिछडिएको समाजको अग्रगति चाहने कवि ओझाका कविताहरुमा प्रगतिवादी चिन्तन टड्कारो रुपमा रहेको पाइन्छ । उनका 'काम' र 'धन्य' हो शीर्षकका कविता अनि 'फूलबदलियोस एक्काइसौं शताब्दी' शीर्षकको खण्डकाव्यमा समेत मानवजातिको विचार, व्यवहार र कार्यमा नयाँ परिवर्तन आउनुपर्दछ भन्ने आसय रहेको हुँदा कवि ओझामा प्रगतिवादी चिन्तन रहेको स्पष्ट हुन्छ ।

### ४.१.६ मानवतावादी स्वर

मानवीय गुणहरु भएमा मात्र मानिस अरु प्राणीभन्दा श्रेष्ठ हुन सक्ने हुँदा मानिसले यस्ता सदगुणहरुको आफैंमा विकास गर्दै जानुपर्दछ भन्ने भावनामा अडिग रहने ओझा मानवतावादी कवि हुन् । उनका नानी, मान्छे, नीति कविता, पशुपुकार र धर्म जस्ता कविताहरुमा मानवीय स्वर स्पष्ट झल्किन्छन् । उनले कविताका माध्यमद्वारा मानव समाजमा मेलमिलाप, सद्भाव र सहिष्णुता विषय माथि विशेष जोड दिंदै मानिसले अरु प्राणीहरु माथि समेत दया, माया र समुचित व्यवहार गर्नुपर्दछ भन्ने विचार प्रस्तुत गरेका हुँदा उनलाई मानवतावादी कविका रुपमा स्वीकार्न सकिन्छ ।

### ४.१.७ प्रकृति चित्रण

कवि ओझाका काव्यहरुमा प्रकृतिको सुन्दर चित्रण पाइन्छ । प्राकृतिक विषयवस्तु एवम् दृश्यहरुको वर्णनमा उनको लेखनी रमाउने गरेको पाइन्छ । हिमाल, पहाड, सूर्य, पृथ्वी लगायत विभिन्न मौसम र ऋतुहरुको वर्णन उनका कविताहरुमा पाइन्छ । उनले लेखेका हिमदुत, वषन्त, धरती, सगरमाथा, सरद, आँधी, वर्षा बादल, प्रकृति, विणेश्वर, आषाढ र हिमालयआदि शीर्षकका कविता प्रकृति वर्णनमा आधारित छन् । प्रकृतिका विभिन्न दृष्य र अवस्थाहरुको भावात्मक एवम् कलात्मक वर्णन गर्ने क्रममा वैभवशाली प्रकृतिले मानवको विभिन्न तरिकाले सहयोग गर्न सक्ने कुरा उनका कवितामा चित्रण गरिएको पाइन्छ ।

### ४.१.८ छन्दवद्ध र छन्दमुक्त कवि

कवि ओझाले छन्द अँगालेर एवं छन्द न अँगालेर दुबै शैलीमा कविताहरुको रचना गरेका छन् । उनका 'प्रकृति', 'धन्य' हो र 'नारी' जस्ता केही कविता छन्दमुक्त रुपमा रचिएका कविता हुन् भने वषन्त, षरद, यौवन, गौरा र अन्तरात्मा जस्ता बहुल कविता एवम् हिमशिखर र नेपाल आमा महाकाव्य लगायतका अधिकांश काव्यहरु छन्द अँगालेर वा पद्यमा लेखिएका छन् । यसरी उनलाई मूलतः छन्दयुक्त र अंशतः छन्दमुक्त कवि मान्न सकिन्छ ।

### ४.१.९ भाषाशैलीगत प्रवृत्ति

संस्कृत साहित्यको अध्ययन गरेका कवि ओझाका साहित्यिक रचनाहरुमा तत्सम शब्दहरुको अधिक प्रयोग गरिएको पाइन्छ । यसका साथै कहीँ कतै तद्भव र आगन्तुक शब्दको प्रयोग पनि गरिएको देखिन्छ । उनको मातृभाषा डोटेली भएकाले केही शब्द डोटेली भाषिकाका

पनि उनले प्रयोग गरेका छन् । यी चारवटै शब्द स्रोतको प्रयोग गरिएतापनि नेपाली जनजिब्रोले पचाइ सकेका शब्दहरुकै बढी प्रयोग भएका कारण उनको भाषा दुरुह भने बनेको छैन । यसका साथै कविले नेपाली जनसमाजको बोलचालमा प्रयोग हुने शब्दहरुको पनि प्रयोग गरेको पाइन्छ । उनका कविताहरु विशेषगरी शास्त्रीय छन्दको प्रयोग गरी रचिएका देखिन्छन् । कतिपय अवस्थामा छन्द पक्षभन्दा भाव पक्षतिर बढी जोड दिइएको देखिन गई केही असहजता देखिए तापनि अबोध गम्यता भने पाइँदैन । यसरी तत्सम, तद्भव, आगन्तुक डोटेली र अन्य शब्दहरुको प्रयोग गरिएका उनका साहित्यिक रचनाहरुमा रहेको भाषाशैली पूर्णतः दुरुह र दर्बोध्य नभई सरल र सुबोध नै देखिन्छ ।

### ४.१.१० निष्कर्ष

खेमराज ओझाका काव्यरचनाहरुमा प्रकृतिको वर्णन गरिनुका साथै मानिसलाई सदाचारी, परोपकारी, नैतिक र धार्मिक बन्न प्रेरित गरिएको पाइन्छ । उनका कविताहरुमा हिन्दू सनातन धर्मका मूल्य मान्यता, संस्कार र संस्कृतिको चित्रण उतारिएको देखिन्छ । अन्याय, अत्याचार, बहुविवाह र पशुबली जस्ता कार्यहरुको विरोध गर्दै धार्मिक र नैतिक बन्न प्रेरित गरिएको पाइन्छ । उनका बहुसंख्यक रचनाहरु धर्म र देशभक्तिका बारेमा लेखिएका पाइन्छन् । विशेषतः तत्सम र केही डोटेली भाषाका शब्दहरुको प्रयोगसमेत उनका रचनाहरुमा गरिए पनि अबोध गम्यता चाहीँ पाइँदैन । खासगरी शास्त्रीय छन्दमा कविता लेख्ने कवि ओझाको मूल साहित्यिक मान्यता धार्मिक र राष्ट्रभक्ति हो भन्न सकिन्छ ।

## ४.२ खेमराज ओझाका कवित्वको अध्ययन र विश्लेषण

साहित्यकार खेमराज ओझाका थुप्रै फुटकर रचनाहरु विभिन्न पत्रपत्रिकाहरु एवम् स्मृतिग्रन्थहरुमा प्रकाशित हुँदै आएका छन् । हालसम्म उनका सत्रवटा पुस्तकाकार कृतिहरु प्रकाशित भइसकेका देखिन्छन् । प्रकाशित साहित्यिक रचनाहरुमा 'कर्मको तन्ना' सामाजिक उपन्यास- २०४५, 'थाकेको परानी' खण्डकाव्य- २०४५, 'परमानन्द शोककाव्य' खण्डकाव्य- २०४५, 'पशुपुकार' खण्डकाव्य- २०५३, 'यात्री विचार' कविता सङ्ग्रह- २०५६, 'फूल बदलियोस् एक्काइसौं शताब्दी' खण्डकाव्य- २०५८, 'नेपाल आमा' महाकाव्य-२०६२ र 'हिमशिखर' महाकाव्य- २०६३ रहेका छन् । जसमध्ये 'यात्री विचार' कवितासंग्रह भित्रका कविताहरु 'नेपाल आमा' महाकाव्य र 'हिमशिखर' महाकाव्यको मात्र यहाँ अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ कविता तत्वका आधारमा ओझाका कविताहरुको अध्ययन

कवि खेमराज ओझाद्वारा रचित 'यात्री विचार' शीर्षकको कविता संग्रह सं. २०५६ साल मङ्सीरमा प्रकाशित भएको हो । जसमा विभिन्न ४९ वटा शीर्षकका कविताहरु संग्रहित छन् । यस सङ्ग्रहका अतिरिक्त उनका केही कविताहरु विभिन्न पत्रपत्रिका एवम् स्मृति ग्रन्थहरुमा समेत प्रकाशित भएका देखिन्छन् । यसै परिप्रेक्ष्यमा उनका प्रकाशित कविताहरु मध्ये 'यात्रीविचार' कविता सङ्ग्रहमा सङ्ग्रहित साहित्यिक दृष्टिले केही महत्वपूर्ण कविताहरुको मात्र यहाँ अध्ययन गरिएको छ ।

उक्त सङ्ग्रहका कविताहरु निम्नानुसारको क्रममा सङ्ग्रहित रहेका देखिन्छन् ।

| क्र.सं. | शीर्षक (विषय) | पृष्ठ | रचनाकाल |
|---|---|---|---|
| १ | हिमदूत | १ | २०३८।८।१५ |
| २ | कटि | ४ | २०५३।२ |
| ३ | भाषाडोटेली | ६ | २०५१।२ |
| ४ | काम | ८ | २०४९।१ |
| ५ | दीपरगत | १० | २०५०।१ |
| ६ | वषन्त | १२ | २०५३।५ |
| ७ | म कविता | १४ | २०३६।१२ |
| ८ | धरती | १७ | २०५४।४ |
| ९ | सगरमाथा | १९ | २०५३।११ |
| १० | शरद | २१ | २०५१।८ |
| ११ | यौवन | २३ | २०५४।७ |
| १२ | गौरा | २५ | २०५०।५ |
| १३ | पूर्वज | २७ | २०४९।५ |
| १४ | मन्दिर | २९ | २०५३।११ |
| १५ | आँधी | ३१ | २०५२।१२ |
| १६ | वर्ष | ३३ | २०५३।१२ |
| १७ | नानी | ३५ | २०५२।११ |
| १८ | मान्छे | ३७ | २०५०।११ |
| १९ | धन्य हो | ३९ | २०५१।१२ |
| २० | वर्षा बादल | ४१ | २०५३।१० |

| | | | |
|---|---|---|---|
| २१ | पशुपुकार | ४३ | २०५२।१२ |
| २२ | प्रकृति | ४५ | २०५२।२ |
| २३ | पाउ | ४७ | २०५४।५ |
| २४ | राष्ट्रगान | ४९ | २०५२।१० |
| २५ | नविन | ५१ | २०५२।८ |
| २६ | पशुपति | ५३ | २०५३।५ |
| २७ | कलम | ५६ | २०४९।१० |
| २८ | हितकुरा | ५८ | २०४६।६ |
| २९ | गरिब | ६० | २०४९।७ |
| ३० | मेला | ६३ | २०४९।८ |
| ३१ | अन्तरात्मा | ६५ | २०५४।९ |
| ३२ | विणेश्वर | ६७ | २०५२।६ |
| ३३ | नारी | ६९ | २०५४।११ |
| ३४ | आषाढ | ७१ | २०५४।११ |
| ३५ | माटो | ७३ | २०५४।१२ |
| ३६ | के त्यो सेवा | ७४ | २०५४।६ |
| ३७ | गाउँबस्ती | ७६ | २०४६।४ |
| ३८ | फूल | ७७ | २०५३।१ |
| ३९ | कृषक | ७९ | २०५३।१० |
| ४० | गरिमा | ८१ | २०५५।१ |
| ४१ | हिमालय | ८३ | २०५१।१० |
| ४२ | धर्म | ८५ | २०५५।५ |
| ४३ | नीति कविता | ८७ | २०५५।६ |
| ४४ | विचार | ९० | २०५५।७ |
| ४५ | बेला | ९२ | २०५५।६ |
| ४६ | सदाको | ९४ | २०५५।७ |
| ४७ | मेरोतेरो | ९६ | २०५५।८ |
| ४८ | सेवा | ९८ | २०५५।१० |
| ४९ | नदी महाकाली | १०१ | २०५६।१ |

### ४.२.१.१ 'हिमदूत' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

साहित्यकार खेमराज ओझाको साहित्यिक यात्राको क्रममा २०५३ मंसिरमा रचना भई 'यात्री विचार' कविता सङ्ग्रह- २०५६ मा प्रकाशित भएको यस कवितामा हिउँले आफूसँगै चीसोपना लिएर विभिन्न ठाउँहरुमा पुग्ने गरेको कुरा वर्णन छ । प्रत्येक घर आँगन र चोकहरुमा दूतको रुप लिई हिउँ आउने गरेको वर्णनबाट यहाँ प्रकृतिको मानवीकरण गरिएको छ । कवितामा हिमपातको वर्णन यसप्रकार गरिएको छ ।

समय नचाई दुत यो आयो
        जगमा कत्तिको सीत ओढायो ।
बस्दै, हिँड्दै, रुप बदल्दै
        धम्की सकभर सबको बाँट्दै ॥
                (यात्री बिचार- २०५६, पृ. ३)

**भाषाशैली र लय**

लयात्मक पद्धति अँगालिएको यस कवितामा मथनि, घट, जग र विशाल जस्ता अनेक तत्सम शब्दहरुको प्रयोग गरिएको छ । यसका साथै भुइँ, पिठ्यु र गुन जस्ता तद्भव एवम् वेमान र हरमद जस्ता आगन्तुक शब्दहरुको समेत प्रयोग गरिएको छ । नेपाली जनजिब्रोले पचाएका तत्सम शब्दको प्रयोग भएकाले कवितामा क्लिष्टता भेट्टाइँदैन । पद्यशैलीमा रचित यो कविता श्रुतिमधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

यस कवितामा विभिन्न प्राकृतिक बिम्बको प्रयोग पाइन्छ । हिमदूत, मन्दिर र कमर शब्द प्रतीकका रुपमा आएका छन् । अन्त्यानुप्रास युक्त यस कवितामा वृत्यानुप्रास अलङ्कारको समेत प्रयोग पाइन्छ ।

**कथनपद्धति**

यस कवितामा कविले आफ्ना विचारलाई एकलापीय पद्धतिमा प्रस्तुत गरेका छन् । अतः कवितामा कवि प्रौढौक्ति उक्तिढाँचाको प्रयोग देखिन्छ ।

**संरचना**

यस कवितामा चार पङ्क्तिको एक श्लोक गरी जम्म तेह्र श्लोक रहेका छन् । छन्दयुक्त यो कविता पज्झटिका छन्दमा संरचित भएको छ ।

### ४.२.१.२ 'भाषा डोटेली' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

२०५१ जेठमा रचना भई 'यात्री विचार' कविता सङ्ग्रह- २०५६ मा प्रकाशित यस कवितामा कविले आफ्नो मातृभाषा 'डोटेली' को बयान र वर्णन गरेका छन् । डोटेली भाषालाई आफ्नो पुर्ख्यौली भाषाको रुपमा स्वीकार्दै यसमा डेउडा, फागु र धमारी जस्ता आफ्नै प्रकारका लोकसाहित्य र लोकसंस्कृतिमूलक चिनारीहरु रहेको कुरा कविले जनाएका छन् । डोटेली भाषालाई आमा सरह सम्मान प्रकट गर्दै कविले यस प्रतिको भाव यसरी व्यक्त गरेका छन् ।

मङ्गलदायी पुकार जनम मरणतक कामना भक्तिसार
शीतल छाया बखानी जननी जनमुमातर्फको दिव्य प्यार ।
सच्चा राखी चलेकी परम पुजनीय हाम्रो भाषा बचाउ
भाषा राम्रो डोटेली सकल जनमिली राष्ट्रमाथी उचाऊँ ॥
(यात्री विचार- २०५६, पृ. ७)

**भाषाशैली र लय**

शास्त्रीय छन्दमा रचित यस कवितामा शथ्या, तृप्ति, कोटि र वाणी जस्ता तत्सम शब्द एवम् डेउडा, धमार, फागु र सोराइ जस्ता डोटेली भाषाका शब्दहरुको प्रयोग गरिएको छ । सरल भाषाशैली र लययुक्त संरचना भएको यो कविता श्रुतिमधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवन र जगतका विभिन्न बिम्बहरुको प्रयोग भएको यस कवितामा डोटेली भाषाका लागि प्रतीकात्मक शब्द 'आमा' को प्रयोग गरिएको छ । अन्त्यानुप्रास युक्त यस कवितामा रुपक र उपमा अर्थालङ्कारको समेत प्रयोग भएको छ । जस्तै :

पुर्खादेखि हिडेको सवल मतपिई आदिबासी भएको
भाषा राम्रो पियारो सरुबर सरिको दूरपश्चिम भरीको ॥

**कथनपद्धति**

कवि प्रौढोक्ति उक्ति ढाँचामा रचना गरिएको यस कवितामा कविले आफ्ना आत्मालापी कथ्य कुरालाई तृतीय पुरुषीय कथनमा प्रस्तुत गरेका छन् ।

**संरचना**

स्रग्धरा छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक गरी जम्मा आठवटा श्लोकको सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.३ 'काम' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

२०४९ वैशाखमा रचना भई 'यात्री विचार' कविता सङ्ग्रहमा प्रकाशित भएको यस कवितामा कामलाई मानव जीवनको अभिन्न अङ्गका रुपमा प्रस्तुत गरिएको छ । काम गरेर नै मानिस उन्नति तर्फ बढ्ने र ऊचो नाम राख्न सक्ने हुँदा कविले यसलाई भाग्य विधाताका रुपमा स्वीकारेका छन् । कवितामा कामको महत्वलाई यसप्रकार दर्शाइएको छ ।

सङ्गत इनमा दिनदिन राखे
भाग्य दिने छन् पञ्चम मुखे
युगल हात टुहुरा छैनन्
कर्मण रेखा तरुण सबै छन् ॥

(यात्री विचार, २०५६, पृ. ८)

**भाषाशैली र लय**

यस कवितामा सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । यहाँ युगल, कर र विद्युत जस्ता तत्सम शब्दहरु एवम् हिस्सा र आदत जस्ता केही आगन्तुक शब्दको समेत प्रयोग भएको छ । लयको आन्तरिक गुम्फनले कविता मधुर बनेको छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

मानव जीवनका विभिन्न बिम्बको प्रयोग कवितामा पाइन्छ । यहाँ कामलाई सौभाग्यको प्रतीक मानिएको छ । अन्त्यानुप्रासयुक्त यस कवितामा छेकानुप्रास र वृत्यानुप्रासको समेत उपस्थिति देखिन्छ ।

### कथनपद्धति

यस कवितामा कविले सीधै कवितात्मक कथन गरेका छन् । अतः यहाँ कवि प्रौढोक्ति कथनपद्धति अँगालिएको छ ।

### संरचना

यस कवितामा जम्मा एघारवटा श्लोकहरु छन् । चौपाई छन्दमा रचित प्रत्येक श्लोकहरु चार पङ्क्तिले बनेका छन् ।

## ४.२.१.४ 'दीपरगत' कविताको अध्ययन

### विषयवस्तु एवम् भाव

२०५१ सालमा रचना भई 'यात्री विचार' कविता संग्रहमा प्रकाशित यस कवितामा मानिसले समयको महत्व बुझी यसको सदुपयोग गर्न सक्नुपर्दछ भन्ने कुरामा जोड दिइएको छ । समय र श्रमको मर्म बुझ्न सक्ने मानिस जसले कठोर परिश्रम गर्न सक्छ । त्यसैले मात्र कर्मफलरुपी मोती टिप्न सक्छ । व्यर्थमा समय गुमाउनेहरुले पछि पछुताउनुपर्ने हुन्छ भन्ने यस कविताको मूलभाव छ ।

समयरुचि भएमा मूल्य धेरै लिनेछन् ।
रगत बल हमेसा ज्योतिमा पूर्ण बन्छन् ।
विषय सुख बनाऊ काममा मोति छर्न
समय यदि छुटेता दिन खादैन अन्न ॥

(यात्री विचार, २०५६, पृ. ११)

### भाषाशैली र लय

शास्त्रीय छन्दमा रचित यस कवितामा केही तत्सम, तद्भव र कतिपय मौलिक शब्दको प्रयोग देखिन्छ । केही नौला शब्द र शब्द विन्यासको कारण भाषाशैली केही असहज देखिन आएपनि एकदमै क्लिस्ट भने होइन ।

### बिम्ब, प्रतीक र अलङ्कार

जीवन-जगतका विभिन्न बिम्बको प्रयोग गरिएको यस कवितामा रगतलाई जीवनको प्रतीक मानिएको छ  अन्त्यानुप्रासका साथै यहाँ वृत्यनुप्रास र छेकानुप्रास एवम् रुपक अर्थालङ्कारको समेत उपस्थिति देखिन्छ ।

### कथनपद्धति

यो कविता कविको मानसपटलमा उब्जिएका भावहरु एकालापपूर्ण आत्मकथनमा आधारित छ । यसर्थ सोझो अभिव्यक्ति भएकाले कविता कवि प्रौढोक्ति उक्तिढाँचामा रचना गरिएको छ ।

### संरचना

मालिनी छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ । यस्ता जम्मा सातवटा श्लोकहरु मिली सिङ्गो कविता बनेको छ ।

## ४.२.१.५ 'वसन्त' कविताको अध्ययन

### विषयवस्तु एवम् भाव

वसन्त कविताको रचना २०५३ भाद्र महिनामा भएको हो, जुन 'यात्री विचार' कविता सङ्ग्रहित छ । यस कवितामा वसन्तलाई ऋतुहरुको राजाका रुपमा उल्लेख गर्दै यस ऋतुमा रुख बिरुवाहरुमा हरियाली बढ्नुका साथै चराचुरुङ्गीहरु समेत रमाउँदै गीत गाउन थाल्ने कुरा उल्लेख गरिएको छ । वृक्षहरु फलफूलले भरिपूर्ण भई तिनका हाँगाहरु निहुरिने गर्दछन् । आफूले फलफूल दिन पाएकोमा वृक्षहरुले गर्व गर्ने कुरा कवितामा उल्लेख भएको हुँदा यहाँ प्रकृतिको मानवीकरण गरिएको पाइन्छ । वृक्षहरुका भावनालाई कवितामा यसरी देखाइएको छ-

जब शरीर गरुङ्गो हुन्छ शाखा बढेर
तब छ लचिलोकाया केही मात्र बुझेर ।
प्रतिदिन यही कुरा वृक्षका ठिक मनमा
मत सफल रहेछु दानीदाता भरीमा ॥
(यात्री विचार- २०५६, पृ. १२)

### भाषाशैली र लय

शास्त्रीय छन्दमा रचित यस कवितामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । हरित, ऋतु र पन्छी जस्ता केही तत्सम र तद्‌भव शब्दहरुको प्रयोग गरिएको भएतापनि ती सबै बोधगम्य नै छन् । लयात्मक एवम् अन्त्यानुप्रासयुक्त यो कविता श्रुतिमधुर बन्न पुगेको छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

यस कवितामा विभिन्न प्राकृतिक बिम्बहरुको उपस्थिति पाइन्छ । यहाँ बसन्तको प्रतीकका रुपमा 'राज' शब्दको प्रयोग गरिएको छ । अनुप्रास र रुपक अलङ्कारका प्रयोगले कवितामा रमणीयता थपिएको छ ।

### कथनपद्धति

कविले आफ्ना भावहरुलाई एकलापीय पद्धतिमा प्रस्तुत गरेका हुँदा यस कवितामा कवि प्रौढोक्ति उक्ति ढाँचाको प्रयोग भएको छ ।

### संरचना

'मालिनी' छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक गरी जम्मा चौंतीस पङ्क्तिको सिङ्गो कविता बनेको छ ।

## ४.२.१.६ 'म कविता' को अध्ययन

### विषयवस्तु एवम् भाव

'यात्री विचार' कविता सङ्ग्रह- २०५६ मा सङ्ग्रहित 'म कविता' को रचना २०३६ चैत्रमा भएको हो । सबै मानिसले राम्रो कार्य गर्ने र राम्रो बन्ने प्रयास गर्नुपर्दछ । प्रत्येक मानिसले हीनताको भावना त्यागी सकारात्मक विचार राखेर पुरुषार्थ गरेमा उन्नति हुन सक्ने कुरा यस

कविताको मूल भाव रहेको पाइन्छ । यस्तै केही निजी विचारहरुलाई कविले यसरी व्यक्त गरेका छन्-

विचारता कति उठे प्रवला यी मेरा
योग्य म हूँ म बलियो अरु छैन पूरा
सम्मान खान बढिया मनमा मलाई
लागी रहन्छु जनका हितमा म गाई ॥

### भाषाशैली र लय

कवितामा केही तत्सम, तद्भव र आगन्तुक शब्दहरुको प्रयोग गरिएको भए पनि ती सबै बोधगम्य नै छन् । पद्यात्मक लयमा रचना गरिएको यस कवितामा सरल भाषाशैलीको प्रयोग गरिएको छ । अन्त्यानुप्रास युक्त यो कविता श्रुतिमधुर बन्न पुगेको छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

विभिन्न मानवीय बिम्बहरुको प्रयोग भएको यस कवितामा अनुप्रास शब्दालङ्कार र रुपक एवं अतिसयोक्ति अर्थालङ्कारको उपस्थिति देखिन्छ ।

### कथनपद्धति

यो कविता कविका मन-मस्तिष्कमा उब्जिएका भावहरुको एकालाप आत्मकथनमा आधारित छ । यसर्थ कविको सोझो अभिव्यक्ति भएकाले कविता कवि प्रौढोक्ति उक्ति ढाँचामा रचना गरिनुका साथै प्रथम पुरुषमा आत्मालापित छ ।

### संरचना

बसन्ततिलका छन्दमा रचित यस कवितामा चारपङ्क्तिको एक श्लोक भई यस्ता जम्मा एघारवटा श्लोकबाट सिङ्गो कविता बन्न पुगेको छ ।

## ४.२.१.७ 'धरती' कविताको अध्ययन

### विषयवस्तु एवम् भाव

२०५४ श्रावणमा रचना भई 'यात्री विचार' कविता संग्रहमा संग्रहित यस कवितामा विभिन्न वैभवहरुले भरिपूर्ण भएकी धरतीलाई अमृतकी खानी भनिएको छ । नीच-ऊच सबै

प्रकारका प्राणीलाई एक समान माया दिन सक्ने धरतीले सबै जीव वनस्पतीलाई आफूमा आश्रय दिएको हुन्छ । विभिन्न रसहरुले परिपूर्ण यस धरातलमा सबै प्रकारका सम्पत्तिहरु मात्रै नभएर नयाँ जीवन दिन सक्ने क्षमता समेत रहेको हुन्छ भन्ने यस कविताको मूलभाव रहेको छ । कविका शब्दमा धरतीको चित्रण यसरी गरिएको छ ।

जीवनमाया यिन धरतीमा
सम्पत्ति जतिको वस्तु यिनैमा
धरती हाम्री जनम जनमकी
सुन्दर स्वच्छ काम उपरकी ॥

(यात्री विचार- २०५६, पृ. १८)

**भाषाशैली र लय**

पद्यात्मक लयमा रचिएको यस कविताको भाषाशैली सरल एवम् सहज छ । कवितामा विभिन्न तत्सम शब्दको प्रयोग गरिएतापनि ती सबै बोधगम्य नै छन् । छन्दको अन्तर्लयात्मक साङ्गीतिकतामा कवितामा पाइन्छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

विभिन्न प्राकृतिक बिम्बको प्रयोग कवितामा गरिएको छ । धरतीका लागि धनपति जस्ता प्रतीकात्मक शब्दको प्रयोग गरिएको छ । यहाँ अनुप्रास शब्दालङ्कार र स्वभावोक्ति र रुपक जस्ता अर्थालङ्कारको उपस्थितिले कवितात्मक सौन्दर्य थपिएको छ ।

**कथनपद्धति**

यस कवितामा कविका मानसपटलमा उब्जिएका विचारहरुलाई सोझो रुपमा प्रस्तुत गरिएको छ । यसर्थ कविता कविपौढोक्ति उक्ति ढाँचामा रचना गरिएको छ ।

**संरचना**

पञ्झटिका छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ । कवितामा जम्मा नौवटा श्लोकहरु रहेका छन् ।

### ४.२.१.८ सगरमाथा कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

सगरमाथा कविताको रचना २०५३ सालमा र प्रकाशन २०५६ साल 'यात्री विचार' कविता संग्रहमा भएको हो । सर्वोच्च हिमाल सगरमाथाको संसार भरि मै उच्च नाम र सम्मानित स्थान रही आएको छ जसको प्रभावले नेपालको छवि समेत ऊचो हुन पुगेको कुरा यहाँ दर्शाइएको छ । सगरमाथाको वर्णन नै यस कविताको मूल विषयवस्तु रहेको देखिन्छ ।
जस्तै :

अहो सौभाग्य सम्राट ठूलो भाव छ नीतिमा
छर्दैछौ प्रेरणादायी विश्व प्रकृति मञ्चमा ॥
(यात्री विचार- २०५६, पृ. १९)

**भाषाशैली र लय**

यस कवितामा सरल, सहज र कलात्मक भाषाशैलीको प्रयोग गरिएको छ । बाचाल, श्रृङ्गार र नवधारङ्ग जस्ता तत्सम शब्दहरुको यहाँ प्रयोग गरिएको छ । लयात्मकशैलीमा रचिएको कविता श्रुतिरम्य बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

विभिन्न प्राकृतिक र मानवीय बिम्बहरुको यहाँ प्रयोग भएको देखिन्छ । यहाँ सम्राट शब्दको प्रयोग सगरमाथाको प्रतीकका लागि प्रयोग गरिएको छ । कवितामा अनुप्राश शब्दालङ्कार र रुपक अर्थालङ्कारको उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कवि प्रौढोक्ति उक्ति ढाँचा अनुसार रचित यस कवितामा कविले कवितात्मक कथन र मनोलापको अभिव्यक्ति देखाएका छन् । यो कविता द्वितीय पुरुषमा आत्मालापित र श्रुतिरम्य कथनमा कथित छ ।

**संरचना**

अनुष्टुप छन्दमा रचित यस कवितामा दुई पङ्क्तिको एक श्लोक बनाई जम्मा अठारवटा श्लोकको सिङ्गो कविता संरचित देखिन्छ ।

### ४.२.१.९ 'शरद' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

कवि ओझाद्वारा रचित अर्को कविता 'शरद' पनि हो । जुन 'यात्री विचार' कविता सङ्ग्रह- २०५६ मा सङ्ग्रहित छ । यस कविताको मुख्य विषयवस्तु शरद ॠतुको चित्रणमा आधारित रहेको देखिन्छ । यस कवितामा कविले शरद ॠतुको स्वच्छ सौन्दर्य वातावरणको वर्णन गर्दै यस ॠतुमा गरिने सोह्र श्राद्ध र दसैं, तिहार जस्ता चाडपर्वहरुको समेत उल्लेख गरेका छन् । गाई, गोरु र कुकुरहरुले समेत पूजा पाउने यस ॠतुमा सबै आफन्तहरु एकत्रित भई टीका जमरा लगाई शुभभावना आदानप्रदान गर्दछन् भन्ने कुरा यहाँ उल्लेख गरिएको छ ।

**भाषाशैली र लय**

सरल एवम् सम्प्रेष्य भाषाशैली रहेको यस कवितामा तत्सम र तद्भव शब्दको अधिक प्रयोग देखिन्छ । छन्दयुक्त यस कवितामा साङ्गीतिकता र मौलिकता पनि उत्तिकै रहेको छ । कवितामा रहेका कविका केही शब्द यसप्रकार छन् ।

दिदी, बहिनी, दाजु साथ ज्वाई र भाइ
सब जति रसराम राम संस्कृति गाई ।
सुपुजित सब हुन्छन् खाइ पाएर मान
शरद ॠतु दसैंमा हिन्दू संस्कृति सान ॥
(यात्री विचार- २०५६, पृ. २२)

**बिम्ब, प्रतीक र अलङ्कार**

विभिन्न मानवीय बिम्बहरुको प्रयोग यस कवितामा पाइन्छ । हिन्दू धर्मावलम्वीहरुले मान्दै आएका दसैं, तिहार जस्ता चाडबाड र परम्पराको यहाँ उल्लेख गरिएको छ । अन्त्यानुप्रास युक्त यस कवितामा श्लेष अलङ्कारको समेत उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

यस कवितामा कथयिता कविले आफ्नै आत्मानुभूतिलाई कथ्य बनाएका छन् । यसरी सीधै कवितात्मक कथन गरिएकाले कवितामा कवि प्रौढोक्ति कथन पद्धति नै उक्ति ढाँचा बन्न पुगेको छ ।

**संरचना**

सिङ्गो कविता सात श्लोकले बनेको छ । चार पङ्क्तिको एक श्लोक बन्ने यस कविताको छन्द भने मालिनी रहेको छ ।

### ४.२.१.१० यौवन कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यौवन कविताको रचना २०५४ सालमा भएको हो जुन 'यात्री विचार' कविता संग्रहमा प्रकाशित छ । कविले यस कवितामा युवा अवस्थामा पुगेपछि मानव मनभित्र विभिन्न प्रकारका भावनाहरु र आनन्दको सञ्चार हुन पुग्ने कुरा उल्लेख गरेका छन् । वषन्त ऋतुमा रुख विरुवाहरु फलफूलले भरिपूर्ण भएझैं यौवन पनि मानव जीवनको वसन्त हो भन्ने मूलभाव यस कवितामा पाइन्छ ।

**भाषाशैली र लय**

कवितामा तत्सम, तद्भव र अनुकरणात्मक शब्दहरुको समेत प्रयोग गरिएको छ । ती सबै शब्दहरु बोधगम्य छन् र भाषाशैली सरल एवम् सहज छ । अन्त्यानुप्रासको उचित संयोजन गरिएकाले कविता लयात्मक एवं श्रुति मधुर बन्न पुगेको छ । कविताका केही पंक्ति यसप्रकार छन् ।

सुरुचि जब म आएँ काम्य सुन्दर मुहार
प्रकृतिसँग दयालु बन्छ गोप्य आकार
धरम पनि सुहायो स्वच्छ सुन्दर मनैमा
नयन कति रसाए मुग्ध ज्योति फूलैमा ॥

(यात्री विचार- २०५६, पृ. २३)

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवनजगतका विविध बिम्बको प्रयोग कवितामा पाइन्छ । यौवन अवस्थालाई हर्रा र बर्रा जस्ता प्रतीकात्मक शब्दहरुबाट चिनाउन खोजिएको छ । यस कवितामा अनुप्रास शब्दालङ्कार र रुपक अर्थालङ्कारको प्रयोग पाइन्छ ।

**कथनपद्धति**

कवितामा प्रथम पुरुषीय आत्मालाप भएपनि कविताको अन्ततिर भावलाई सम्बोधन गरी द्वितीय पुरुषीय कथनलाई प्रस्तुत गरिएको छ । अतः कवितामा कवि प्रौढोक्ति उक्तिढाँचा प्रयोग भएको देखिन्छ ।

**संरचना**

यस कवितामा जम्माजम्मी नौवटा श्लोक रहेका छन् । मालिनी छन्दरचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ ।

### ४.२.१.११ 'गौरा' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'यात्री विचार' कविता संग्रहमा संग्रहित यस कवितामा सुदूर पश्चिमेली समाजमा मनाइँदै आएको धार्मिक एवं सांस्कृतिक महत्वले भरिपूर्ण गौरा पर्वका बारेमा उल्लेख गरिएको छ । परदेश गएका कतिपय मानिसहरु समेत घर फर्कने र नयाँ लुगा र पहिरचनमा सजिएका बाल, बृद्ध, नरनारी आदि ठाउँठाउँका सबै मानिसहरु कुनै एक निश्चित ठाउँ गौरा घरनिर भेला भई फाग-सगुन र डेउडा गाई दमाह, झ्याली र मिज्रा जस्ता पञ्चै बाजा बजाई रमाउने गरेको कुरा यहाँ उल्लेख गरिएको छ । यस पर्वमा शिवगौरीको पूजन गरिने हुँदा भक्तजनहरुले आध्यात्मिक शान्ति समेत पाउन सक्ने भाव यस कवितामा रहेको छ । कविताका केही पंक्तिहरु यसप्रकार छन्-

यो हो साँच्चै चलन शिवको सत्य सुन्दर विशाल
प्यारा भाइ बहिनीहरु हो पर्व गौरा सम्हाल ।
आत्मा रक्षा सफल हुनमा देवी गौरा इनैको
पुग्ने बस्ने समय छोप है ताप छुट्ला जनम्को ॥

(यात्री विचार- २०५६, पृ. २६)

**भाषाशैली र लय**

कवितामा विभिन्न तत्सम शब्दहरु एवम् फाग, सगुन, डेउडा र दुबधागा जस्ता डोटेली भाषाका शब्दहरुको प्रयोग गरिएको छ । सरल एवम् सहज भाषा शैलीमा रचना गरिएको यो कविता सुबोध एवम् श्रुतिमधुर बन्न पुगेको छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

जीवनजगतका विविध बिम्बहरु पाइने यस कवितामा शिव गौराको विवाहसित सम्बन्धित पौराणिक कथाको वस्तुस्थितिको झल्को उतारिएको छ । अन्त्यानुप्रासयुक्त यस कवितामा रुपक, उपमा र अर्थान्तरन्यास जस्ता अर्थालङ्कारको प्रयोग भएको देखिन्छ ।

### कथनपद्धति

कवि प्रौढोक्ति उक्ति ढाँचा प्रयोग गरिएको यो कविता कविको कवितात्मक कथन र मनोलापको अभिव्यक्तिले गर्दा तृतीय पुरुष कथनमा आधारित छ ।

### संरचना

मन्दाक्रान्ता छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक गरी जम्मा आठवटा श्लोकको सिङ्गो कविता बन्न पुगेको छ ।

## ४.२.१.१२ पूर्वज कविताको अध्ययन

### विषयवस्तु एवम् भाव

'पूर्वज' २०४९ सालमा रचित यात्री विचार कविता सङ्ग्रह भित्रको अर्को महत्वपूर्ण कविता हो । यस कवितामा हाम्रा पूर्वजहरुले पुरुषार्थ र वीरता देखाई हामीलाई आजको स्थिति सम्ममा पुऱ्याएका छन् । हामीले पनि केही विकास गरी अगाडि बढ्न सक्नुपर्दछ । यस धरतीमा विभिन्न वीर पुरुषहरु बेलामौकामा जन्मने गर्दछन् जसले देश र मानवजातिका लागि केही महत्वपूर्ण योगदान दिएका हुन्छन् । वीर पुर्खाहरुको प्रशंसा एवं वीरताको कदर गर्न सिक्नुपर्दछ भन्ने प्रेरणा दिनु नै यस कविताको मूल विषयवस्तु रहेको छ ।

### भाषाशैली र लय

यस कवितामा तत्सम, आगन्तुक र मौलिक शब्दको पनि प्रयोग गरिएको छ । अन्त्यानुप्रासको उचित संयोजनले कविता लयात्मक हुनुका साथै श्रुति मधुर बन्न पुगेको छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

मानव जीवनका विभिन्न बिम्ब तथा प्रतीकको प्रयोग गरिएको यस कवितामा अर्थान्तरन्यास अलङ्कारको प्रयोग गरिएको पाइन्छ ।

**कथनपद्धति**

यो कविता कविको मानसपटलमा उब्जिएका भावहरुको एकलाप आत्मकथनमा आधारित छ । यसर्थ कविको सोझो अभिव्यक्ति भएकाले कविता कवि प्रौढोक्ति उक्ति ढाँचामा रचना गरिएको छ ।

**संरचना**

पज्झटिका छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक गरी जम्मा दशवटा श्लोकहरु रहेका छन् ।

### ४.२.१.१३ 'मन्दिर' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'यात्री विचार' कविता संग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५३ सालमा भएको हो । कवितामा मनरुपी मन्दिरमा रहेका कुविचाररुपी कसिङ्गरलाई हटाई मनमन्दिरलाई स्वच्छ र सफा राख्नुपर्ने कुरा दर्शाइएको छ । विवेक र ज्ञान रुपी बत्तीले उज्यालो पारी सद्विचार लिई मनलाई स्वस्थ राख्नुपर्ने यस कविताको मूलभाव रहेको पाइन्छ ।

**भाषाशैली र लय**

यस कवितामा प्रयोग गरिएको भाषाशैली सरल र सहज रहेको देखिन्छ । उज्ज्वल, अक्षत र क्रोधजस्ता केही तत्सम शब्द एवम् तद्भव र आगन्तुक शब्दहरुको समेत प्रयोग गरिएको यस कवितामा लयात्मकता एवम् श्रुति मधुरता पाइन्छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

कवितामा माटो र माता जस्ता शब्दलाई धरतीको प्रतीकका रुपमा लिइएको छ । उत्प्रेक्षा अर्थालङ्कारको प्रयोग भएको यस कवितामा मानव जीवनका विविध बिम्बको प्रयोग पनि देखिन्छ । जस्तै-

उदाहरण :

मन्दिर मनको हेर पुजारी
दीपक बाली हेर्नु बिचारी
झाडु लगाऊ उन्मत्त मनमा

फोहरमैला थुप्रो छ तनमा ॥

पृष्ठ २९

**कथनपद्धति**

यस कवितामा कविले आफ्नै आत्मकथनलाई देखाएका छन् । कविले कुनै पात्र खडा नगरी कुनै सोझो अभिव्यक्ति दिएकाले कविताको कथनपद्धति कविप्रौढोक्ति उक्ति ढाँचामा आधारित छ ।

**संरचना**

पज्झटिका छन्दमा रचित यस कवितामा जम्मा आठवटा श्लोक रहेका छन् । साथै एक श्लोक चार पङ्क्तिले बनेको छ ।

### ४.२.१.१४. 'आँधी' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

२०५० चैत्रमा रचना भई यात्री विचार कविता सङ्ग्रहमा प्रकाशित भएको यस कवितामा आँधीले रुखबिरुवा ढाली घर, गोठ र टहराहरु भत्काई भयावह स्थिति ल्याउँछ भन्ने कुरा उल्लेख गरिएको छ । कुनै निश्चित रुप, रङ्ग र आकार नभए पनि यसले धुलो माटो उडाउँदै ठूलो गर्जनाद गर्दै जनधनको क्षति गरेर दुष्टताको परिचय दिन्छ भन्ने यस कविताको मूलभाव हो । कविले कवितामा आँधीको चित्रण यसरी गरेका छन्-

आयो आँधी रिसाई असल मिहिनतदेखि सारा बिगार्न
माया शोभा नहेर्न सितिमिति अरु क्यै एकठाउँ नबस्न ।
बाली नाली उखेल्न सबल रही छिटो पूर्ण अन्याय गर्न
आयो काया लुकाई रङ मुख रुपको चाल दाबेर घेर्न ॥

(यात्री विचार- २०५६, पृ. ३१)

**भाषाशैली र लय**

यस कविताको भाषाशैली सरल एवं सहज छ । तत्सम शब्दहरुको उल्लेख्य भएतापनि ती सबै बोधगम्य नै छन् । यसका साथै केही तद्भव र आगन्तुक अनि नेपाली मौलिक शब्दको प्रयोग कवितामा पाइन्छ । शास्त्रीय छन्दमा रचित यो कविता श्रुतिमधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवनजगतका विविध बिम्बको प्रयोग भएको यस कविताा आँधीलाई अन्यायी र क्रोधी जस्ता विभिन्न प्रतिकात्मक शब्दद्वारा अर्थ्याइएको छ । उपमा, रुपक र अर्थान्तरन्यास जस्ता अर्थालङ्कारको प्रयोगले कविता ओजपूर्ण बन्न पुगेको छ ।

**कथनपद्धति**

यस कवितामा कवि प्रौढोक्ति उक्तिढाँचा प्रयोग गरिएको छ । यहाँ कथयिता कविले आत्मपरक कथ्यलाई तृतीय पुरुषमा प्रस्तुत गरेका छन् ।

**संरचना**

कविता स्रग्धरा छन्दमा रचना गरिएको छ । चार पङ्क्तिको एक श्लोक गरी यसमा जम्मा सातवटा श्लोक रहेका छन् ।

### ४.२.१.१५ 'वर्ष' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'यात्री विचार' कविता सङ्ग्रह- २०५६ मा प्रकाशित 'वर्ष' कविताको रचना २०५३ सालमा गरिएको हो । यस कवितामा वर्षलाई समयको सूचक मानी प्रतीकात्मक शीर्षक राखिएको छ । एक-एक दिन र महिना गरी वर्ष बित्ने गर्दछ । यसै क्रममा मानिसको जीवन समेत बित्ने हुँदा समयबाट शिक्षा लिई हामीले यसको सदुपयोग गर्न सक्नुपर्दछ भन्ने यस कविताको मूल भाव रहेको छ । कुनै महत्वपूर्ण काम गर्न राम्रो साइतको पर्खाइमा बस्ने हाम्रो सामाजिक परम्पराप्रति आपत्ति प्रकट गर्दै प्रत्येक मिनेट उपयुक्त भएकाले सत्कर्म गर्न पर्खनु हुन्न भन्ने यस कविताको मूलभाव हो ।

**भाषाशैली र लय**

कवितामा शीतोष्ण, बेला भूमि जस्ता तत्सम शब्द गाँठो, उचो जस्ता तद्भव र अन्य केही मौलिक शब्दको समेत प्रयोग गरिएको छ । सरल एवम् लयात्मक भाषाशैलीमा रचिएको कविता श्रुति मधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवन र जगतका विभिन्न बिम्बहरु प्रयुक्त भएका यस कवितामा दिन, महिना र वर्षका लागि क्रमशः सुन, चाँदी र मोती जस्ता प्रतिकात्मक शब्दको प्रयोग गरिएको छ । अन्त्यानुप्रासयुक्त यस कवितामा रुपक अर्थालङ्कारको उपस्थिति निम्नानुसारको कविताले देखाउँछ ।

साँच्चै मानव जातिका दिन हुन सुनका कडी
चाँदी देवाल महिनाको वर्ष मोति खडा सिंडी ॥
(यात्री विचार- २०५६, पृ. ३३)

**कथनपद्धति**

यस कवितामा कवि प्रौढोक्ति उक्ति ढाँचालाई समेटिएको छ । यहाँ कविले एकलापीय कवितामा कथ्य कुरा प्रस्तुत गरेका छन् ।

**संरचना**

कविता अनुष्टुप छन्दमा रचिएको छ । दुई पङ्क्तिको एक श्लोक गरी जम्मा बाह्रवटा श्लोकले सिङ्गो कविता बनेको छ ।

### ४.२.१.१६ 'नानी' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

ओझाको कवितायात्राका दौरान २०५२ सालमा रचिएको 'नानी कविता' 'यात्री विचार' कविता सङ्ग्रह- २०५६ मा प्रकाशित छ । यस कवितामा बालबालिकाहरुलाई जीवजन्तु नमार्ने, दीनदुःखीहरुमा दया गर्ने, आफ्नो धर्म नछोड्ने र स्वदेशको सेवा गर्ने जस्ता उपदेशहरु दिइएको छ । 'सबै मानिस मेलमिलाप गरेर एकतामा जुटी मानव संस्कृतिको सुरक्षा गरौं भन्ने यस कविताको मूलभाव रहेको छ ।

**भाषाशैली र लय**

नवीन, रुष्ट र उद्घोष जस्ता तत्सम शब्दहरु प्रयोग भएका यस कविताको भाषाशैली सरल नै देखिन्छ । लयात्मक पद्धतिमा रचिएको यो कविता श्रुति मधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

मानवीय बिम्बको प्रयोग भएको यस कवितामा विभिन्न प्रतीकहरुको समेत उपस्थिति देखिन्छ । यहाँ अनुप्रास र रुपक अलङ्कारको प्रयोगले कविता ओजपूर्ण बन्न पुगेको छ । जस्तै :

जीवादि जीव नमार हाई
        गर्दैछ तिनमा श्रृष्टि रजाइँ ।
दुःखीहरुमा मित्यारी लाऊ
        दया जगाई मनै रमाऊ ॥
                        पृ. ३५

**कथनपद्धति**

यस कवितामा भावलाई सम्बोधन गरी द्वितीय पुरुषीय कथन प्रस्तुत गरिएको छ । अतः कवितामा कवि प्रौढोक्ति उक्तिढाँचाको प्रयोग गरिएको पाइन्छ ।

**संरचना**

यस कविताको रचना झ्याउरे छन्दमा गरिएको छ । चार पङ्क्तिको एक श्लोक गरी जम्मा सात श्लोकबाट सिङ्गो कविता बनेको छ ।

### ४.२.१.१७ 'मान्छे' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

साहित्यकार ओझाको काव्ययात्राको दौशन २०५१ मा रचना भई यात्रीविचार कविता सङ्ग्रहमा 'मान्छे' कविता प्रकाशित भएको छ । मानिसमा दया, धैर्यता ज्ञान र विवेक जस्ता गुणहरु हुनुपर्दछ भन्ने भाव रहेको यस कवितामा हामी सबै मानवजाति एउटै घर्तीमा बसी यहाँकै हावामा श्वास लिएर बाँचिरहेका हुँदा एक अर्काको खुट्टा तान्नु भन्दा आपसी सहयोगको भावना लिई अगाडि बढ्नु पर्छ भन्ने आशय यस कविताको रहेको छ ।

**भाषाशैली र लय**

कविताको भाषाशैली सरल र सहज रहेको पाइन्छ । केही तत्सम र तद्भव शब्दहरुको प्रयोग गरिएको भएपनि ती सबै बोधगम्य नै छन् । शास्त्रीय छन्दमा रचित कविता लयपूर्ण एवं श्रुतिमधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

विभिन्न मानवीय बिम्बहरुको प्रयोग पाइने यस कवितामा केही प्रतीकहरुको समेत प्रयोग गरिएको छ । यहाँ अनुप्रास शब्दालङ्कार र रुपक अर्थालङ्कारको उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कवितामा कविको आत्मालापलाई प्रस्तुत गरिएको छ । यहाँ कथयिता कविले आत्मपरक कथनलाई प्रथम पुरुषीय शैलीमा व्यक्त गरेका छन् । अतः एव यहाँ कवि प्रौढोक्ति उक्तिढाँचा प्रयोग भएको देखिन्छ ।

**संरचना**

भुजङ्गप्रयात छन्दमा रचित यस कवितामा जम्मा आठवटा श्लोक रहेका छन् । जसमध्ये प्रत्येक श्लोक चार पङ्क्तिले बनेका छन् ।

### ४.२.११८ 'धन्यहो' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

२०५१ मा रचना भई 'यात्री विचार' कविता सङ्ग्रहमा संग्रहित यस कवितामा हाम्रा पुर्खाहरुले बीरता देखाई कुनै देशको अधिन हुन नदिएर जोगाइ राखेको यस देशको प्रगतितर्फ सबै देशवासीहरुले आआफ्नो तर्फबाट सक्दो सहयोग दिएमा अवश्य पनि देशको मुहार फेरिने थियो भन्ने यस कविताको मूल आसय रहेको छ । देशको उज्यालो भविष्यको पर्याप्त सम्भावना रहेकोमा यहाँ खुसी समेत जनाइएको छ ।

**भाषाशैली र लय**

यस कवितामा सरल र सहज भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । केही तत्सम, तद्भव र मौलिक शब्दको प्रयोग गरिए पनि यहाँ आगन्तुक शब्द भने खासै देखिदैन ।

**बिम्ब, प्रतीक र अलङ्कार**

मानव जीवनका विभिन्न बिम्बको प्रयोग कवितामा पाइन्छ । हिउँको प्रतीकका रुपमा कन्या जस्ता शब्दको प्रयोग गरिएको छ । यहाँ रुपक र उपमा अलङ्कारको प्रयोग देखिन्छ ।

**कथनपद्धति**

कविले यस कवितामा आफैं सिधै कवितात्मक कथन गरेका छन् । अतः कवितामा कवि प्रौढोक्ति कथनपद्धति अंगालिएको छ ।

**संरचना**

कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ । यस्ता सातवटा श्लोकबाट सिङ्गो कविता बनेको छ जुन झ्याउरे छन्दमा रचित छ ।

### ४.२.१.१९ 'वर्षा बादल' कविताको अध्ययन

'यात्री विचार' कविता सङ्ग्रह- २०५६ मा प्रकाशित यस कविताको रचना २०५३ सालमा भएको हो । आकाश गर्जेर बादलहरु पानीको रुपमा वर्षनुमा नै यस कविताको मुख्य विषयवस्तु आधारित रहेको देखिन्छ । आकाश गर्जेर चट्याङ् पर्दा खगोलमा नै कुनै भयानक कोलाहल मच्चिने गरेको चित्रण यहाँ गरिएको छ । आकाशमा रंगमगिएका बादलहरु, वर्षा र वर्षा भएपछिको स्वच्छ वातावरणको बयान यस कवितामा पाइन्छ । कविताको केही अंश यसप्रकार छ ।

सूर्य चन्द्र र ताराको ज्योतीमा पनि बादल
आफू रजाइ गर्दैछन् दिलाई नभमा जल ।
कमिला, कृमि पक्षीका उनका जहान भाइको
वऱ्याती सुरुवात् हुन्छ वर्षा बादल लग्नको ॥
(यात्री विचार- २०५६, पृ. ४२)

**भाषाशैली र लय**

आकाशे बादलहरु पानीको रुप लिई घर्तीमा खस्न थाल्दाको चित्रणमा आधारित यस कवितामा बोधगम्य तत्सम र तद्भव शब्दहरुको प्रयोग गरिएकाले कविता सरल र सहज बनेको छ । कलात्मक शैलीमा विरचित यो कविता लयात्मक पनि छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवनजगतका विभिन्न बिम्बहरुको प्रयोग गरिएको यस कवितामा माइत र कुवा शब्द प्रतीकका रुपमा प्रयोग गरिएका छन् । यहाँ अनुप्रास र रुपक अलङ्कारको प्रयोग गरिएको छ ।

**कथनपद्धति**

यो कविता कविको भावलाई सोझै व्यक्त गरिएको कविता हो । आत्म कथनमा आधारित यस कवितामा कवि प्रौढोक्ति उक्ति ढाँचा प्रयोग गरिएको छ ।

**संरचना**

अनुष्टुप छन्दमा रचित यस कवितामा दुई पङ्क्तिको एक श्लोक बनाइएको छ र सिङ्गो कविता जम्मा सोह्र श्लोकमा संरचित छ ।

## ४.२.१.२० 'पशुपुकार' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'यात्री विचार' कवितासङ्ग्रह- २०५६ मा सङ्ग्रहित यस कविताको रचना २०५२ चैत्रमा भएको हो । हाम्रो समाजमा देवताहरुलाई खुसी पार्नका लागि भनी पशुहरुको बली गर्ने चलन रही आएको छ । बलीका पशुहरुले आफ्नो पीडा पोखी मानिसलाई सम्बोधन गर्दै पशुबली नगर्न आग्रह गरेको विषयवस्तुमा यो कविता आधारित रहेको छ । परोपकारका भाषण गर्दै धार्मिक उपदेश दिन जान्ने मानिसले मन्दिर जस्ता पवित्र ठाउँमा कुनै निरपराध प्राणीको हत्या गर्नु आफैँमा अधर्म भएकाले यस्तो क्रियाकलाप रोकिनुपर्छ भन्ने यस कविताको मूलभाव हो ।

**भाषाशैली र लय**

करुण रस प्रधान यस कवितामा पशुबलि गर्ने मानिसको क्रुर परम्पराको झल्को उतारिएको पाइन्छ । यहाँ केही तत्सम, तद्भव र मौलिक नेपाली शब्दहरु समेत प्रयोग भएका छन् । यी शब्दहरुले कवितामा स्वाभाविकता थपेका हुँदा भाषाशैली सरल नै देखिन्छ । छन्दयुक्त यस कवितामा लयात्मकता पनि उत्तिकै पाइन्छ । कविताको केही अंश यसप्रकार छ-

न हामी विद्याका न त विविध विद्या बलहरु
न कायाको शोभा न त विजय पार्ने मतहरु

विधाताको चित्र दुःख सुखद पिडा भय डर
रहेको यो देह सकल रिति ज्ञानी मन भर ॥

पृष्ठ- ४४

**बिम्ब, प्रतीक र अलङ्कार**

कवितामा जीवनजगतका विभिन्न बिम्बहरुको प्रयोग गरिएको पाइन्छ । अनुप्रास शब्दालङ्कार र रुपक अर्थालङ्कारको यहाँ उपस्थिति देखिन्छ । प्रतीक विधानको खासै उल्लेख्यता कवितामा पाइँदैन ।

**कथनपद्धति**

यस कवितामा कविले विचारलाई सोझै व्यक्त गरिएको छ । यसरी कथन कवितात्मक भएकाले कवि प्रौढोक्ति कथनपद्धति नै यस कविताको उक्ति ढाँचा बन्न पुगेको छ ।

**संरचना**

शिखरिणी छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ र त्यस्ता श्लोकहरु जम्मा सातवटा रहेका छन् ।

### ४.२.१.२१ प्रकृति कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'यात्री विचार' कवितासङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५२ जेठमा भएको हो । प्रकृतिले सबै जीव प्राणीहरु माथि निःस्वार्थ एवम् पक्षपात रहित व्यवहार गरी पालनपोषण गर्दै आएको विषयवस्तुमा यो कविता आधारित छ । ढिलासुस्ती नगरी, कुनै भूलचूक नगरी आफ्नो कार्यमा नित्यनिरन्तर लागिरहने प्रकृतिबाट मानिसले पनि पाठ सिक्नुपर्दछ भन्ने भाव यहाँ पाइन्छ । ठिक समयमा दिनरात हुनु, सूर्य, चन्द्र र ताराहरु एक निश्चित समयमा उदाउनु र अस्ताउनु, सबै ऋतुकाल र मौसमहरुको नियमितता हुनु जस्ता विशेषताले भरिपूर्ण कर्तव्यनिष्ठ प्रकृतिबाट हामीले ठूलो गुन पाएका छौं र यो गुण उतार्नु हाम्रो पनि कर्तव्य हुन्छ भन्ने यस कविताको आसय हो । केही कवितांश यसप्रकार छ-

तिम्रा पक्षहरुबाट हामी सेवा स्वभूमिको
गरेर ऋणको चुक्ता गरुँ मानव जन्मको ॥
(यात्री विचार- २०५६, पृ. ४६)

### भाषाशैली र लय

छन्दयुक्त यस कविताको भाषाशैली सरल र सहज छ । केही तत्सम, तद्भव र नेपाली मौलिक शब्दको यहाँ प्रयोग पाइन्छ । लयात्मक शैलीमा रचिएको यो कविता सुबोध्य छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

जीवन र जगतका विभिन्न बिम्बहरु प्रयुक्त भएका यस कवितामा प्रकृतिलाई सत्गुरुको प्रतीक मानिएको छ । यहाँ अनुप्रास शब्दालङ्कार र रुपक अर्थालङ्कारको प्रयोग गरिएको छ ।

### कथनपद्धति

यस कवितामा कथयिता कविले आफ्ना आत्मानुभूतिलाई अप्रत्यक्षतः भाव प्रति सम्बोधन गरी प्रकट गरेका छन् । त्यसैले कविताको उक्ति ढाँचा कवि प्रौढोक्ति नै भएको देखिन्छ ।

### संरचना

अनुष्टुप छन्दमा रचित यस कवितामा दुई पङ्क्तिको एक श्लोक बनाइएको छ । जम्मा सोह्र श्लोकहरुबाट सिङ्गो कविता बन्न पुगेको छ ।

## ४.२.१.२२ 'पाउ' कविताको अध्ययन

### विषयवस्तु एवम् भाव

२०५४ सालमा रचना भई 'यात्री विचार' कविता सङ्ग्रहमा सङ्ग्रहित भएको यस कवितामा खुट्टाहरुले मानिसलाई विभिन्न ठाउँसम्म पुऱ्याई मानवका अनेक कार्य र चाहनाहरु पूर्ण गर्ने गरेको विषयवस्तु रहेको पाइन्छ । हिँडेकै भरमा मानिस अनेक उकाली-ओराली, वनपाखा, पहाड र हिमालका शिखरसम्म समेत पुग्न सक्ने हुँदा खुट्टाका यस्ता कार्यका लागि आश्चर्य र धन्यवाद समेत प्रकट गरिएको छ । मानिसले जहाँ, जहिले र जस्तोसुकै ठाउँमा जाने निर्देशन दिए पनि आज्ञाकारी सेवकझैं त्यहीँ पुऱ्याउन अघि बढ्ने हुँदा यहाँ खुट्टाहरुको आज्ञाकारिताको प्रशंसा गरिएको छ । कवि स्वयंले पनि नेपालका प्रत्येक जिल्लाहरुको भ्रमण गरेका हुँदा दुर्गम

ठाउँहरुमा हिँडेर जाँदा आउने कठिनाइको स्मरण र अनुभव यस कवितामा व्यक्त गरेको भाव स्पष्ट हुन्छ । कविताका केही पङ्क्ति यसप्रकार छन् :

स्वदेशताको दर्शन गरायौ
बेसी हिमाल मैदान धायौ
हिँड्यौ, गऱ्यौ मान सबै दिशाको
पुग्यौ र फेऱ्यौ गाउँ टाढाको ॥
(यात्री विचार- २०५६, पृ. ४८)

### भाषाशैली र लय

छन्दयुक्त यस कवितामा भाषाशैली सरल, कलात्मक र सुबोध्य छ । यहाँ केही तत्सम, तद्भव र आगन्तुक शब्दको समेत प्रयोग भएको पाइन्छ । लययुक्त यो कविता श्रुतिमधुर बन्न पुगेको छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

कवितामा जीवनजगतका विभिन्न बिम्बहरुको प्रयोग देखिन आएतापनि प्रतीक विधानको भने खासै प्रयोग भएको पाइँदैन । यहाँ अनुप्रास शब्दालङ्कार र प्रश्नालङ्कारको समेत प्रयोग पाइन्छ ।

### कथनपद्धति

खुट्टालाई मानिसको रुपमा सम्बोधन गरी मानवीकरण गरिएको यस कवितामा कवि प्रौढोक्ती कथनपद्धति अँगालिएको छ । यहाँ कथयिता कविले कथ्यलाई प्रस्तुत गरेको कथन द्वितीय पुरुषमा छ ।

### संरचना

सवाइ छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ । जम्मा नौ वटा श्लोकबाट सिङ्गो कविता निर्मित छ ।

### ४.२.१.२३ 'राष्ट्रगान' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'यात्री विचार' कविता सङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५२ सालमा भएको हो । नेपाल, नेपाली र नेपालको झण्डाका बारेमा उल्लेख गर्नु यस कविताको मुख्य विषयवस्तु रहेको छ ।

**भाषाशैली र लय**

लोक छन्दमा रचित यस कविताको भाषाशैली सरल नै छ । केही तत्सम, तद्भव र आगन्तुक शब्दको समेत प्रयोग कवितामा पाइन्छ । लययुक्त कविता श्रुति मधुर पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

यस कवितामा जीवन र जगतका केही सामान्य बिम्बको प्रयोग भएको पाइन्छ । यहाँ फूल जस्ता शब्द स्वदेशको प्रतीकका रुपमा लिइएको छ । अन्त्यानुप्रासयुक्त यस कवितामा रुपक शब्दालङ्कारको समेत उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कविले यस कवितामा आफैँ सिधै कवितात्मककथन गरेका छन् । अतः कवितामा कवि प्रौढोक्ति कथनपद्धति अँगालिएको छ ।

**संरचना**

लोक छन्दमा रचित यस कविताको पहिलो विश्राम सात पङ्क्तिको, दोस्रो, तेस्रो, चौथो र पाँचो विश्राम पाँचपाँच पङ्क्तिका एवम् छयौं विश्राम छ पङ्क्तिको रहेको छ । कवितामा जम्मा तेत्तीस हरफका ६ वटा विश्राम रहेका छन् ।

### ४.२.१.२४ 'नविन' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५२ मङ्सिरमा भएको पाइन्छ । प्रत्येक मानिस नौलोपना रुचाउँछ । नौलो ठाउँ, नयाँ यौवन, नयाँ ॠतु र नयाँ

वातावरणमा रमाउन चाहने मानव समाजमा नवीनताको तिर्खा रही रहन्छ भन्ने यस कविताको विषयवस्तु रहेको छ । चालचलन, खान, पान र पहिरन सबै कुरामा नौलोपनाको इच्छा राख्ने मानिसले समय र परिस्थितिलाई समेत ख्याल राख्न सक्नुपर्दछ भन्ने यस कविताको मूलभाव रहेको छ ।

**भाषाशैली र लय**

छन्दयुक्त यस कवितामा सरल, सहज र पद्य भाषाशैलीको कलात्मक प्रयोग गरिएको छ । लयको आन्तरिक गुम्फनले कविता श्रुतिमधुर बनेको छ । कविताका केही हृदयस्पर्शी पङ्क्तिहरु यसप्रकार छन्-

कलकल जलधीका धार ज्योति मुहान
जनजनसँग सेवा गर्न खोज्छन् महान ।
जीउभरि पवनैले हात राखी मुसारी
नरम सुखद स्वाद दिन्छ सेवा सवारी ॥
(यात्री विचार- २०२६, पृ. ५१)

**बिम्ब, प्रतीक र अलङ्कार**

विभिन्न प्राकृतिक बिम्बहरुको प्रयोग भएको यस कवितामा आकाशलाई पात्रका प्रतीकका रुपमा लिइएको छ । यहाँ अनुप्रास शब्दालङ्कारको प्रयोग हुनुका साथै रुपक र अर्थान्तरन्यास अर्थालङ्कारको समेत उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

यस कवितामा कविको भावनालाई सोझै व्यक्त गरिएको छ । प्रथम पुरुषमा आत्मालापित यस कवितामा कवि प्रौढोक्ति कथन पद्धति अँगालिएको छ ।

**संरचना**

मालिनी छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ । यस्ता जम्मा सातवटा श्लोकबाट सिङ्गो कविता बनेको छ ।

### ४.२.१.२५ 'पशुपति' कविताको अध्ययन

#### विषयवस्तु एवम् भाव

यस कविताको रचना २०५३ सालमा भएको हो जुन यात्री विचार कविता सङ्ग्रहमा प्रकाशित छ । भगवान शिवको स्तुतिगान नै यस कविताको मुख्य विषयवस्तु बन्न पुगेको छ । पशुपतिनाथ अर्थात् भगवान शिवलाई सबै भक्तजनहरुले श्रद्धाभक्ति पूर्वज पूजा गर्दछन् जसको कारण मानिसले सुख, शान्ति एवम् मुक्ति पाउन सक्ने आकाङ्क्षा लिएका हुन्छन भन्ने यस कविताको मूलभाव रहेको छ । हिन्दू धर्मावलम्बीहरुका आराध्यदेव पशुपतिनाथको मन्दिर नेपालमा भएको र देशविदेशका विभिन्न भक्तजनहरु यस प्रति श्रद्धाभाव राख्छन् भन्दै यहाँ शिव महिमा यसरी गाइएको छ-

उदारैको भाव शिव मुख कृपालू नयन हो
प्रपञ्चैको शिर पशुपति कृपानाथ पनि हो ।
सबै ज्योतिर्लिङ्ग जब स्वरुप एक हुन पुगे
सबैबाट उब्जी पशुपति प्रपञ्चै मुख उठे ॥
(यात्री विचार- २०५६, पृ. ५३)

#### भाषाशैली र लय

कवितामा भजयति, पाथ र लोकत्रय जस्ता केही तत्सम शब्दका साथै तद्भव र अनुकरणात्मक शब्दको समेत प्रयोग पाइन्छ । भाषाशैली सरल, सुबोध र सहज छ । लयको आन्तरिक गुम्फनले कविता मधुर बन्न पुगेको छ ।

#### बिम्ब, प्रतीक र अलङ्कार

नेपाली गाउँठाउँ, नदी, तलाउ र हिमाललाई शिवका प्रतीक मानिएको यस कवितामा विभिन्न लौकिक एवम् पारलौकिक बिम्बहरु रहेका पाइन्छन् । यहाँ अनुप्रास शब्दालङ्कार र रुपक, उत्प्रेक्षा र दीपक अर्थालङ्कारको प्रयोग देखिन्छ ।

#### कथनपद्धति

कवितामा कविको मानसपटलमा उत्पन्न भएका भाव एकलापीय पद्धतिमा प्रस्तुत भएका छन् । यसर्थ यहाँ कवि प्रौढोक्ति कथनपद्धति अँगालिएको छ ।

**संरचना**

जम्मा बाह्रवटा श्लोकमा संरचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ। कविता शिखरिणी छन्दमा विरचित भएको देखिन्छ।

### ४.२.१.२६ 'कलम' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

२०४९ सालमा रचना भई यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित यस कवितामा मानव सभ्यताको सुरुमा के कस्तो थियो होला ? मानिसले आफ्ना विचार र भावनाहरु अक्षरका रुपमा उतार्दा कलमले सबैभन्दा पहिले के कुरा लेखेको थियो होला ? उहिलेका सज्जनहरुले के कस्ता काम गरे होलान् भन्ने जस्ता कविका अनेक जिज्ञासा र कल्पनाहरुको चित्रण मै यस कविताको विषयवस्तु रहेको छ। मानिस एक विवेकशील प्राणी भएकाले पनि एक अर्काको सुख-दुःख बुझ्न सक्नुपर्दछ। अर्काका विचारहरुको पनि कदर गर्न सक्नुपर्दछ भन्ने यस कविताको मूलभाव रहेको पाइन्छ।

**भाषाशैली र लय**

अनुप्रासीय शब्दको बाहुल्यता रहेको यस कवितामा केही तत्सम र तद्भव शब्दहरुको समेत प्रयोग हुन आएको छ। यहाँ प्राय : नेपाली जनजिब्रोले पचाएका शब्दहरुकै प्रयोग भएकाले बोधगम्यता एवं सरला पनि रहेको पाइन्छ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवन र जगतका विभिन्न बिम्बहरुको प्रयोग यस कवितामा पाएतापनि प्रतीक विधानको प्रयोग भने खासै देखिंदैन। यहाँ रुपक र प्रश्नालङ्कारको उपस्थिति देखिन्छ।

**कथनपद्धति**

यस कवितामा कविले आफ्ना विभिन्न मनोभावनाहरु भावलाई सम्बोधन गरी प्रश्नात्मक शैलीमा प्रस्तुत गरेका छन्। यसर्थ यहाँ कवि प्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको छ।

**संरचना**

कविताको रचना मालिनी छन्दमा भएको छ । दुई हरफको एक श्लोक गरी जम्मा चौधवटा श्लोकबाट सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.२७ 'हितकुरा' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०४१ असोजमा भएको हो । उपदेशात्मक यस कवितामा मानिसले आफ्नो र अर्काको भलाई हुने खालका कार्य गर्नुपर्दछ । नैतिक र इमान्दार बन्न सिक्नुपर्दछ भन्ने नैतिक चेतना दिनु नै यस कविताको मुख्य विषयवस्तु रहेको छ । मानिसले व्यर्थमा समय गुमाउनु भन्दा गुरु कहाँ गई ज्ञान प्राप्त गर्ने, सत्सङ्ग गर्ने र धार्मिक प्रवचन सुन्ने गर्नुपर्दछ । विद्या आर्जन र पुरुषार्थ जस्ता कार्यहरु गरी जीवनको सदुपयोग गर्नुपर्दछ भन्ने भाव यस कवितामा पाइन्छ । कविताका केही पङ्क्ति यसप्रकार छन्-

सुन्नु सधैँ हरिकथा सतसँग धाई
भन्नु सधैँ हित कुरा जन अग्रलाई
खानु प्रशन्न मनले शुभ प्राप्त भोज
सच्चा मनुष्यसँगको गरिराख्नु खोज ॥

(यात्री विचार- २०५६, पृ. ५८)

**भाषाशैली र लय**

कविताको भाषाशैली सरल र सहज छ । शास्त्रीय छन्दमा रचित यस कवितामा छन्दको अन्तर्लयात्मक साङ्गितिकता पाइन्छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवनजगतका सामान्य बिम्बहरुको प्रयोग भएको यस कवितामा अनुप्रास शब्दालङ्कार र अर्थान्तरन्यास अर्थालङ्कारको उपस्थिति देखिन्छ । कवितामा प्रतीक विधानको प्रयोग भने खासै पाइँदैन ।

**कथनपद्धति**

यस कवितामा कविले आफ्ना मनोभावलाई उपदेशात्मक रुपमा द्वितीय पुरुष कथनशैलीमा प्रस्तुत गरेका छन् । यसर्थ कविताको उक्तिढाँचा कवि प्रौढोक्ति रहेको पाइन्छ ।

**संरचना**

कविता वसन्ततिलका छन्दमा रचिएको छ । यसमा सातवटा श्लोकहरु रहेका छन् । जसमध्ये प्रत्येक श्लोक चारपङ्क्तिले बनेका छन् ।

### ४.२.१.२८ 'गरीब' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

गरीब कविताको अध्ययन २०४९ सालमा भएको हो, जुन 'यात्री विचार' कविता सङ्ग्रहमा प्रकाशित छ । यस कवितामा गरीबले आफ्नो परिश्रमको सानो कमाईबाट नै गुजारा चलाउनुपर्ने अवस्था दर्शाएको छ । परिश्रमपूर्वक दुईचार पैसा कमाएर जेनतेन आफ्नो घरपरिवारको पालनपोषण गर्ने गरीबमाथि विभिन्न प्रकारका शोषणहरु हुने गर्दछन् । तर जेजस्तो स्थितिमा पनि ऊ शान्त र सुखी रहन्छ भन्ने आसय यस कवितामा रहेको छ ।

निवास सानो छाप्रो देखिन्छ
प्रशन्न त्यसमा ऊबसी रमन्छ ।
ऊ साधु सच्चा प्रकृति छ साथ
आफ्नो गुनासो आफ्नै छ माथ ॥
(यात्री विचार- २०५६, पृ. ६०)

**भाषाशैली र लय**

यस कविताको भाषाशैली सरल र सहज देखिन्छ । लयात्मक शैलीमा रचित यस कवितामा तत्सम, तद्भव र केही आगन्तुक शब्दहरुको प्रयोग पाइए पनि ती सबै बोधगम्य नै छन् ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवन र जगतका सामान्य बिम्ब र प्रतीकको प्रयोग कवितामा पाइन्छ । यहाँ शब्दालङ्कारमा उपमाको उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

यस कवितामा कविले आफ्ना विचारहरुलाई एकलापीय पद्धतिमा प्रस्तुत गरेका छन् । अतः यहाँ कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग भएको छ ।

**संरचना**

झ्याउरे छन्दमा रचना गरिएको यस कवितामा चार पङ्क्तिको एक कवितांश गरी जम्मा तेह्रवटा कवितांशबाट सिङ्गो कविता बनेको छ ।

### ४.२.१.२९ 'मेला' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'मेला' कविताको रचना २०४९ मंसिरमा एवम् प्रकाशन 'यात्री विचार' कविता सङ्ग्रह-२०५६ मा भएको हो । नेपालमा विदेशी भाषा र संस्कृतिको बढ्दो प्रभावलाई नै यस कविताले आफ्नो विषयवस्तु बनाएको पाइन्छ । हाम्रो परम्परागत आर्यभाषामा आमा, बुबा जस्ता शब्दहरुको प्रयोग हुँदै आएकोमा तिनको सट्टा मम्मी, डेडी जस्ता शब्दहरुको प्रयोग गरिनु राष्ट्रियता बिरोधी गतिविधि भएको कुरा कविताको मूलभाव रहेको छ ।

**भाषाशैली र लय**

गद्यात्मक शैलीमा रचिएको यस कवितामा कविले केही मौलिक शैली र शब्दको प्रयोग गरेका छन् । लयात्मकतामा खासै सङ्गति नदेखिएतापनि शब्दहरु भने बोध गम्य नै छन् । कवितामा अनुप्रासीय शब्दको अधिकता रहेको पाइन्छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवन र जगतका सामान्य बिम्ब र प्रतीकको प्रयोग भएको यस कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोग हुनुका साथै छेकानुप्रास र वृत्यनुप्रासको पनि उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कविको मनमस्तिष्कमा उब्जिएका भावनाहरु एकोहोरो रुपमा भएका हुँदा यस कवितामा कवि प्रौढौक्ति उक्ति ढाँचाको प्रयोग भएको पाइन्छ ।

**संरचना**

झ्याउरे छन्दमा रचिएको यस कवितामा दुई पंक्तिको एक श्लोक गरी जम्मा चौधवटा श्लोकहरुबाट सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.३० 'अन्तरात्मा' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

साहित्यकार खेमराज ओझाको काव्यायात्राको दौरान २०५४ सालमा रचना भई 'यात्री विचार' कविता सङ्ग्रह- २०५६ मा सङ्ग्रहित यस कवितामा आत्मालाई शरीरको गुरुका रुपमा चित्रण गरिएको छ । मानव शरीरमा सेवा शील र स्वभाव जस्ता सत्गुणहरु फुल्ने गर्दछन् । यस्ता गुणहरुको सदुपयोग गरी मानिसलाई असलमार्गतिर प्रेरित गर्ने कार्य आत्माले गर्दछ भन्ने मूलभाव यस कवितामा पाइन्छ । कविताका केही पङ्क्ति यसप्रकार छन्-

आत्मा रक्षक देह यो छ बढिमा साँचो गुरु कामको ।
सच्चा शाश्वत कर्मका सँग मिली छोड्ने छ त्यो जीवको ॥
(यात्री विचार- २०५६, पृ. ६५)

**भाषाशैली र लय**

देह, उज्ज्वल, शाश्वत र नित्य जस्ता केही तत्सम शब्द, आदत, बढिया र छिपी जस्ता आगन्तुक एवम् अन्य केही नेपाली मौलिक शब्दहरु समेत प्रयोग भएका यस कविताको भाषाशैली सरल, सहज र एवम् बोधगम्य नै रहेको छ । शास्त्रीय छन्दमा रचित यो कविता लयको आन्तरिक गुम्फनले श्रुतिमधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

आत्मालाई गुरुको प्रतीक मानिएको यस कवितामा सेवा, शील र उदार जस्ता सत्गुणलाई मानिस भित्र फुल्ने फूलको रुपमा लिइएको छ । जीवनजगतका विभिन्न बिम्बहरुको प्रयोग यहाँ पाइन्छ । कवितामा उपमा अर्थालङ्कार र अनुप्रास शब्दालङ्कारको उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

यो कविता कविको मानसपटलमा उब्जिएका भावहरुको एकलाप कथनमा आधारित छ । यहाँ कविको सोझो अभिव्यक्ति भएकाले कविप्रौढोक्ति उक्तिढाँचामा कविता रचित छ ।

**संरचना**

कविताको रचना शार्दूल बिक्रीडित छन्दमा गरिएको छ । दुई पङ्क्तिको एक श्लोक गरी जम्मा १९ वटा श्लोकको योगबाट सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.३१ 'विणेश्वर' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

कवि ओझाका पुज्य ग्राम्य देवताको मन्दिरको नाम 'विणेश्वर' हो । यसै नामबाट कविताको शीर्षक राखी त्यस मन्दिरको बारेमा वर्णन गरिएको छ । यस कविताको रचना २०५२ सालमा भएको हो, जुन यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित छ । मन्दिरको वस्तुस्थितिको वर्णन यहाँ गरिएको छ ।

वनजङ्गलको बीचमा अवस्थित ठाउँ अनि पहाडको माथिल्लो भाग, प्रकृतिको सुन्दर अनि एकान्त ठाउँमा विणेश्वर मन्दिर अवस्थित रहेको छ भन्ने यस कविताको मूलभाव रहेको पाइन्छ ।

**भाषाशैली र लय**

धनारण्य, पीयुष, विशाल, सन्ध्या र निशा जस्ता कतिपय संस्कृत भाषाका शब्दहरुको प्रयोग कवितामा गरिएतापनि ती सबै सुबोध्य नै छन् । भाषाशैली सरल र सहज छ । कविता लयात्मक छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

प्रकृतिका विभिन्न बिम्बहरुको प्रयोग कवितामा गरिएको छ । यहाँ उपमा र रुपक अर्थालङ्कार अनि अनुप्रास शब्दाथलाङ्कारको प्रयोग भएको छ । जस्तै :

घनारण्यै बाटो पदपद उकाली खुटकिला
        चढी हिँड्दा माथि चउतरफ चौकी सम शिला ।
उचा थुम्का फेरी शिखर शिर अल्का समथर
        महादेवस्थान धरमथल मेरो विणेश्वर ॥

पृ. ६७

**कथनपद्धति**

कवि प्रौढोक्ति उक्ति ढाँचामा रचना गरिएको यस कवितामा कविले आफ्नो मनोभावहरुलाई वर्णानात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

**संरचना**

यस कवितामा शिखरिणी छन्दको प्रयोग गरिएको छ । चार पङ्क्तिको एक श्लोक गरी जम्मा दश श्लोकबाट सिङ्गो कविता बन्न पुगेको छ ।

## ४.२.१.३२ 'नारी' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

साहित्यकार ओझाद्वारा यस कविताको रचना २०५४ सालमा गरिएको हो, जुन यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित भएको छ । पृथ्वीका महान वीर र योद्धाहरुलाई जन्म दिने नारीहरुको सामाजिक एवम् घरगृहस्थीका क्षेत्रमा महत्वपूर्ण योगदान रही आएको छ भन्ने विषयवस्तुमा यो कविता आधारित छ ।

नारी घरकी एक प्रतिमा तिन्को मङ्गल काज ।
जन्म दिलाई बीरहरुको दिन्छन् छाती थात ॥
(यात्री विचार- २०५६, पृ. ६९)

पत्नी, बुहारी, आमा र सासूजस्ता विभिन्न रुपमा रही तदनुसारका कामकर्तव्यहरु निर्वाह गर्दै सासू-ससुरा र पति लगायत घरका विभिन्न सदस्यहरुसित सामन्जस्यता मिलाउनुमा पनि नारीको अहम भूमिका रहने गर्दछ । परिवार, समाज र राष्ट्रको लागि समेत केही महत्वपूर्ण योगदान दिन सक्ने नारीको भूमिका महत्वपूर्ण रही आएको छ भन्ने यस कविताको मूलभाव रहेको पाइन्छ ।

**भाषाशैली र लय**

कविताको भाषाशैली सरल र सहज छ । केही तत्सम र तद्भव शब्दहरुको समेत प्रयोग गरिए पनि ती अबोधगम्य भने छैनन् । कवितामा लयात्मकता एवम् साङ्गितिकता पनि पाइन्छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

मानव जीवनका विभिन्न बिम्बहरुको प्रयोग पाइने यस कवितामा नारीका लागि 'घर्तीको बहिनी', 'राष्ट्रकी माता' जस्ता प्रतिकात्मक शब्दको प्रयोग गरिएको छ । अन्त्यानुप्रास युक्त यस कवितामा रुपक अलङ्कारको उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कविले आफ्ना भावलाई सोझै कविताका माध्यमद्वारा व्यक्त गरेका छन् । अतः यहाँ कवि प्रौढोक्ति उक्ति ढाँचाको प्रयोग भएको छ ।

**संरचना**

कविताको रचना दोहा छन्दमा गरिएको छ । दुई पङ्क्तिको एक श्लोक गरी जम्मा चौधवटा श्लोकबाट सिङ्गो कविता बन्न पुगेको छ ।

## ४.२.१.३३ 'आषाढ' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यस कविताको रचना २०५४ सालमा तथा प्रकाशन 'यात्री विचार' कविता सङ्ग्रह २०५६ मा भएको हो । आषाढ महिनाले प्रशस्त रुपमा पानी वर्षाई बोटबिरुवा एवम् बालीनाली हुर्काउनमा मद्दत गर्दछ । वर्षभरिका लागि आवश्यक पर्ने अन्न रोपिने यो महिना किसानहरुका लागि मात्रै नभएर सम्पूर्ण मानवजाति एवम् जीव-वनस्पतिका लागि पनि महत्वपूर्ण रहेको हुन्छ भन्ने यस कविताको मूलभाव रहेको छ । आषाढको वर्णनमा कविका केही शब्द यसप्रकार छन् :

गर्दै व्याख्या गुलियो प्रतिनिधि बढिमा धन्य आषाढ हाम्रो ।
ल्यायो वर्षा दरिलो मरुतसँग लडी काम निष्पक्ष राम्रो ॥
(यात्री विचार- २०५६, पृ. ७१)

**भाषाशैली र लय**

शास्त्रीय छन्दमा रचित यस कविताको भाषाशैली सरल र सहज छ । तत्सम तद्भव र 'घर-घर', 'कण-कण' जस्ता द्वित्व शब्दको समेत प्रयोग पाइने यस कवितामा लयको आन्तरिक गुम्फनले श्रुतिरम्यता थपिएको छ ।

**कथनपद्धति**

भावलाई सम्बोधन गरेर कविका एकलापीय विचारहरु कवितामा प्रस्तुत भएका छन् । यसर्थ यहाँ कवि प्रौढोक्ति उक्ति ढाँचाको प्रयोग भएको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवन र जगतका विभिन्न बिम्बहरुको प्रयोग यस कवितामा भएको छ । यहाँ अगुवा, नेता जस्ता प्रतीकात्मक शब्दहरु आषाढका लागि प्रयोग गरिएको पाइन्छ । यहाँ रुपक अर्थालङ्कार र अनुप्रास शब्दालङ्कारको उपस्थिति देखिन्छ ।

**संरचना**

स्रग्धरा छन्दमा रचित यस कवितामा चार हरफको एक श्लोक गरी जम्मा सातवटा श्लोकहरुबाट सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.३४ 'माटो' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

साहित्यकार खेमराज ओभ्काको साहित्ययात्राको दौरान २०५४ सालमा रचना भई 'यात्री विचार' कविता सङ्ग्रहमा सङ्ग्रहित यस कवितामा धरतीलाई माटोको रुपमा लिई प्रतिकात्मक शीर्षक राखिएको छ । मानिस यसै धरतीमा जन्मिन्छ, पालिन्छ र बिलाएर समेत जान्छ । मानवका लागि अत्यन्त आवश्यक गास, बास र कपास जस्ता भौतिक पूर्वाधारहरु माटो मै हुन्छन् । यस धरतीले अनेक महापुरुष र बीर पुरुषहरु जन्माई सकेको छ । हामीले पनि देशको माटोका लागि केही न केही योगदान अवश्य दिएर जानुपर्दछ भन्ने यस कविताको मूल भाव हो ।

घरघर माटो सबको माटो
हिँड्ने, कुदने पुजने माटो ।
जनम मृत्युको आँचल छोड्ने
माटो पदपद बस्ने हेर्ने ॥

(यात्री विचार- २०५६, पृ. ७४)

**भाषाशैली र लय**

कवितामा हरित, शिर र पण्डित जस्ता तत्सम शब्दहरु अनि घरघर र पदपदजस्ता द्वित्व शब्दको समेत प्रयोग भएको छ । अनुप्रासयुक्त शब्दहरुको प्रयोगले कविता श्रुतिरम्य बन्न पुगेको छ । सरल र सहज र भाषाशैलीको प्रयोगले बोधगम्यता भएको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

धरतीलाई माटोको प्रतीकका रुपमा लिइएको यस कवितामा जीवनजगतका विभिन्न बिम्बहरुको प्रयोग पाइन्छ । यहाँ अनुप्रास शब्दालङ्कारका साथै रुपक र उत्प्रेक्षा जस्ता अर्थालङ्कारको समेत उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कविले आफ्नो मनोभावहरुलाई कवितात्मक शैलीमा प्रस्तुत गरेका छन् । यसर्थ यहाँ कविप्रौढोक्ति उक्ति ढाँचाको प्रयोग भएको पाइन्छ ।

**संरचना**

यस कविताको रचना चौपाई छन्दमा भएको छ । चार पङ्क्तिको एक श्लोक गरी जम्मा सात श्लोकबाट सिङ्गो कविता बन्न पुगेको छ ।

## ४.२.१.३८ 'के त्यो सेवा' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'यात्री विचार' कविता सङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५४ सालमा भएको हो । कवितामा मानिसले निःस्वार्थ सेवा गर्न सिक्नुपर्दछ । सूर्य, नदी र वनस्पतीहरुले जीव जन्तुहरुलाई निस्वार्थ रुपमा घाम, पानी र अन्न आदि दिइरहने हुँदा मानिसमा पनि उचित सेवाको भावना हुनुपर्दछ भन्ने विषयवस्तुमा यो कविता आधारित छ । मानिसको मन स्वच्छ र निस्कपट हुनुपर्दछ । राष्ट्रभक्ति र परोपकार मानिसमा हुनैपर्ने गुण हुन् । असल विचार र पुरुषार्थलाई मानिसले कहिल्यै त्याग्नु हुन्न भन्ने यस कविताको मूलभाव हो ।

**भाषाशैली र लय**

शास्त्रीय छन्दमा रचित यस कवितामा मानवका आचार, विचार र व्यवहारप्रति विभिन्न प्रश्नहरु तेर्स्याइएका छन् । कविले प्रश्नात्मक शैलीमा आफ्ना विचारहरु कविताको माध्यमबाट प्रस्तुत गरेका छन् । कविता लययुक्त भएकाले श्रुति मधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

कवितामा जीवन र जगतका केही सामान्य बिम्बहरु रहेका पाइन्छन् । अनुप्रास शब्दालङ्कार र अर्थान्तरन्यास अर्थालङ्कारको प्रयोगले कविताको सौन्दर्य बढेको छ । प्रतीक बिधानको प्रयोग भने कवितामा खासै पाइँदैन ।

**कथनपद्धति**

भावलाई सम्बोधन गरी प्रश्नात्मक शैलीमा कथन प्रस्तुत गरिएको छ । यहाँ कवितात्मक कथन भएको हुँदा कवि प्रौढोक्ति उक्तिढाँचाको प्रयोग हुन पुगेको छ ।

**संरचना**

कविताको रचना मन्दाक्रान्ता छन्दमा गरिएको छ । यहाँ दुई पङ्क्तिबाट एक श्लोक बनेको छ र यस्ता जम्मा बाह्रवटा श्लोकबाट सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.३६ 'गाउँबस्ती' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

'यात्री विचार' कविता सङ्ग्रहमा संग्रहित यस कविताको रचना २०४६ सालमा भएको हो । गाउँबस्तीहरुमा पाइने रुख बिरुवाहरुको हरियाली, अन्नबाली झुलेका फाँटहरु एवम् शान्त र सुन्दर प्राकृतिक वातावरणको चित्रण आदि नै यस कविताको मुख्य विषयवस्तु रहेको पाइन्छ । आफूले जन्मे हुर्केको गाउँबाट टाढा हुन पुग्दाको बियोग जन्य पीडा कविले यहाँ व्यक्त गरेका छन् । बालक अवस्थामा ग्रामीण वातावरणमा खेल्दै बिताइएको क्षणहरुको चित्रण यसप्रकार गरिएको छ-

मेरा खेल्ने वन चहुर ती याद गर्लान् मलाई
मेरो माया बुझ्न सक्ने जन्मभूमी मलाई ॥

मेरा द्यौता गगन चुलीका नीर ल्याई दिने ती
के सोच्दा हुन् अलग बस्दा मैले मेरा सबै ती ॥

(यात्री विचार- २०५६, पृ. ७६)

आफ्नो जन्मभूमिको सम्झनामा उठेका भावहरु कवितात्मक रुपमा यहाँ प्रस्तुत भएका छन् । “मैले खेलेका वन र चौरहरु, मेरो माया बुझ्न सक्ने जन्मभूमिले मलाई याद गरिरहेका होलान् ।” भनेर मातृभूमिको सम्झना गरिएको हुँदा यहाँ प्रकृतिको मानवीकरण भएको छ ।

**भाषाशैली र लय**

कवितामा हरित, नयन, चारु र मनुज जस्ता तत्सम शब्द, धौला मीठो जस्ता तद्भव शब्दका साथै नेपाली झर्रा शब्दको समेत प्रयोग भएको छ । शास्त्रीय छन्दमा रचित कविताको भाषाशैली सरल र सहज छ । लयको आन्तरिक गुम्फनले कविता श्रुतिरम्य बनेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

विभिन्न प्राकृतिक बिम्बहरुको प्रयोग यस कवितामा पाइन्छ । डाँडा, धुरा र वनलाई सङ्गिनीको प्रतीकका रुपमा लिइएको छ । डाँडा, धुरा र वनलाई सङ्गिनीको प्रतीकका रुपमा लिइएको छ । यहाँ अनुप्रास शब्दालङ्कार र रुपक एवं उपमा अर्थालङ्कारको उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कवितामा कवि प्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको छ । तृतीय पुरुषीय शैलीमा कविका भावनाहरु यहाँ प्रस्तुत भएका छन् ।

**संरचना**

मन्दाक्रान्ता छन्दमा रचित यस कवितामा दुई पङ्क्तिको एक श्लोक बनाइएको छ । यस्ता बाह्रवटा श्लोकहरुको सङ्ग्रहबाट सिङ्गो कविता बाह्रवटा श्लोकहरुको सङ्ग्रहबाट सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.३७ 'फूल' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यस कविताको रचना २०५३ सालमा तथा प्रकाशन यात्री विचार कविता सङ्ग्रह- २०५६ मा भएको हो । कवितामा युवा अवस्थालाई फूलका रुपमा लिइएको छ । जसरी फूल आकर्षणको केन्द्र हुन्छ त्यसैगरी युवा अवस्थामा पनि गर्ने र हुन सक्ने दुबै क्षमता रहन्छन् । देउताहरु समेत युवा अवस्था प्रति मोहित हुन पुग्ने प्रसङ्ग कविले उठाएका छन् । वृक्षहरुमा वषन्त थपिएपछि फूल लाग्ने गरेजस्तै युवा अवस्था पनि मानव शरीरको विकसित अवस्था हो र यसमा संगीत, सुन्दरता र आनन्दको त्रिवेणी हुन्छ भन्ने यस कविताको मूलभाव रहेको छ ।

**भाषाशैली र लय**

कवितामा तत्सम, तद्भव र मोला, बोला जस्ता कविका केही मौलिक शब्दहरु समेत समावेश भएका छन् । शास्त्रीय छन्दमा रचित यस कविताको भाषाशैली सरल, सहज एवं बोधगम्य छ । कविता भावपूर्ण र ओजपूर्ण भएको स्पष्टता प्रस्तुत पद्यांशले झल्काउँछ ।

सम्पन्न ती कुसुमका उदय बिहानी
        जवानीमा अमर छन् तिनका कहानी ।
वसन्तका नजिकमा अरु ती महङ्गा
        विस्तारको स्वरुप त्यो परतन्त्र गङ्गा ॥
                                (यात्री-विचार-२०५६, पृ. ७८)

**बिम्ब, प्रतीक र अलङ्कार**

कवितामा जीवन र जगतका विभिन्न बिम्बहरुको प्रयोग पाइन्छ । यहाँ फूललाई जवानीको प्रतीक मानी कविताको प्रतिकात्मक शीर्षक राखेको पाइन्छ । यस कवितामा अनुप्रास शब्दालङ्कार र उत्प्रेक्षा अर्थालङ्कारको उपस्थिति देखिन्छ ।

**संरचना**

वसन्त तिलका छन्दमा यस कविताको रचना भएको छ । चार पङ्क्तिको एक श्लोक गरी जम्मा आठवटा श्लोक गरी जम्मा आठ वटा श्लोकबाट सिङ्गो कविताको निर्माण भएको छ ।

### ४.२.१.३८ 'कृषक' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित कृषक कविताको रचना २०५३ सालमा भएको हो । कृषकले परिश्रमपूर्वक खेतजोती, बिउँछरी, गोडमेल गरी, मलजल दिई अन्न उत्पादन गर्नाले नै धान, गहुँका सुनौला बालाहरु खेतमा झुल्न थाल्छन् र सबै मानिसका लागि आहारको रुप बन्न पुग्छन् भन्ने विषयवस्तुमा यो कविता आधारित छ ।

छोडी डाको गीतैको गगन चुली हेरी नीरमा आसलाई
मार्का मनका दबाई समय दिनसँग कृषकैको लडाई
गोरु उस्का पिठीका असल हित दिने चारु दादा गनिन्छन्
चिन्ता आँसु अतास फसल फलपछि मोतिका रुप लिन्छन् ।

(यात्री विचार- २०५६, पृ. ७९)

किरा कमिला र पन्छीदेखि उजाड वस्तीका मानिसहरु समेत किसानद्वारा उत्पादित अन्न खाएर नै जीवित, तृप्त र आनन्दित हुन पाउने कुरा प्रस्तुत गर्दै यहाँ किसानको योगदानको उच्च रुपमा मूल्याङ्कन गरिएको छ ।

**भाषाशैली र लय**

यस कवितामा उदर, मनुज र प्रातः जस्ता तत्सम शब्द, सुकिला, पिठी र रङ जस्ता तद्भव शब्द अनि केही मौलिक शब्द समेत प्रयोग भएका छन् । छन्द, अलङ्कार र भावको समिश्रण अनि समुचित शब्दहरुको प्रयोगले कविता उत्कृष्ट बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

मानव जीवनका विभिन्न बिम्बहरुको प्रयोग पाइने यस कवितामा अनुप्रास शब्दालङ्कार र बिरोधाभास अर्थालङ्कारको प्रयोग भएको पाइन्छ ।

**कथनपद्धति**

कविले आफ्ना विचारहरुलाई एकोहोरो रुपमा प्रस्तुत गरेका छन् । यसर्थ यहाँ कवि प्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको छ ।

**संरचना**

स्रग्धरा छन्दमा रचित यस कवितामा चार हरफको एक श्लोक बनेको छ । ६ वटा चतुस्पङ्क्ति श्लोकबाट सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.३९ 'हिमालय' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५१ सालमा भएको हो । सफा, सेतो र अग्लो हिमाल सधैँ उच्च आसनमा निर्भिक भएर बसिरहेको हुन्छ । आकाशबाट वर्षेका हिउँ र पानीका थोपा आफूमा धारण गरी समस्त लोकलाई सिञ्चित गर्ने हिमालयको वर्णनमा यो कविता आधारित छ । श्वेतवस्त्रधारी कुनै ऋषि जस्तै ध्यानमग्न अवस्थामा निश्चल देखिने हिमालयको वर्णन यसप्रकार गरिएको छ ।

अनौठाको शक्ति जनहित दयालु बनिकन
        खगोलैको भिक्षा लिई सब दिलाई जनजन ।
उचो सेवाकारी पर उपर हेर्न हिमलय
        उमा खेली बस्ने उपवन पियारो शिवलय ॥
                (यात्री विचार- २०५६, पृ. ८२)

यसप्रकार सदाचारी, निर्भिक, पार्वतीको उद्यान, दयालु र तपश्वी आदि विभिन्न नाम र रुपबाट हिमालयको वर्णन यस कवितामा गरिएको छ ।

**भाषाशैली र लय**

कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दहरुको समेत प्रयोग हुनुका साथै सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग भएको पाइन्छ । शास्त्रीय छन्दमा रचित कविता लयपूर्ण भएकाले श्रुतिमधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

मानवीय एवम् विभिन्न प्राकृतिक बिम्बहरुको प्रयोग पाइने यस कवितामा हिउँलाई पगडी, हिमाललाई त्रिलोकी स्वामी जस्ता प्रतिकात्मक शब्दको प्रयोग गरिएको छ । यहाँ अनुप्रास शब्दालङ्कारका साथै उत्प्रेक्षा, रुपक र उपमा अर्थालङ्कारको प्रयोग भएको देखिन्छ ।

**कथनपद्धति**

कवि प्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको यस कवितामा कथयिता कविका मनोभाव तृतीय पुरुषीय उक्तिढाँचामा प्रस्तुत भएका छन् ।

**संरचना**

शिखरिणी छन्दमा यस कविताको रचना गरिएको छ । चार पङ्क्तिको एक श्लोक गरी जम्मा दशवटा श्लोकबाट सिङ्गो कविता निर्मित भएको छ ।

## ४.२.१.४० 'गरीमा' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

साहित्यकार खेमराज ओझाको साहित्य यात्राको क्रममा २०५५ सालमा रचित यस कवितामा नेपाल र नेपालीको गरीमालाई विषयवस्तुको मूलआधार बनाइएको छ । सीता, बुद्ध र जनकले नेपालको आदर्श बढाएका छन् भन्दै जनकरपुर र लुम्बिनी नेपालका गरिमामय स्थान रहेको कुरा कवितामा दर्शाएको छ । उत्तरतिरका अग्ला हिमचुचुरा र गिरिराज सगरमाथा, अनि गौरीशंकर हिमालले नेपालको गरिमा झन् बढाएको छ । यहाँका सबै जातजाति, भेषभुषा र भाषाको संरक्षण भएमा मात्र नेपालको गरीमा दिगो रहन सक्ने कुरा यस कविताको मूलभाव रहेको छ ।

**भाषाशैली र लय**

कवितामा केही तत्सम र तद्भव शब्दहरु अनि विशेषगरी नेपाली मौलिक शब्दहरुको प्रयोग गरिएको छ । सरल एवम् सहज भाषाशैलीको प्रयोग गरिएको यस कवितामा सुबोध्यता एवम् श्रुति रम्यता पनि पाइन्छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

मानव जीवनका विभिन्न बिम्बहरुको प्रयोग देखिने यस कवितामा रुपक, उत्प्रेक्षा र उपमा अर्थालङ्कार अनि अनुप्रास शब्दालङ्कारको प्रयोग भएको छ ।

**कथनपद्धति**

कविका मनमस्तिष्कमा उब्जिएका भावहरु तृतीय पुरुषकथन शैलीमा प्रस्तुत भएका छन् । अतः यहाँ कविप्रौढोक्ति उक्ति ढाँचाको प्रयोग भएको देखिन्छ ।

**संरचना**

यस कविताको रचना झ्याउरे छन्दमा गरिएको छ । दुई पङ्क्तिको एक श्लोक गरी जम्मा बीसवटा श्लोकबाट सिङ्गो कविता निर्मित भएको छ ।

### ४.२.१.४१ 'धर्म' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

कवि ओझाका काव्ययात्राको दौरान २०५५ सालमा रचित यस कविताको प्रकाशन 'यात्री विचार' कविता सङ्ग्रह २०५६ मा भएको हो । धर्मले मानव जन्मलाई सफल पार्न सक्ने हुँदा मानिसले धार्मिक बन्नुपर्दछ भन्ने यस कविताको मूल भाव रहेको छ । हिन्दु सनातन धर्मको महत्व माथि प्रकाश पार्दै विभिन्न असहज परिस्थितिको सामना गरिरहनुपर्ने यस निस्सार संसारमा धर्म नै मानिसको वास्तविक साथी हो भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

**भाषाशैली र लय**

विभिन्न अनुप्रासयुक्त शब्दको प्रयोगले कविता सरस बन्न पुगेको छ । तत्सम, तद्भव र द्वित्व शब्दहरु समेत कवितामा प्रयुक्त छन् । शब्दहरुको समुचित गुम्फन एवं कलात्मक प्रस्तुतिले कविता श्रुति रम्य एवम् भावपूर्ण बन्न पुगेको छ ।

धर्म छ दिन दिन परिवर्तनमा
धर्मै मानिससँगको भरमा ।
धर्मै रुप र आदत बिचमा
बस्दछ धर्म सुख वा दुःखमा ॥

(यात्री विचार- २०५६, पृ. ८६)

**बिम्ब, प्रतीक र अलङ्कार**

कवितामा मानवजीवनका सामान्य बिम्बहरुको प्रयोग पाइन्छ । यहाँ अनुप्रास शब्दालङ्कार र रुपक एवम् अर्थान्तरन्यास अर्थालङ्कारको प्रयोग भएको देखिन्छ ।

**कथनपद्धति**

कविको मनमस्तिष्कमा उब्जिएका भावहरु कवितात्मक रुपमा उत्रिएका छन् । यसर्थ यहाँ कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको छ ।

**संरचना**

पज्झटिका छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ । यस्ता जम्मा एघारवटा श्लोकहरुबाट सिङ्गो कविताको निर्माण हुन पुगेको छ ।

### ४.२.१.४२ 'नीति' कविताको अध्ययन

'यात्री विचार' कविता सङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५५ सालमा भएको हो । मानिसलाई नैतिक बन्न प्रेरणा दिनु नै यस कविताको मूल विषयवस्तु रहेको छ । दया, धर्म र कर्तव्यलाई मानिसले कहिल्यै बिर्सनु हुँदैन । विद्या ग्रहण गर्ने कार्यलाई आजीवन निरन्तरता दिई रहनु पर्दछ भन्ने जस्ता आसय लिएको यस कविताको मानिसलाई नैतिक बन्न प्रेरित गर्नु नै मुख्य भाव रहेको देखिन्छ ।

गुरु, राष्ट्र, पिता, भक्ति माता ईश्वर राजको
भक्ति सेवा गरि बस्नु छ वटा भक्ति कर्मको ।
विद्याको कामना पुग्छ स्वर्ग मर्त्य पतालमा
विद्या यो बिजुली जस्तो टल्ल सारा प्रकाशमा ॥
(यात्री विचार- २०५६, पृ. ८८)

**भाषाशैली र लय**

'नीति' कविता सरल पद्य शैलीमा रचना गरिएको छ । तत्सम, तद्भव र नेपाली मौलिक शब्दको समेत प्रयोग गरिएको यस कवितामा छन्दवद्धता एवम् साङ्गीतिकता पनि पाइन्छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवनजगतका केही सामान्य बिम्ब र प्रतीकको प्रयोग यस कवितामा पाइन्छ । अन्त्यानुप्रासयुक्त यस कविताम रुपक, उत्प्रेक्षा र दीपक अर्थालङ्कारको उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कविले आफ्ना विचारहरुलाई उपदेशात्मक रुपमा यस कविताको माध्यमद्वारा व्यक्त गरेका छन् । भावलाई सम्बोधन गरी दिइएका नैतिक उपदेशयुक्त यो कविता कविप्रौढोक्ति कथनपद्धतिमा आधारित छ ।

**संरचना**

अनुस्टुप छन्दमा रचित यस कवितामा दुई पङ्क्तिको एक श्लोक गरी जम्मा २२ श्लोकबाट सिङ्गो कविता बन्न पुगेको छ ।

### ४.२.१.४३ 'विचार' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५५ सालमा भएको हो । मानिसको मनमा विभिन्न प्रकारका विचारहरु उत्पन्न हुने गर्दछन् । ती विचारहरु मध्ये कुनै असल र कुनै खराब प्रवृत्तिका हुने गर्दछन् । काम, क्रोध, लोभ र वासना जन्य विचारहरुले निरन्तर अल्मलाई रहेका हुन्छन् । विवेकको प्रयोग गरी सही विचारलाई मात्र दिएर तदनुसारका कार्यहरुलाई निरन्तरता दिँदै खराब विचारबाट टाढा रहन सक्नु मानिसका लागि ठूलो चुनौती हुने गर्दछ भन्ने यस कविताको मूलभाव रहेको छ ।

विचार गरदा यहाँ बाटा छन् है थरि थरि
हेर्दा छैनन् कुनै चिन्ह रोजूँ मन्मा कसो गरी ॥
(यात्री विचार- २०५६, पृ. ९०)

**भाषाशैली र लय**

शास्त्रीय छन्दमा रचित यस कवितामा सन्ध्या, विघ्न र अंशजस्ता तत्सम शब्द, जवानी, तलासी जस्ता आगन्तुक शब्द र तद्भव शब्दको समेत प्रयोग गरिएको छ । सरल र सहज भाषाशैली भएको यस कविताम बोधगम्यता पनि उत्तिकै छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवन र जगतका केही सामान्य बिम्ब र प्रतीकको प्रयोग देखिने यस कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोग भएको छ ।

**कथनपद्धति**

कविले यस कवितामा आफैं सिधै कवितात्मक कथन गरेका छन् । अतः कवितामा कविप्रौढोक्ति कथनपद्धति अँगालिएको छ ।

**संरचना**

अनुष्टुप छन्दमा रचित यस कवितामा दुई पङ्क्तिको एक श्लोक बनाइएको छ । यस्ता जम्मा २१ वटा श्लोकबाट सिङ्गो कविता बनेको छ ।

### ४.२.१.४४ बेला कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यस कविताको रचना २०५५ सालमा भएको हो, जुन 'यात्री विचार' कविता सङ्ग्रह-२०५६ मा प्रकाशित भएको छ । समय सधैं गतिशिल रहन्छ । समयको बदलिँदो क्रममा ऋतु र मौसममा मात्र परिवर्तन आउँदैन । यसले मानिसलाई समेत विभिन्न अवस्थामा पुऱ्याउने गर्दछ । गरीब धनी बन्न सक्छ । मुर्ख विद्वान बन्न सक्छ । बालक युवा बन्न पुग्छ र सक्ति सम्पन्न व्यक्ति शक्तिहिन अवस्थामा समेत पुग्न सक्छ । त्यही मानिस सफल हुनसक्छ जसले समयलाई चिन्न सक्छ । समयको सदुपयोग गर्न सक्छ र समय अनुसार आफूलाई पनि बदल्न सक्छ भन्ने यस कविताको मूलभाव रहेको छ ।

केही बेला कठिन दिनका दिन गन्दा बितेथे
केही महिना फगत मनका कल्पनामा डुलेथैं ।
बेला फेरी समिप सकिए आफूलाई बदल्न
शक्ति सारा सकल लुटियो एक विचार खिन्न ।

(यात्री विचार- २०६५, पृ. ९२)

### भाषाशैली र लय

कवितामा बेला, समीप, निशा र अश्रु जस्ता तत्सम शब्दहरु केही तद्भव शब्द अनि नेपाली मौलिक शब्दहरुको प्रयोग भएको छ । पद्यात्मक शैलीमा लेखिएको कविता श्रुतिमधुर बन्न पुगेको छ । सरल र सहज भाषाशैलीको प्रयोग भएको हुँदा सुबोध्य पनि छ ।

### बिम्ब, प्रतीक र अलङ्कार

जीवन जगतका केही सामान्य बिम्बहरुको प्रयोग पाइने यस कवितामा जीवन, उमेर र समयका लागि बेला शब्दको प्रयोग गरिएको छ । कवितामा अनुप्राश शब्दालङ्कारको प्रयोग देखिन्छ ।

### कथनपद्धति

यहाँ कविले आफैँ सींधै कवितात्मक कथन गरेका छन् । यसर्थ यहाँ कविप्रौढोक्ति कथनपद्धति अँगालिएको छ ।

### संरचना

यस कविताको रचना 'मन्दाक्रान्ता' छन्दमा भएको छ । यहाँ दुई पङ्क्तिको एक श्लोक बनाइएको छ र यस्ता बीस श्लोकहरुबाट सिङ्गो कविता बनेको छ ।

## ४.२.१.४८ 'सधैंका' कविताको अध्ययन

### विषयवस्तु एवम् भाव

२०५५ सालमा रचना गरिएको यो कविता यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित छ । यस प्रकृतिमा सूर्य, चन्द्र, दिनरात आदि घुमी फेरी उनै र उही रुपमा आइरहने हुँदा यी सधैंका हुन् । यिनमा कुनै नौलोपना छैन भन्ने यस कविताको मूल विषयवस्तु रहेको पाइन्छ । यो संसार परिवर्तनशील जस्तो देखिए तापनि ऋतु, मौसम, महिना र बारहरु घुमी फेरी आइरहने हुँदा यिनी पुराना भइसकेका छन् । यसका साथै मानिसका खाने, पिउँने, सुत्ने जस्ता अनेक क्रियाकलापहरु समेत दैनिक रुपमा दोहोरिने हुँदा यस जगतमा नौलो वस्तु कुनै छैन, सबै पुराना र सबै बासी छन् भन्ने यस कविताको मूलभाव रहेको छ ।

रोकिन्नन् यी महिना घुमेका सदाको
        मिली घामछाया बसेको सदाको ।
कुरा पीर आशा इरादा सदाको
        निरासा मायालु कुनै त्यो दिनैको ॥
                (यात्री विचार- २०५६, पृ. ९४)

**भाषाशैली र लय**

यस कविताको भाषाशैली सरल एवम् सम्प्रेष्य रहेको छ । दिनरात, जन्ममृत्यु, आशानिरासा जस्ता विपरितार्थक शब्दहरुको प्रयोग यहाँ गरिएको छ । शास्त्रीय छन्दमा रचित उक्त कविता लयात्मक एवम् श्रुति मधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवनजगतका सामान्य बिम्बहरु भएको यस कवितामा खुकुरी निसानलाई नेपालीहरुको चिनारीका रुपमा लिइएको छ । कवितामा अनुप्रास शब्दालङ्कार र दीपक अर्थालङ्कारको प्रयोग भएको छ । जस्तै :

रोकिन्नन् यी महिना घुमेका सदाको
        मिली घामछाया बसेका सदाको ।
कुरा, पीर, आशा, इरादा सदाको
        निरासा मायालु कुनै त्यो दिनै को ॥
                पृ. ९४

**कथनपद्धति**

यस कवितामा कविले सोभ्कै एकलापीय पद्धतिमा विचारहरु प्रस्तुत गरेका छन् । अतः यहाँ कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको छ ।

**संरचना**

भुजङ्गप्रयात छन्दमा रचित यस कवितामा चार पङ्क्तिको एक श्लोक बनाइएको छ । यस्ता जम्मा नौ श्लोकबाट सिङ्गो कविता बनेको छ ।

### ४.२.१.४६ 'मेरो तेरो' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

कवि खेमराज ओझाको काव्ययात्राको दौरान २०५५ सालमा रचना भई २०५६ सालमा 'यात्री विचार' कविता सङ्ग्रहमा सङ्ग्रहित कविता 'मेरो तेरो' पनि एक हो । मानिसहरु तेरो मेरो भन्दाभन्दै लुछा चुँडी गर्दै जीवनभर लोभ लालच गरि रहन्छन् तर आखिर सबथोक चटक्क छोडेर एक दिन यस संसारबाट बिदा हुनुपर्ने कुरालाई यस कविताले आफ्नो विषयवस्तु बनाएको छ । मानिस आफूलाई यस संसारको चिरस्थायी प्राणीको रुपमा बुझी रहेका हुन्छन् । मानिसको अज्ञानता एवम् संसारप्रतिको झुटो आशक्तिलाई कवि यसप्रकार प्रस्तुत गर्दछन्-

चोला यस्तो सहज बुझ्दा नास्ति आफ्नो रहेछ ।
यौटा झुटो मगज भरने खेलमात्रै रहेछ ॥
(यात्री विचार- २०५६, पृ. ९६)

**भाषाशैली एवम् लय**

कविताको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । यहाँ केही तत्सम, तद्भव र आगन्तुक शब्दहरु प्रयुक्त भएतापनी सबै सुबोध्य छन् । संसारलाई निस्सार मानिएको यस कवितामा लयको आन्तरिक गुम्फनले श्रुति मधुरता थपिएको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

मानव जीवनका सामान्य बिम्बहरुको प्रयोग पाइने यस कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको समुचित प्रयोग भएको पाइन्छ ।

**कथनपद्धति**

कविले आफ्ना भावहरु एकलापीय पद्धतिमा प्रस्तुत गरेका हुँदा यस कवितामा कवि प्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको छ ।

**संरचना**

कवितामा मन्दाक्रान्ता छन्दको प्रयोग भएको पाइन्छ । दुई पङ्क्तिको एक श्लोक बनाइएको छ र त्यस्ता जम्मा बीसवटा श्लोकबाट सिङ्गो कविता बनेको छ ।

### ४.२.१.४७ 'सेवा' कविताको अध्ययन

**विषयवस्तु एवम् भाव**

यात्री विचार कविता सङ्ग्रहमा सङ्ग्रहित यस कविताको रचना २०५५ सालमा गरिएको हो । सेवाभाव मानव जीवनको अपरिहार्य पक्ष हो । यसबाट वञ्चित भएको मानिस सुकेको वृक्ष जस्तै निरस बन्न पुग्ने हुँदा मानिसमा सेवाको भावना हुनै पर्छ भन्ने यस कविताको मूल आसय रहेको छ । सेवा आफैंमा शुद्ध हुन्छ र यो अमृत समान हुन्छ भन्दै कविले आफ्ना विचार कवितात्मक रुपमा यसरी व्यक्त गरेका छन् ।

उदाय प्रकाश सेवामा छ ज्योति
अनेकौं प्रकृति सेवाका विभूति ।
सेवा दिन दान सेवा हो महान
सेवाले रोकिन्छ अँध्यारो मुहान ॥
(यात्री विचार- २०५६, पृ. ९८)

**भाषाशैली र लय**

कवितामा पूर्ण, वञ्चित, ऋतु र मनुष्य जस्ता तत्सम शब्द अनि केही तद्भव र नेपाली मौलिक शब्दहरुको पनि प्रयोग भएको छ । सरल र सहज भाषाशैली एवम् पद्यात्मक लयमा रचिएको कविता श्रुतिमधुर बन्न पुगेको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवनजगतका केही सामान्य बिम्बहरुको प्रयोग पाइने यस कवितामा सेवा शब्दको प्रतीकका रुपमा ज्योति शब्दको प्रयोग गरिएको छ । अन्त्यानुप्रास युक्त यस कवितामा रुपक र उत्प्रेक्षा जस्ता अर्थालङ्कारको समेत उपस्थिति देखिन्छ ।

**कथनपद्धति**

कविका मानसपटलमा उब्जिएका भावहरु सोभै कवितात्मक रुपमा प्रस्तुत भएका छन् । अतएव यस कवितामा कवि प्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको पाइन्छ ।

**संरचना**

भुजङ्ग प्रयात छन्दमा रचित यस कवितामा दुई पङ्क्तिको एक श्लोक गरी जम्मा दशवटा श्लोकमा सिङ्गो कविता संरचित भएको छ ।

## ४.२.१.४८ 'नदी महाकाली' कविताको अध्ययन

कवि खेमराज ओभ्ाको काव्ययात्राको दौरान २०५६ सालमा रचना भई 'यात्री विचार' कविता सङ्ग्रहमा यो कविता सङ्ग्रहित भएको छ । हिमालयबाट उत्पन्न भई उत्तरबाट दक्षिणतिर बग्ने महाकाली नदीको वर्णनमा यो कविता आधारित छ । भगवान शिवको तपोभूमि हिमालय भएको र यहाँको हिउँ पग्ली काली नदीको उत्पत्ति भएको हुँदा यस नदिलाई कवितामा शिवकी कन्याका रुपमा चित्रण गरिएको छ । नेपालको पश्चिमी सिमानामा बग्दै गर्ने यस नदीमाथि कसैको बक्रदृष्टि हुनु हुँदैन । यदि यसो भएमा यो सह्य हुने छैन भन्ने यस कविताको मूलभाव रहेको छ । यसको केही कवितांश यसप्रकार छ-

काली एक्ली शरण शिबकी बीर कन्या यहाँकी
भन्छिन् धोका मकन पुग्दा बन्नु हुन्न चलाकी ।
कोही त्यस्ता नजर ठोक्छन् अङ्ग मेरो देखेर
पाजी कुरा अधिक पुग्छन् बाहिरैका बढेर ॥
(यात्री विचार- २०५६, पृ. १०१)

**भाषाशैली र लय**

शास्त्रीय छन्दमा रचित यस कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दहरुको समेत प्रयोग भए तापनि सबै बोधगम्य नै छन् । कवितामा सरल र सहज भाषाशैलीको प्रयोग भएको पाइन्छ । लयको आन्तरिक गुम्फनले श्रुतिमधुरता थपिएको छ ।

**बिम्ब, प्रतीक र अलङ्कार**

जीवनजगतका विभिन्न बिम्बहरुको प्रयोग पाइने यस कवितामा महाकाली नदीलाई शिबकी कन्याका रुपमा चित्रण गरिएको छ । यहाँ अनुप्रास शब्दालङ्कारका साथै रुपक र उत्प्रेक्षा अर्थालङ्कारको समेत उपस्थिति पाइन्छ ।

**कथनपद्धति**

कवि प्रौढोक्ति उक्ति ढाँचाको प्रयोग गरिएको यस कवितामा कविका एकलापीय मनोभावहरु प्रस्तुत भएका छन् ।

**संरचना**

यस कवितामा मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । चार पङ्क्तिको एक श्लोक गरी जम्मा सातवटा श्लोकबाट सिङ्गो कविताको रचना हुन पुगेको छ ।

### ४.२.२ ओझाका खण्डकाव्यको अध्ययन

साहित्यकार खेमराज ओझाले कविताका मझौला रुपमा पनि कलम चलाएको पाइन्छ । अर्थात् उनी सफल खण्डकाव्यकार पनि हुन् । प्रारम्भदेखि नै छन्दोवद्ध कविता लेखनमा देखिएका कवि ओझाले वि.सं. २०४५ सालमा 'परमानन्द शोककाव्य' मार्फत खण्डकाव्यको यात्रा आरम्भ गरेका हुन् । यसै क्रममा उनका 'थाकेको परानी'- २०४५, 'पशुपुकार'- २०५३, 'लतालकिर'- २०५६ र फूल बदलियोस् एक्काइसौं शताब्दी- २०५८ शीर्षकका खण्डकाव्यहरुसमेत प्रकाशित भएका छन् । जसमध्ये कविता कलाका दृष्टिले महत्वपूर्ण मानिएको 'फूल बदलियोस एक्काइसौं शताब्दी' शीर्षक खण्डकाव्यको मात्र यहाँ अध्ययन गरिएको छ ।

### ४.२.२.१ 'फूल बदलियोस् एक्काइसौं शताब्दी' खण्डकाव्यको अध्ययन

**विषयवस्तु एवम् भाव**

'फूल बदलियोस् एक्काइसौं शताब्दी' खण्डकाव्यको प्रकाशन २०५८ सालमा भएको हो । जसका रचनाकार कवि खेमराज ओझा हुन् । शान्ति र विकाशका क्षेत्रमा नेपालले नयाँ फड्को मार्नुपर्छ भन्ने बारेमा फूल र ऋतुराज बीचको सम्बादलाई नै यस काव्यले आफ्नो मूल विषयवस्तु बनाएको छ । नेपालमा बढ्दै गएको अशान्ति र त्यसमा पनि अधिकांश नेपालीहरु भोक, रोग र बेरोजगारीको भासमा भासिएका बेला देशमा दशवर्षे द्वन्द्व चर्किएको हुँदा नेपाल र नेपालीहरुको अवस्था झन् कष्टकर बन्न पुग्यो । कयौं युवतीहरुका सिन्दुर पुछिए, आमाहरुका कोख खाली भए र कतिपय बालबालिकाहरु समेत टुहुरा भए । यसरी देशमै एकप्रकारको भयावह स्थिति रहेको अवस्थामा जीवन धान्न र ज्यान जोगाउन समेत कठिनाई भइरहेको हुँदा एक्काइसौं शताब्दीको आगमनका साथै नेपालमा पनि विकास र शान्तिका क्षेत्रमा नौलो परिवर्तन आओस्

भन्ने कामना राख्दै यस काव्यका पात्रद्वय फूल र ऋतुराजले आफ्ना विचारहरु व्यक्त गरेका छन् । नेपालभित्र चर्किएको द्वन्द्व र अशान्तिको चित्रण यहाँ यसप्रकार गरिएको छ । जस्तैः

कोलाहाल विनासको उपकथा बन्दै गयो नि किन
सौन्दर्य सम भूमिको हृदयमा यस्तो खती हुर्कन ॥
पृष्ठ- १८

यस काव्यको एकदेखि चार पृष्ठ सम्ममा फूलले नेपालको दुर्दशाका बारेमा ऋतुराजसङ्ग दुखेसो प्रकट गरेको कुरा उल्लेख छ । चौथोदेखि तीसौं अर्थात अन्तिम पृष्ठ सम्ममा ऋतुराजले पनि नेपालमा शान्ति र विकास आउनुपर्ने विचार राखेको देखिन्छ । यहाँ विशेषगरी गरीबहरुलाई सोझा निर्दोष र पीडितको रुपमा हेरिँदै तिनलाई माथि उठाउनुपर्छ भन्ने धारणा व्यक्त गरिएको छ । गरीबहरुका पक्षमा व्यक्त गरिएका भावपूर्ण केही पंक्तिहरु यसप्रकार छन् । जस्तै-

साँच्चै भन्नु परे उनै गरीबको आत्मा छ शुद्धै सही
उन्को हृदय भागमा कपटको बस्दैन रेखा कहीँ ॥
पृष्ठ- २१

भ्रष्टाचारीहरु सरासर झिकी त्यो ठाउँमा निम्नको
पद्वी काज मिलाउनु उचित हो रानी तिमीले छिटो ॥
पृष्ठ- २३

**भाषाशैली र लय**

कुनै पनि काव्यलाई सरल, सहज र भावपूर्ण बनाउन सक्नुमा भाषाशैली र शब्दस्रोतको महत्वपूर्ण भूमिका रहने गर्दछ । यस खण्डकाव्यमा नेपाली भाषाका मौलिक शब्दहरु बाहेक सुधा, पथ, सुचि, तुष्टि र निशा जस्ता तत्सम शब्दहरुको प्रयोग गरिएको छ । रोल, बर्कत, बात र जचनुजस्ता आगन्तुक शब्दहरु एवम् निका झाउ जस्ता डोटेली शब्दहरुले समेत यहाँ स्थान पाएका छन् । यसका साथै राम्रो भाइका लागि लक्ष्मण र गरीबका लागि दुब्ला जस्ता प्रतिकात्मक शब्दहरुको समेत प्रयोग गरिएको छ । कुनै ठाउँमा वर्णविन्यास र लयात्मकतामा केही कमी देखिन आए पनि कविताको भावपक्ष भने सबलनै रहेको छ । भाषाशैली सरल, सहज र बोधगम्य छ । विभिन्न शास्त्रीय छन्दको प्रयोग गरी रचिएका कविताहरुमा आलङ्कारिकता पनि उत्तिकै रहेको

पाइन्छ फूल रानी सङ्ग ऋतुराज वषन्तले प्रकट गरेका केही लयपूर्ण एवं भावपूर्ण पङ्क्तिहरु यसप्रकार छन् ।

जस्तै :

बिधानैको छाला थिचिथिचि मखाउँ भनिकन ।
        उठेका यी काला कपट शठ कुर्सीहरु जुन ।
किनारामा राखी नविन नीति ल्याई मुलुकमा ।
        छिटै आऊ रानी गरीब जति हेर्नै झुपडिमा ॥

पृष्ठ. २६

पत्नी मुर्छित छन् पति अपहरण हुँदा धेरै गाउँमा
डाका यौवन लुट्दछ युवतीको निर्धक्कका साथमा ॥

पृष्ठ- १६

**बिम्ब, प्रतीक र अलङ्कार**

यस खण्डकाव्यमा विभिन्न प्राकृतिक, राजनैतिक, सामाजिक एवम् मानवजीवनका बिम्बहरुको प्रयोग गरिएको पाइन्छ । नेपालको स्वरुप बदलियोस भन्ने अर्थका लागि फूल बदलियोस् भन्ने पदावलीको र असल भाइका लागि 'लक्ष्मण' जस्ता प्रतिकात्मक शब्दको प्रयोग गरिएको छ । फूल अर्थात विकासले ऋतुराज अर्थात वषन्तसित नेपालको दयनीय अवस्थाप्रति चिन्ता प्रकट गरेपछि ऋतुराजले पनि एक्काइसौं शताब्दीको आगमनसँगै नेपालमा पनि विकासका नौला फूलहरु फुल्नुपर्दछ भन्ने आकांक्षा राखेको यहाँ वर्णन गरिएको छ । विभिन्न शब्दालङ्कार एवम् अर्थालङ्कारहरुको प्रयोगमा कविताहरु रचिएका छन् । यहाँ प्रयुक्त शब्दालङ्कारमा विशेषगरी अनुप्रासको उपस्थिति देखिन्छ । जस्तै :

यस्तो यो घटना घटी कति सक्यो हाम्रा सबै गाउँमा
मान्छे अङ्ग अपाङ्ग भै बचिएका छन् दुःखका दाउमा ॥

पृष्ठ- १८

यहाँ उपमा अलङ्कारको प्रयोग यसप्रकार देख्न सकिन्छ । जस्तै :

पुर्खा चन्दन श्वेतझैं सकुशलै श्रीखण्डका रुपमा
गद्दी उत्तम रत्नको अमर त्यो यो यो विश्वका कीर्तिमा ॥

पृष्ठ- १२

रुपक अर्थालङ्कारको प्रयोग यसप्रकार गरिएको छ । जस्तै :

दुब्ला निम्न थरी यहाँ भए जति हुन रत्न चाँदी पनी ।
तिनले साथ दिँदा यहाँ कति बने ठूला बडा चाँदनी ॥

पृष्ठ- २१

यमक अर्थालङ्कारको उदाहरण यहाँ यसप्रकार छ । जस्तै :

गर्छन् मन्परी पार्टीका दमनले रानी तिमी यो सुन ।
मिथ्यावाद विवादले मुलुक यो बद्नामीले साबित ॥

पृष्ठ- १८

अर्थान्तरन्यास अर्थालङ्कारको प्रयोग यसप्रकार भएको पाइन्छ । जस्तै :

चोखो घर्ती पवित्र नै यदि खोजे नेपाल हो भन्दथे ।
चोखो न्याय दिने पनि मुलुकमा गोरखा भनी भन्दथे ॥

पृष्ठ- २६

**संरचना**

कवि ओझाद्वारा रचित यस खण्डकाव्यको विभाजन कुनै सर्गबन्ध, अध्याय वा खण्डका आधारमा भएको पाइँदैन । जसको सुरुका चार पृष्ठमा फूलले आफ्ना विचार व्यक्त गरेको छ भने चौथोदेखि अन्तिम तीस पृष्ठसम्म लगातार रुपमा ऋतुराजले आफ्ना विचार व्यक्त गरेको छ । यसर्थ 'फूल' र 'ऋतुराज' का विचारहरुको प्रस्तुतीका आधारमा सिङ्गोकाव्यलाई दुई भागमा विभक्त भएको देख्न सकिन्छ । तीन सय दसको श्लोक संख्यामा संरचित यस काव्यमा विभिन्न शास्त्रीय छन्दको प्रयोग गरिएको छ । यसको शुरुका चार पृष्ठमा लगातार 'सिंहावलोक' छन्दको प्रयोग भएको छ । चौथोदेखि अट्ठाइस पृष्ठसम्ममा शार्दूल विक्रिडित छन्दको प्रयोग भएतापनि छब्बीसौं पृष्ठमा भने शिखरिणीय छन्दले पनि झुल्कने मौका पाएको छ । अट्ठाइसदेखि तीसौँ पृष्ठ सम्ममा 'उपेन्द्र बज्रा' छन्दको लयमा कविताहरुको रचना भएको छ । यहाँ प्रयुक्त छन्दका कविताहरु उदाहरणका रुपमा यसप्रकार रहेका छन् । जस्तै :

**शिखरिणी छन्द :**

स्वयम् हामी दुब्ला अरु बढी भयौं रे दिन दिन
कुमाग्यैको रेखा प्रतिदिन गरीबैसँग किन ।
बन्यो पाजी पक्का धन धनिक गाँठो लिई सधैँ
ढुकुटीको तल्जा अब जतन राख्नुछ र खुबै ॥

पृष्ठ- २६

**शार्दूल विक्रिडित**

झट्टै यत्न बनाउनु अबछ रे दुब्ला जति पालन ।
दुब्लो भेष बनाउनु मरनु हो सम्पत्ति नासीकन ॥

पृष्ठ- २२

**सिंहावलोकन**

पथढङ्गहरु निमुखा जनमा
किन रिस गरी हिंडछन् अहिले ।
यसरी हेर्छन् दयनीय दिन
युग यो नबोली किन चुप्प छ र ॥

पृष्ठ- २

**शीर्षक :**

कुनै पनि कृतिको महत्वपूर्ण एवम् अति आवश्यक तत्व शीर्षक हो । शीर्षक बिनाको रचना नाम बिनाको मानिस जस्तै असम्भव प्राय : हुन्छ । यसले सिङ्गो कृतिको भावार्थलाई नै प्रतिनिधित्व गरेको हुन्छ । एक्काइसौं शताब्दीको आगमनसँगै नेपालमा पनि शान्ति, समृद्धि र विकासका नयाँ फूलहरु फुलून् भन्ने भावार्थ काव्यले बोकेको छ । सदियौंदेखि अशिक्षा र गरिबीको अन्धकारमा रहेको नेपाली समाज जहाँ ठूलाठालु भनौदाहरुले गरीब जतनाहरुको शोषण गर्दै आए । त्यसैमा पनि देशमा दसवर्षे द्वन्द्व चर्किएको अवस्थामा मानव जीवन झन् सन्त्रस्त र कस्टकर बन्न पुग्यो । वर्तमान विश्वका विकसित राष्ट्रहरुमा झैँ यस देशमा पनि शान्ति र

विकास होओस् भन्ने अर्थमा यस कृतिको नाम 'फूल बदलियोस एक्काइसौं शताब्दी' राखिएको देखिन्छ ।

प्रतिकात्मक अर्थमा गरिएको नामाकरण काव्यको विषयवस्तु र भावार्थसँग मेल खाने हुँदा शीर्षकीकरण उपयुक्त नै देखिन्छ । नेपाली समाज भित्रको सन्त्रास गरीबी, दयनीय अवस्था र जटिलताको चित्रण र त्यसबाट छुट्कारा मिल्नुपर्ने भावमा रचिएका केही कविताांशहरु यहाँ यसप्रकारका छन् । जस्तै :

गोली, बन्दुक गाउँका वरिपरी बोल्छन् उचा श्वरमा
राम्री युवती दुस्टका नजरले पुग्छिन् महाजालमा ॥
पृष्ठ १७

आमा बालक भन्दछिन् तर त्यहाँ छैनन् कुनै बालक
डाका तस्करी फौजले लगिसक्यो नानातिना बालक ॥
पृष्ठ १७

निर्धा मर्न गए जहाँतक पनि शान्ति सुरक्षा वित्यो
गाउँटोलहरु कुनै अमुकका कब्जामहाँ देखियो ॥
पृष्ठ १८

खोटो शासन शब्दले गरीबको आत्मा लुटी यावत
राज्य, पार्टी खेलाउँछन् रगतमा मुछ्दै नयाँ सम्वत ॥
पृष्ठ- १९

## ४.३.३ कवि ओझाका महाकाव्यको अध्ययन

झण्डै तीनदशकदेखि काव्ययात्रामा लागेका कवि ओझाले कविता, खण्डकाव्य हुँदै महाकाव्यको समेत रचना गरेका छन् । वि.सं. २०६२ सालमा 'नेपाल आमा महाकाव्य' को प्रकाशन भएदेखि नै उनले महाकाव्य तर्फको यात्रा अघि बढाएका हुन् । यसै क्रममा उनको 'हिमशिखर- २०६३' महाकाव्यको समेत प्रकाशन हुन पुग्दछ । जसमध्ये नेपाल आमा महाकाव्य ३५० पृष्ठ, ३७ सर्ग र १९४३ श्लोक सङ्ख्यामा विस्तारित छ भने 'हिम शिखर महाकाव्य' मा १३

सर्ग ७४७ श्लोक र २०४ पृष्ठ रहेका छन् । यी दुबै छन्दोवद्ध महाकाव्यहरुको क्रमश : तल अध्ययन गरिएको छ ।

### ४.३.३.१ 'नेपाल आमा' महाकाव्यको अध्ययन

**विषयवस्तु एवम् भाव**

सैंतीसवटा सर्गमा विभाजित नेपालआमा महाकाव्यमा नेपाललाई आमाकै रुपमा चित्रण गरी यसका विभिन्न पक्षको भावनात्मक वर्णन गरिएको पाइन्छ । यस महाकाव्यको पहिलो सर्गमा नेपालका वनजङ्गल, हिमाल, पहाड, नदी, झरना, लाल, उपत्यका र निकुञ्जहरुले यसको सुन्दरता बढाएका हुँदा यहाँका अनेक मनमोहक स्थलहरु दर्शनीय एवम् महिमामय छन् भन्ने मूलभाव रहेको पाइन्छ ।

दोस्रो सर्गमा नेपाल आमाको कोखबाट जन्मिएका सबै नेपाली सन्ततिहरु माथि कुनै पनि आमाले आफ्ना सन्तानहरु प्रति गर्ने माया, ममता र भलाईको भावना राखेझैं नेपाल आमाबाट पनि अबिरल रुपमा मायाममता मिली रहेको छ भन्ने भाव रहेको पाइन्छ । यसको तेस्रो सर्गमा नेपाल आमा प्रकृति जस्तै परोपकारी एवम् समाधिस्थ झैं स्थिर रहेकी छन् भन्ने कुराको उल्लेख गरिएको छ ।

चौथो सर्गमा नेपाल आमाको प्रशन्नचित् अवस्था र सौन्दर्यको वर्णन गरिएको छ । आमाले बालकप्रति गरेको स्नेह भाव यहाँ यसरी व्यक्त गरिएको छ । जस्तै :

एकातर्फ नानी भुल्याइन्छ आहा
        दिई दूधधारा समाइन्छ आहा ।
भनेरै 'यो लाटो' बोलीबाट हुन्छ
        कठै अंगुलीमा समाति खेलिन्छ ॥
                (नेपाल आमा महाकाव्य- २०६२, पृ. ४४)

नेपाल आमा समाधिमैं लीन भएकी र उनको काखमा अनेकौं सन्तानहरु वात्सल्य प्रेम पाई हुर्कीरहेका अवस्थाको वर्णन पाँचौं सर्गमा रहेको छ ।

छयौं सर्गमा नेपाल आमाले आफ्ना सन्तति प्रति देखाइएको अपार मायाको बारेमा भावात्मक वर्णन रहेको छ । सातौं सर्गमा समाधिमा बसेकी आमाको दर्शन गर्न अनेक शक्तिहरुको घुइचो लाग्ने कुराको वर्णन गरिएको छ । आठौं सर्गमा नेपाल आमाका वरिपरि बसेका अनेक सभासद्हरुको वर्णन गरिएको पाइन्छ ।

सभासद्हरुका बीचमा रहेको बैचारिक भिन्नता एवम् अनेक प्रकारका मतभेदका बारेमा नवौं सर्गमा उल्लेख गरिएको छ । रुखबिरुवाहरुलाई समेत नेपाल आमाका सन्तानका रुपमा चित्रण गरी ध्यान योग गर्न तम्सिएका विषयवस्तु दसौं सर्गमा रहेको छ ।

योगध्यानमा बसेका बृक्षहरुलाई नेपाल आमाले सन्तानका रुपमा लिई उपदेश दिएको वर्णन एघारौं सर्गमा पाइन्छ । बाह्रौं सर्गमा नेपाल आमाका सामु कलि पुरुषको आगमन र त्यसबाट भएको नराम्रो चरित्र र स्वरुपका बारेमा तेह्रौं सर्गमा वर्णन गरिएको छ । चौधौं सर्गमा टकावतीबाट उत्पन्न विभिन्न स्वरुप र दृश्यका बारेमा उल्लेख गरिएको छ । यसले समाजमा पारेको विभिन्न नकारात्मक असरको बारेमा समेत यस सर्गमा उल्लेख गरिएको छ । धन र नसाले आजको समाजमा पारेको प्रभाव र उब्जाएका विभिन्न खाले विकृति एवम् विसङ्गतिहरुको चित्रण पन्ध्रौं सर्गमा गरिएको छ । धन र नसाको उन्मादका कारण मानिसले विवेकहीन कार्य गर्न पुग्ने अवस्थाको वर्णन सोहौं सर्गको विषयवस्तु बन्न पुगेको छ । झैझगडा, चोरी, डकैती र लुटपाट जस्ता जघन्य अपराधहरु हुनुको पृष्ठभूमि धन र नसा नै रहेको यस सर्गको मूलभाव रहेको छ ।

मानिसहरु आपसमै झगडा र मारकाटमा हुमिएका देख्दा नेपाल आमाको मनमा उत्पन्न भएको विषाद नै सत्रौं सर्गको विषयवस्तु रहेको छ । नेपाल आमाको मनमा उब्जिएका विभिन्न विचारहरुको वर्णन अठारौं सर्गमा गरिएको छ । सन्तानहरु नसा सेवन गरी धनका लागि आपसमै झगडा गर्न थालेपछि आमाको मनमा उब्जिएका विभिन्न विचारहरुको चित्रण यस सर्गमा गरिएको छ ।

उन्नाइसौं सर्गमा आफ्नो सन्तानहरुको आपसी वैमनस्यता र अकर्मण्यताका साथै आफ्नो दुर्दशाका बारेमा सोज्दै जाँदा नेपाल आमाको शरीरमा हुन पुगेको कष्टको चित्रण गरिएको छ । बीसौं सर्गमा पुत्रहरु प्रति नेपाल आमाको मनमा देखिएको चिन्ताका विषयमा उल्लेख गरिएको छ । यहाँ एकातिर कुनै पनि आमाले आफ्नो पुत्रको जन्म, पालनपोषण र स्याहारसुसारको दौरान ठूलो कष्ट पाउने तर सन्तान सुपुत्र नभए अझै चिन्तित भइने कुराको चित्रण उतारिएको पाइन्छ भने अर्कातिर नेपाल आमाले हामी नेपालीलाई जन्माइ हुर्काइ गरे पनि नेपालीहरुले उल्लेख्य प्रगति गर्न नसकेका हुँदा नेपाल आमाको मनमा पर्न गएको पीडाको बारेमा उल्लेख गरिएको छ ।

नेपाल आमा महाकाव्यको एक्काइसौं सर्गमा चिन्तित नेपाल आमाका सासु आफ्नो दुःख व्यक्त गरिरहेका वृक्षहरुको बारेमा उल्लेख गरिएको छ । बाइसौं सर्गमा वनस्पतिलाई वषन्त ऋतुले लगाएको ठूलो गुनको चर्चा गरिएको छ । तेइसौं सर्गमा गृष्म ऋतुको कार्यकालको वर्णन वृक्षहरुले गरेका छन् । सन्तप्त गर्मी एवम् आँधी हुरी आउने यस ऋतुले जीवजन्तु एवम्

वनस्पतिहरुको ठूलो क्षति गर्ने कुराको वर्णन छ । चौबीसौं सर्गमा वृक्षहरुद्वारा नेपाल आमा समक्ष वर्षा ऋतुको वर्णन गरिएको छ । यस ऋतुमा पर्ने मुसलधारे वर्षाले गृष्म ऋतुको सन्तप्तताबाट केही राहत दिलाउने, नदीनालाहरुमा पानीको सतह बढ्ने एवम् बाढी, पहिरोबाट धनजनको क्षति हुन पुग्ने अवस्थाको समेत वर्णन गरिएको छ ।

यस कृतिको पच्चीसौं सर्गमा सरद् ऋतुको वर्णनमा आधारित छ । प्रकृतिले हिलो र झरीबाट मुक्ति पाएको यस ऋतुमा अन्नका बालाहरु झुलेका र हरियाली बढेको एवम् जीव जगतमा आनन्द फैलिएको विषयवस्तु यस सर्गमा रहेको छ ।

छब्बीसौं सर्ग हेमन्त ऋतुको वर्णन र यस ऋतुमा जीवजन्तु एवम् वनस्पतिलाई चीसोले पार्ने प्रभावका बारेमा उल्लेख गरिएको छ । सत्ताइसौं सर्गमा शिशिर ऋतुको वर्णन छ । यस ऋतुमा चल्ने सिरसिरे हावा जसले रुखका पुराना पातहरु झार्ने काँढाले घोचेझैं शरीरमा चीसोले कष्ट दिने गरेको कुरा वर्णन गरिएको छ ।

अट्ठाइसौं सर्गमा मानिसहरुका बीच हुने आपसी झगडा मिलाउन नेपाल आमा र वृक्षहरुबीच भएको कुराकानीको चित्रण छ । रुखवृक्षहरुले मानिसहरुलाई आफूकहाँ बोलाउन खोजेको विषयवस्तु उन्तीसौं सर्गको रहेको छ । तीसौं सर्गमा वृक्षहरुले बोलाए पनि मानिसहरु नगएका हुँदा उनीहरुले चिन्ता जनाएको विषय रहेको छ । एक्तीसौं सर्गमा मानिसहरुलाई आफू कहाँ आउन वृक्षहरुको पुनः अनुरोध गरेका एवम् बत्तीसौं सर्गमा आउनैपर्छ भनी सल्लाह दिएको वर्णन पाइन्छ । तेत्तीसौं सर्गमा मानिसहरु आउँछन् कि भनी वृक्षहरुले प्रतिक्षा गरिरहेका र चौबिसौं सर्गमा बगैंचामा उपस्थित भएका मानिसहरु बीच हुँदै गएको अशान्तिको चित्रण गरिएको छ ।

पैंतीसौं सर्गमा पशुहरुले आफू माथि मानिसद्वारा गरिएको अत्याचारका लागि सिकायत गरेको चर्चाको उल्लेख छ । बगैंचा भित्र भोका, नाङ्गाहरुको झगडाको चित्रण छत्तीसौं सर्गमा गरिएको छ । सैतीसौं सर्ग अर्थात नेपाल आमा महाकाव्यको अन्तिम सर्गमा मानिसहरु अत्याचारी हुँदै गएका कारण बगैंचाले फल दिन बन्द गर्ने सोच राखे तापनि धरती आमाको आज्ञा पाएपछि पुनः फल दिई रहने तयारी गरिरहेका अवस्थाको वर्णन पाइन्छ ।

**चरित्र/पात्र**

महाकाव्यका आवश्यक तत्वहरुमध्ये पात्रहरुको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । पात्र वा चरित्रले नै यसलाई जीवन्तता दिने गर्दछन् । नेपाल आमा महाकाव्यमा मानवीय र मानवेतर पात्रहरु रहेका छन् । नेपालीहरु यस महाकाव्यमा रहेका मानवीय पात्र हुन् भने नेपालआमा, वृक्ष र पशुहरु मानवेतर पात्र हुन् । यहाँ मानवेतर पात्रहरुमा पनि मानवीय भाव, क्रियाशिलता, संवेग

र जीवन्तता रहेको देखिन्छ । 'नेपाल आमा' महाकाव्यमा देखा परेका पात्रहरुको चरित्र यसप्रकार रहेको छ-

**नेपालआमा**

नेपाललाई यहाँ आमाको संज्ञा दिइएको छ जुन यस महाकाव्यकी मुख्य पात्र पनि हुन् । नेपाल आमाले नेपालीहरुलाई जन्मदिई स्याहारसुसार गर्दै बढाएकी तर सन्तानहरु चाहिँ एक आपसमै झगडा र मारकाट गरी अशान्ति मचाइरहेका देख्दा आमाको मनमा ठूलो चोट गर्न पुगेको छ । धन र रक्सी आदिको नसामा मत्त भएर आफ्नो कर्तव्य बिर्सी अशान्ति बढाउन थालेका सन्ततिको दुर्गतिदेखि आमालाई सह्य हुँदैन । जस्तै :

परस्पर छ क्रान्ति मुमा सन्ततीमा
म खाऊँ मलाऊँ सबै मानसीमा ।
भनि गर्व गर्दै तिखा बाण छोड्छन्
उनी बाण सिधा मुमातर्फ पुग्छन् ॥
(नेपाल आमा महाकाव्य- २०६२, पृ. १५६)

ज्ञान, विज्ञान र अन्य विकासमा विश्वले अभूतपूर्व प्रगति गरिसकेको अवस्थामा पनि नेपालीहरुको पछौटेपन आन्तरिक लुछाचुँडीमै अल्झिएको अवस्था देख्दा नेपाल आमा दुःखी भएकी छिन् ।

यसप्रकार कुनै पनि आमाले आफ्ना सन्तानहरु प्रति माया, ममता र वात्सल्यको भावना राखे जस्तै नेपालआमाले पनि आफ्नो पीडा र दुर्दशाको वास्ता नराखी नेपालीहरुको प्रगति र शान्तिको कामना यहाँ व्यक्त गरेको पाइन्छ ।

**नेपालीहरु**

नेपालीहरु यस महाकाव्यका मानवीय पात्र हुन् । नेपालआमाका सन्तानका रुपमा चित्रण गरिएका नेपालीहरु गैरजिम्मेबार र लठौरे सन्तानका रुपमा देखापरेका छन् । शैक्षिक, आर्थिक र वैज्ञानिक आदि विभिन्न क्षेत्रमा विश्वका अन्य मुलुकहरुले प्रगतिको शिखर चुम्न लागेको अवस्थामा पनि आपसी झैझगडा र निस्कृयतापूर्वक समय बिताइ रहेका देखिन्छन् । आमाले आँशु बगाइ रहेको अवस्थामा पनि मातृभावनाको कदर गर्न नजान्ने नासमझ पात्रका रुपमा यहाँ

नेपालीहरुको चित्रण गरिएको छ । पृथ्वीका सबै जीवजन्तुहरु मध्ये मानिसलाई विवेकशील प्राणी मानिन्छ । तर यहाँ मानिसहरुको विवेक पशुहरुको भावनासमेत बुझ्न नसकी रहेको देखिन्छ ।

वृक्षहरु मानिसलाई मानवता सम्बन्धी उपदेश दिने प्रयोग गर्छन् । तर मानिसहरु त्यसको कुनै प्रवाह गर्दैनन् । धर्मका नाममा पशुहरुको बली दिई तिनको मासु खाएर रमाउने मानिस अधर्मी र निकृष्ट स्वभावका भएको पुष्टि यहाँ गरिएको छ । धन र नसाका उन्मादमा आफ्नो कर्तव्य र आमाको पीडालाई समेत बुझ्न नसक्ने मानिसहरु यस महाकाव्यमा खलपात्रका रुपमा रहेका देखिन्छन् ।

**वृक्षहरु**

यस महाकाव्यमा वृक्षहरुलाई प्राकृतिक र परोपकारी पात्रका रुपमा चित्रण गरिएको छ । जड भएर पनि मानवीय भावना र संवेग वृक्षहरुमा रहेको देखिन्छ । मानिसहरुले अनावश्यक रुपमा फलफूल टिप्ने, हाँगाहरु लुछ्ने र रुख काट्ने गरेकोमा यिनीहरु पिडित भएका देखिन्छन् । मानिसहरुले घोर अत्याचार गर्न थालेकोमा वृक्षहरु फलफूल नै दिन बन्द गर्ने मनसायमा पुगी नेपाल आमासँग सिकायत समेत गर्न पुग्छन् । तर आमाको प्रेरणा पाई पुनः निरन्तर रुपमा फलफूल दिई रहने निष्कर्षमा यिनी पुग्दछन् ।

यसप्रकार वृक्षहरु अचेतन भएर पनि यहाँ मानिस भन्दा बढी चेतनशील भएका देखिन्छन् । आफूलाई काट्न तम्सिएको मानिसलाई समेत अन्तिम अवस्थासम्म पनि छाया र फलफूल दिई रहने वृक्ष परोपकारका जीवन्त प्रतीकका रुपमा देखा परेका छन् । जीवजन्तुहरुलाई पनि फल, फूल, घाँस, जडीबुटी र आश्रय दिइरहने वृक्षहरु परोपकारी, दानी र कर्तव्यवान पात्रका रुपमा यहाँ देखापरेका छन् ।

**पशुहरु**

मानवेतर पात्रहरुमध्ये यस महाकाव्यमा पशुहरु पनि रहेका छन् । यिनलाई पनि यहाँ नेपाल आमाको सन्तानका रुपमा चित्रण गरिएको छ । मानिसहरुद्वारा दमन, उत्पीडन र बध गर्ने गरिएकोमा यी अत्यन्त दुःखित छन् । एकातिर मानिसहरुले यिनलाई पूरा आहारा खाना नदिई भारी बोकाउने र काममा जोताउने गरेका हुन्छन् भने अर्कातिर यिनको बध गरी मासु खाने गरेकोमा नेपाल आमाका सामु पशुहरु सिकायत गर्न पुग्छन् । जस्तै :

कराएर अर्को पशु निम्नवर्ग
पुग्यो हालतैमा दिंदै योग्य तर्क ।

पूरा रक्तबाट रुझेको छ देह

बचेको छ आत्मा पशुको स्वदेह ॥

(नेपाल आमा महाकाव्य- २०६२, पृ. ३२८)

विभिन्न प्रकारले सहयोग गर्ने पशुहरुमाथि मानिसहरुले शोषण र दमन मात्रै नगरी धर्मको नाममा बध गरी तिनको मासु खाने हुँदा यहाँ पशुहरुलाई निमुखा, परिश्रमी र पीडित पात्रका रुपमा चित्रण गरिएको छ ।

**भाषाशैली र छन्द**

सरल र सहज भाषामा रचिएको यस कृतिमा विशेषतः शास्त्रीय छन्द एवम् केही लोक छन्दको पनि प्रयोग गरिएको छ । विशेषगरी तत्सम शब्दहरुको प्रयोग पाइने यस काव्यमा केही मौलिक र तद्भव शब्दहरुको समेत प्रस्तुतिले काव्य कलात्मक, ज्ञेयात्मक र सङ्गीतात्मक बन्न पुगेको छ ।

यस महाकाव्यको पहिलो, छयौँ, अठारौँ, बीसौँ, एक्काइसौँ, बाइसौँ र सैँतीसौँ सर्गमा शार्दूल विक्रीडित छन्दको प्रयोग गरिएको छ । दोस्रो, तेस्रो, सत्रौँ, बाइसौँ, पच्चीसौँ, तीसौँ र छत्तीसौँ सर्गका कविताहरु मालिनी छन्दमा रचिएका छन् । चौथो, दसौँ, चौधौँ, सोह्रौँ, उन्नाइसौँ, अट्ठाइसौँ र पैतीसौँ सर्गमा भुजङ्ग प्रयात छन्दको प्रयोग गरिएको छ । पाँचौँ, सातौँ, पन्ध्रौँ, सोहौँ र चौबीसौँ सर्गमा शिखरिणी छन्दको प्रयोग भएको छ । आठौँ, नवौँ र बाह्रौँ सर्गमा वसन्त तिलका छन्दको प्रयोग भएको छ । तेह्रौँ र उन्तीसौँ सर्गमा उपेन्द्र बज्रा छन्दको प्रयोग भएको छ भने छब्बीसौँ सर्गमा इन्द्रबज्रा छन्दको प्रयोग भएको छ । यस काव्यको तेइसौँ र सत्ताइसौँ सर्गमा क्रमशः स्रग्धरा र उपजाति छन्दको प्रयोग पाइन्छ । एकतीसौँ र बत्तीसौँ सर्गमा क्रमशः वंशस्थ र लोकछन्द मनोरमाको प्रयोग भएको छ भने तेत्तीसौँ सर्गमा तोटक छन्दको प्रयोग भएको छ । चौतीसौँ र छत्तीसौँ सर्गमा सालिनी छन्दको प्रयोग हुनुका साथै स्रेग्वेणी छन्द समेत छत्तीसौँ सर्गमा झुल्कने मौका पाएको छ । यसप्रकर सैँतीस सर्गमा रचित यस महाकाव्यमा पन्ध्रवटा छन्दहरु आलोपालो गरी ४५ पटक प्रयोगमा आएका छन् ।

यस महाकाव्यमा रहेका केही छन्दयुक्त उत्कृष्ट कविताहरु यसप्रकार छन् :

मधुकर मधुआशा मख्मली कोमलांगी

मधु मधु मधु बास्ना कल्पनासार संगी ।

मधुकर मधुतानै आउँदा उच्च मनमा
मधुवत महिमाको जाल कस्तो मनैमा ॥
(नेपाल आमा महाकाव्य- २०६२, पृ. ७२)

**सार्दूल बिक्रीडित छन्द-**

काव्य जीवनी मार्गमा प्रकृतिको निक्ल्यो कविता पनि
मेरी लेखनी मातुका नजरमा दौडिन् सरासर पनि ।
पुगिन् झट्ट रमाइलो नगरमा या कीचको ठाउँमा
जान्ने छन् सुजनैहरु मनमनै साक्षी उनैछन् मुमा ॥
(नेपाल आमा महाकाव्य- २०६२, पृ. २८)

**भुजङ्गप्रयात छन्द-**

कति बाल जन्मे कति जन्म लिन्छन्
कति बालिका ती कराई रहन्छन् ।
कुनै छैन शान्ति मुमा छाति माथि
सबैको छ कुस्ती सबै साथ साथी ॥
(नेपाल आमा महाकाव्य, २०६२, पृ. ३८)

**बिम्ब, प्रतीक र अलङ्कार**

नेपाल आमा महाकाव्यमा प्राकृतिक एवम् जीवनजगतका विभिन्न बिम्बहरुको प्रयोग देख्न सकिन्छ । यहाँ नेपाल र नेपालीका लागि क्रमशः आमा र छोरा गरी प्रतिकात्मक शब्दको प्रयोग गरिएको छ । वृक्षहरुलाई समेत नेपाल आमाका सन्तानको नाममा चिनाइएको छ । त्यसैगरी पशुहरुलाई पनि सन्तान कै नाम दिई चिनाइएको छ ।

यस महाकाव्यमा विभिन्न शब्दालङ्कार र अर्थालङ्कारको समेत प्रयोग गरिएको छ । शब्दालङ्कारमा विशेषगरी अनुप्रासको प्रयोग भएको छ भने अर्थालङ्कारमा उपमा, रुपक, उत्प्रेक्षा, यमक र दीपक मुख्य रुपमा प्रयोगमा आएका छन् । केही अलङ्कार युक्त श्लोकहरु यसप्रकार रहेका छन्-

**अनुप्रास शब्दालङ्कार**

कुसुम बन बनाई डाक्दछिन् देवदेव
रङरङ रङिएका बोट डोब्छिन् अनेक ।
हृदय मन बगैँचा बन्दछ बन्ने गर्छ
सकल हरित पुष्पै फुल्दछ फुल्ने गर्छ ॥
(नेपाल आमा महाकाव्य- २०६२, पृ. १७०)

**यमक अर्थालङ्कार-**

सुखद विपिन बल्ली बल्लरी बैसदार
सघन घन घनामा घम्किएका मुखार ।
फलित फलफलैमा सोभितै संघिएका
प्रज्ज्वल सुख बगैँचा सम्भनामा बनेका ॥
(नेपाल आमा महाकाव्य- २०६२, पृ. १७१)

**उपमा अर्थालङ्कार-**

निगम सरिछ मौका सामु हाजिर भएको
नियति पनि त्यसैमा आफू सामिल रहेको ।
न नत विषयद्वारा स्वार्थ केही लिनु छ
न नत जनम आफ्नो काटी मुक्ति लिनु छ ॥
(नेपाल आमा महाकाव्य- २०६२, पृ. १७)

**रुपक अर्थालङ्कार-**

मनै राजधानी मनै स्वर्ग लोक
मनै दुःखी नर्की मनै मुक्ति देह ।
मनासिप छ मनमा जनमजात हेर्ने
सबै भाग बन्डा मुमा छिन् बिचार्ने ॥
(नेपाल आमा महाकाव्य- २०६२, पृ. ६४)

**दीपक अर्थालङ्कार-**

यता लाठी घेर्थिन् उता ढोल ढुङ्गा
छुरी, कर्द, आँसी, रसी वस्तु रङ्गा ।
समातेर थुन्थिन् बिजुली सरिभै
थिइन् अर्ति कस्ती बनिन् ती परीझैं ॥
(नेपाल आमा महाकाव्य- २०६२, पृ. १५३)

**संरचना**

सर्गबन्ध, श्लोक सङ्ख्या र आयामका आधारमा नेपाली भाषामा रचित केही मात्र बृहद महाकाव्यहरुमध्ये नेपाल आमा महाकाव्य पनि एक हो । सैंतीस सर्ग, १९४३ श्लोक र ३५० पृष्ठमा विस्तारित यस महाकाव्यका केही आफ्नै प्रकारका मौलिकता र विशेषताहरु पनि छन् । विभिन्न शास्त्रीय एवम् लोक छन्दको प्रयोग गरिएको यस काव्यमा अङ्गी रसका रुपमा करुण रस भए पनि श्रृङ्गार, वीर र अन्य रसहरु पनि अङ्ग रसका रुपमा देखापरेका छन् ।

यस महाकाव्यको पहिलो सर्गमा पैंचालिस वटा श्लोकहरु रहेका छन् । त्यसैगरी दोस्रोमा ७१, तेस्रोमा ४८, चौथोमा ८०, पाँचौमा ४०, छयौँमा २२, सातौँमा ४२, आठौँमा ३६, नवौँमा ६६, दसौँमा ४७, एगारौँमा ७१ र बाह्रौँमा ४१ श्लोकहरु रहेका छन् । यस कृतिको तेह्रौं सर्गमा ४८ वटा श्लोक, चौधौँमा ९२, पन्ध्रौँमा ४२, सौह्रौँमा १०२, सत्रौँमा ३८, अठारौँमा ४८, उन्नाइसौँमा ४५, बीसौँमा ३३ र एक्काइसौँमा ५७ वटा श्लोकहरु छन् । त्यसैगरी बाइसौँ सर्गमा- २८, तेइसौँमा ५८, चौबीसौँमा ६४, पच्चीसौँमा ४३, छब्बीसौँमा ३९, सत्ताइसौँमा ३४, अठ्ठाइसौँमा ५७, उन्तीसौँमा ३४, तीसौँमा ३१, एकतीसौँमा ३४ र बत्तीसौँ सर्गमा ११० श्लोकहरु रहेका छन् । यस काव्यको तेत्तीसौँ सर्गको श्लोक संख्या ५२ रहेको छ भने चौतीसौँमा १४८, पैतीसौँमा ४२, छत्तीसौँमा ३३ र सैतीसौँ सर्गमा ३० श्लोक गरी जम्मा १९४३ वटा श्लोकहरुबाट यस कृतिको रचना भएको छ जसमध्ये सबैभन्दा न्युन श्लोक सङ्ख्या भएको सर्ग छ हो जसमा २२ वटा मात्र श्लोक छन् भने सर्वाधिक श्लोक चौँतीसौँ सर्गमा छन् जुन १४८ हुन् ।

**निष्कर्ष**

कवि खेमराज ओझाद्वारा रचित नेपाल आमा महाकाव्यको प्रकाशन २०६२ सालमा भएको हो । यसमा नेपाल आमाका विभिन्न पक्षको भावनात्मक वर्णन गरिएको छ । नेपाल र

नेपालीहरुलाई यहाँ क्रमशः आमा र सन्तानका रुपमा चित्रण गरिएको छ । नेपाल आमालाई आफ्ना सन्तानहरुको अज्ञानता पछौटेपन र अविवेक देख्दा साह्रै नरमाइलो लागि रहेको भएतापनि नेपालीहरु भने आपसी झैझगडा र नसा सेवन गर्नमै अल्झि रहेका देखिन्छन् । विश्वका प्रगतिशिल राष्ट्रका मानिसहरुले आर्थिक, वैज्ञानिक एवं ज्ञानशीप लगायत विभिन्न क्षेत्रमा अभूतपूर्व प्रगति गरिरहेका अवस्थामा पनि नेपालीहरुको पछौटेपन देख्दा आमाको मनमा ठूलो चोट परेको छ ।

मानिसमा दया, माया, मानवता र विवेक जस्ता गुणहरु हुनुपर्नेमा अनावश्यक रुपमा फलफूल टिपी रुख काट्ने गरेका र पशुहरुको श्रम शोषण मात्र नगरी उनको बध समेत गर्ने गरेकोमा मानिसमा मानवता हराइसकेको कुरा यहाँ उल्लेख गरिएको छ । पशुहरु र वृक्षहरुले मानिसद्वारा आफूहरु पीडित भएको नेपाली धर्तीआमा कहाँ सिकायत समेत गरेका छन् ।

यसप्रकार सामान्य आख्यान भएतापनि यस काव्यमा भावनात्मकताको प्रधान्यता रहेको देखिन्छ । यहाँ षड्ऋतुहरुको समेत वर्णन गरिएको छ । विभिन्न पन्ध्रवटा छन्दहरुको प्रयोग गरी सैंतीस सर्गको विस्तारमा यस महाकाव्यको रचना भएको छ ।

### ४.३.३.२ हिमशिखर महाकाव्यको अध्ययन

**विषयवस्तु एवम् भाव**

कवि खेमराज ओझाद्वारा रचित हिमशिखर महाकाव्यको प्रकाशन २०६३ सालमा भएको हो जसमा भगवान शिव र पार्वतीको मिलन र त्यसपछि घटित केही घटनाहरुको समेत वर्णन गरिएको छ । शिवपुराणसँग सम्बन्धित अनेक कथाहरुका आधारमा केही थप प्रसङ्गहरु जोडी आफ्नै शैलीमा कविले यस काव्यको सिर्जना गरेका छन् । हिमालय पर्वतमा तपस्या गर्दै विचरण गर्ने भगवान शिव र हिमालयपुत्री पार्वतीसँग भएको मिलन, प्रेम भाव र शारीरिक एवम् मानसिक रुपमा स्थापित आपसी सम्बन्ध आदि प्रसङ्गहरुलाई यस महाकाव्यले आफ्नो विषयवस्तु बनाएको छ । यस कृतिको प्रथम संस्करणमा प्रत्येक सर्गका अन्तमा केही फुटकर कविताहरुलाई समेत समावेश गरिएको छ । जसमध्ये केही कविताहरु 'यात्री विचार' कविता सङ्ग्रहमा समेत प्रकाशित भइसकेका छन् ।

विभिन्न तेह्र सर्गमा संरचित हिमशिखर महाकाव्यको पहिलो सर्गमा राजाहिमालयको चरित्र र त्यसबाट समाजमा पर्न गएको असल प्रभावका बारेमा वर्णन गरिएको छ । स्वच्छ र सेतो हिमालयको छवि पनि उत्तिकै स्वच्छ रहेको छ भन्ने यस सर्गको मूल आसय पाइन्छ । नानी,

शीत, यौवन र मान्छे शीर्षकका केही फुटकर कविताहरु पनि यस सर्गका अन्तमा समावेश गरिएका छन् ।

दोस्रो सर्गमा राजा हिमालयको समतावादी राज्य व्यवस्थाका बारेमा उल्लेख गरिएको छ । सबैलाई समान रुपमा न्याय दिन सक्ने राजा हिमालयको कुशल शासन र न्याय व्यवस्थाको वर्णन नै यस सर्गको मूल विषयवस्तु बन्न पुगेको छ । यस सर्गका अन्तमा 'हितकुश', 'धन्य' र 'रमिता' शीर्षकका फुटकर कविताहरु पनि समावेश गरिएका छन् ।

तेस्रो सर्ग राजा हिमालयको उद्यान र त्यहाँ रहेका युवक युवतीहरुको उपस्थितिको वर्णनमा आधारित छ । विभिन्न लतावृक्षहरुले भरिपूर्ण एवम् अनेक प्रकारका रङ्गीचङ्गी फूलहरु फुलेर ढकमक्क देखिने त्यस बगैँचाको अपूर्व सौन्दर्यबाट जोसुकै पनि मोहित हुन पुग्ने कुरा यहाँ उल्लेख गरिएको छ । जस्तै :

आनन्दैको देहमा बस्न पाए
हुन्थ्यो राम्रो चित्तमा शान्त पाए ।
आत्तिएको मोहनी हुन्न शान्त
उद्यानैले गर्दिउन् देह शान्त ॥

(हिमशिखर महाकाव्य- २०६३, पृ. ३६)

'शरद', 'गरीब', 'प्रकृति' र 'गौरा' शीर्षकका फुटकर कविताहरु पनि यस सर्गका अन्तमा राखिएका छन् ।

हिमालयको कुनै सुन्दर बगैँचामा उपस्थित भएका युवायुवतीहरुको समागम र आत्मीय सम्बन्धलाई चौथो सर्गले आफ्नो विषयवस्तु बनाएको छ । यहाँ शिवलाई युवक र पार्वतीलाई युवतीका रुपमा चित्रण गरी तिनको मिलन र प्रेम प्रसङ्गको श्रृङ्गारिक वर्णन गरिएको छ । कुनै पनि युवायुवतीको एकान्त मिलनमा तिनको अन्तर्हृदयबाट उत्पन्न हुन सक्ने प्रेम, राग, आत्मीयता र कामुकताको चरम बिन्दु यहाँ शिव पार्वतीको मिलनमा देखापरेको छ । यस सर्गका अन्तमा 'नृत्य', 'धर्ती', 'ठूलो म हूँ' र 'कलम' शीर्षकका फुटकर कविताहरु पनि राखिएका छन् ।

पाँचौं सर्गमा शिवपार्वतीको समागत पछि दुबैले गरेको पैदल भ्रमणको वर्णन गरिएको छ । विभिन्न डाँडाकाँडा, बनकुञ्ज र बगैँचाहरुको भ्रमण गर्दा उनी आफू मात्र आनन्दित नभई ती लता-वृक्ष, वाटिका र पर्वतहरु समेत लिनको आगमनमा आनन्दित हुन थालेको कुरा यस सर्गको मूलभाव रहेको छ । 'सदाको' 'नदी महाकाली', 'भाषा डोटेली' र 'आँधी' शीर्षकमा फुटकर कविताहरु पनि यस सर्गको अन्तमा राखिएका छन् ।

छयौं सर्गमा शिव पार्वतीले भ्रमण गर्दा देखापरेका विभिन्न प्राकृतिक ठाउँहरुको वर्णन रहेको छ । अनेक दिनसम्म गरिएको पैदल भ्रमणमा देखापरेका विभिन्न पहाडपर्वत, पर्खाल र गुफाहरु अनि हरिया फाँट र उपत्यका तथा विशाल ढुङ्गाहरुको वर्णन यहाँ गरिएको छ । यस सर्गको अन्तमा 'वषन्त', 'वर्षा' र 'फूल' शीर्षकका फुटकर कविताहरु पनि समावेश गरिएका छन् ।

सातौं सर्गमा शिव पार्वतीले विभिन्न ठाउँहरुको भ्रमण गर्ने क्रममा सह सम्बन्ध र आत्मिकताको भावनाबाट मिलेको आनन्दको विषयमा उल्लेख गरिएको छ । पैदल यात्रा गर्दागर्दै थकित भएका शिवलाई पार्वतीले आफ्नो काँधमा बोकी हिँडेकी छन् । शिवको स्पर्श र सेवाबाट उनलाई अपार आनन्द मिलेको छ । सम्पूर्ण प्रकृति नै आनन्दमय बनेको भाव तलका केही पंक्तिहरुबाट स्पष्ट हुन्छ । जस्तै :

भयो स्वर्ण मेला रह्यो खेलखेला
आहा वृक्ष नाचे सबै ती कलिला ।
कुनै सिद्ध आत्मा सरिको छ रुप
खुबै मग्न ध्यानी बनेको अनूप ॥

(हिमशिखर महाकाव्य- २०६३, पृ. ११७)

यस सर्गको अन्तमा 'पाउ', 'सेवा', 'अन्तर आत्मा' र 'नारी' शीर्षकका फुटकर कविताहरु पनि समावेश गरिएका छन् ।

आठौं सर्गमा पैदल यात्री शिव-पार्वतीले देखेका हिमराजका विभिन्न स्वरुपको चित्रण गरिएको छ । हिमालयमा हिउँ मात्रै नभई अन्य पनि थुप्रै जीजवस्तुहरु यहाँ पाइने गरेका र विभिन्न धातु र रत्नहरुका खानी समेत यसको गर्भमा रहेका छन् भन्ने यस सर्गको मूलभाव रहेको छ । 'माटो', 'कृषक' र 'विणेश्वर' शीर्षकका कविताहरु समेत यस सर्गका अन्तमा समाविष्ट गरिएका छन् ।

शिव-पार्वतीका आपसी विचारबाट उत्पन्न हुँदै गएको अन्तर्आनन्द नै नवौसर्गको विषयवस्तु बन्न पुगेको छ । यस सर्गका अन्तमा 'गाउँवस्ती', 'गरिमा' र 'बेला' शीर्षकका फुटकर कविताहरु पनि समाविष्ट गरिएका छन् ।

शिवपार्वतीले लामो समयसम्म सहयात्रा गरेपछि अनायास नै उनका मनमा उब्जिएका अतीतका केही सम्झनाको चित्रणलाई दसौं सर्गले आफ्नो मूल विषयवस्तु बनाएको छ । अतीतको कुनै समयमा सत्यदेवीसँग रमाइला क्षणहरुको स्मरणमा शिव डुब्न पुगेका छन् भने

आफ्नो माइती देशको सम्झना पार्वतीको मनमस्तिष्कमा घुमिरहेको छ । यस सर्गका अन्तमा मेरोतेरो, शरद, हाम्रा पूर्वज र सभक्ति शीर्षकका कविताहरु पनि समावेश गरिएका छन् ।

एघारौं सर्गमा शिव पार्वतीको विभिन्न ठाउँहरुको भ्रमण गर्ने क्रममा देखा परेका अनेक वृक्ष र वनस्पतीहरुको वर्णन गरिएको छ । वनस्पतिहरु फलफूलका मात्रै धनी नभई तिनमा दान, दया, परोपकार र साधुता रहेको छ । कुनै सिद्ध योगीझैं निश्चल अवस्थामा रहेका वृक्षको केही चित्रण तलको श्लोकमा उल्लेख गरिएको छ । जस्तै :

कस्तो उत्तम जीवनी विटपको देखिन्छ संसारमा
सारा योग प्रसादका भरमहाँ उनको छ भाग्य सीमा ।
जसले जीवनी योगका विषयमा राखेर शक्ति लिए
शक्ति सञ्चय दानका तिर लगी उपकार वादी भए ॥
(हिमशिखर महाकाव्य- २०६३, पृ. १६९)

यस सर्गका अन्तमा पशुपति, अनुरोध मेला र हिमालय शीर्षकका कविताहरु पनि उल्लेख गरिएका छन् ।

शिव पार्वतीले विभिन्न ठाउँहरुको भ्रमण गर्दा पाएको अनुभव बाह्रौं सर्गको विषयवस्तु बन्न पुगेको छ । यस सर्गका अन्तमा मन्दिर, धर्म, नीति श्लोक र विचार शीर्षकका फुटकर कविताहरु पनि समावेश भएका छन् ।

तेह्रौं सर्गमा विभिन्न ठाउँको पैदल भ्रमण गरेर गन्तव्यमा पुगेपछि शिवपार्वतीको यात्रा पूरा भएको भन्ने विषयवस्तु रहेको छ । यात्राको अन्तमा दुबै दम्पत्तिले कुनै गुफाभित्र प्रवेश लिएर विश्राम गरी आनन्दपूर्वक केही रमाइला कुराकानीहरु गर्न लागिएको चित्रण नै यस सर्गको मूल विषयवस्तु र भाव रहेको छ ।

**पात्र/चरित्र**

दक्ष प्रजापतिको यज्ञमा शिवपत्नी सत्यदेवीले हाम फालेर आत्महत्या गरेपछि त्यस जलेको निष्प्राण देहलाई काँधमा बोकी शिबजीले संसारका विभिन्न ठाउँहरुमा घुमाउँदा ती अङ्गहरु भिन्न भिन्न ठाउँहरुमा खस्दै गएका एवम् जहाँजहाँ सत्यदेवीका अङ्गहरु खस्दै गए, ती ठाउँहरु हिन्दूहरुका धार्मिक तीर्थस्थल बन्न पुगेको कथा शिवपुराणमा उल्लेख गरिएको छ । सत्यदेवीको देहान्त भएपछि हिमालयकी कन्याका रुपमा उनले पार्वतीको रुपमा अर्को जन्म लिएको प्रसङ्ग पनि पुराणमा पाइन्छ ।

उनै पार्वती युवा अवस्थामा पुगेपछि एकदिन उनको भगवान शिवसँग हिमालयकै काखमा रहेको सुन्दर उद्यानमा एकान्त मिलन हुनपुग्छ । शिव र पार्वतीको युवायुवतीका रुपमा भएको प्रथम मिलन र तिनको आपसी प्रेमप्रसङ्ग नै यस महाकाव्यको मूल विषयवस्तु भएकाले नै यस महाकाव्यको मूल विषयवस्तु भएकाले शिव र पार्वती नै यहाँ मुख्य नायकनायिका रुपमा देखापरेका छन् । शिवदम्पत्तीको प्रेमप्रसङ्गलाइ यहाँ अति उच्च रुपमा चित्रण गरिएको छ । कुनै स्वार्थमा अल्झिएको क्षणिक रमझम मात्र नभई उनको मिलन र प्रेम स्थायी, अटल र निश्चल बन्न पुगेको छ । जसमा वासनाको भन्दा पनि हार्दिकताको अधिकता भएकाले यो अँझै आदर्श प्रेमका रुपमा देखापरेको छ ।

भगवान र भगवतीका रुपमा मानिने शिवपार्वतीको प्रेम लीला कतिपय कुरामा यहाँ कुनै नाटकका नायकनायिकाको झैँ पनि बन्न पुगेको छ । मानवीय रुप लिई उद्यानमा भ्रमण गर्नु, प्रेमसूत्रमा बाँधिनु, भाँग-धतुरो जस्ता नसालु पदार्थको सेवनले शिव अति दुर्बल हुनपुग्नु र अत्यन्त थकित भएकै कारण पहाडको उकालो चढ्न नसक्नु जस्ता घटनाले शिवलाई मानवीय कोटिमा पुऱ्याइएको छ ।

शिवलाई पार्वतीले नशालु पदार्थ सेवन नगर्न दिएको सुझाव यी पंक्तिहरुबाट स्पष्ट हुन्छ । जस्तै :

संगतका पनि चालले शरीरको ढाँचा सबै बन्दछ<br>
ताकत बर्कतका कुरा मननको उत्साहले ल्याउँछ ।<br>
दिनभर भाङ धुकारको कुहिरोले गर्दा भयो घुर्घुर<br>
छोडी बक्सनु भो भने व्यसन त्यो होला जीउ सुग्घरा ॥

पृष्ठ- ९४

यस महाकाव्यमा प्रमुख नारी पात्रको रुपमा पार्वती देखापरेकी छन् । कुनै पनि असल नारीमा हुनुपर्ने सरलता, शुशीलता, सुन्दरता र विनयशीलता जस्ता गुणहरुले उनी सम्पन्न देखिन्छन् । उनको शिवप्रतिको प्रेम अटल एवम् प्रगाढ रुपमा रहेका देखिन्छ । उनले शिवप्रति आदर्श प्रेम मात्रै गरेकी छैनन्, यात्राको क्रममा थकित भएका शिवलाई काँधमा बोकेर हिड्नु र शिवलाई भाँग, धतुरो जस्ता नसालु पदार्थ सेवन नगर्न सल्लाह दिनु जस्ता चरित्रले उनी सुःखदुःखका सबै समयमा एकनास रुपमा साथ दिई रहने एवम् आफ्ना पतिलाई बेलामौकामा उचित सरसल्लाह दिई मार्ग निर्देशन गराउन सक्ने योग्य नारी पात्र हुन् भन्ने कुराको समेत पुष्टि भएको छ ।

यस महाकाव्यमा देखा परेका अर्का पात्र हिमालय पनि हुन् । पौराणिक पात्र पार्वतीका पितालाई यहाँ राजा हिमालयको रुपमा चित्रण गरिएको छ । यहाँ हिमालयलाई एकातिर उचित न्याय दिन सक्ने र कुशल नेतृत्व गर्न सक्ने दक्ष राजाका रुपमा चित्रण गरिएको छ भने अर्कातिर हिउँले ढाकिएको चीसो हिमालय पर्वतका रुपमा समेत वर्णन गरिएकाले हिमालय जड र चेतन बीचका पात्रका रुपमा प्रस्तुत भएका छन् । राजा हिमालयको कानुनी व्यवस्थाका बारेमा केही पंक्तिहरु यसप्रकार छन् :

लिखित जति मस्यौदा चाँदी रुपा सुनैका
सरह सरि सबै छन् छैन काहीँ न धोका ।
जति पनि थरि जाति बस्दछन् कानुनैमा
त्यति त्यति सुबिधा छन् मानवैका मुखैमा ॥

(हिमशिखर महाकाव्य- २०६३, पृ. १७)

**भाषाशैली र छन्द**

साहित्यकार खेमराज ओझाका अन्य साहित्यिक काव्यरचनाहरुका तुलनामा हिमशिखर महाकाव्यमा अझै परिष्कृत भाषाशैलीको प्रयोग भएको पाइन्छ । सरल एवम् मीठो शैलीमा यस महाकाव्यको रचना गरिएको छ । विभिन्न शास्त्रीय छन्दहरुको प्रयोग गरिएको यस काव्यकृतिको प्रथम सर्ग 'तोटक' छन्दको प्रयोग गरी रचना गरिएको छ । दोस्रो सर्गका श्लोकहरु मालिनी छन्दमा रचिएका छन् भने तेस्रो सर्गमा 'शालिनी' छन्दको प्रयोग गरिएको छ । चौथो र पाँचौं सर्गमा क्रमशः 'शिखरिणी' र 'मन्दाक्रान्ता' छन्द प्रयोगमा आएका छन् । छैयौं सर्गमा 'शार्दूल बिक्रिडित' र सातौंमा 'भुजङ्ग प्रयात' छन्दको प्रयोग भएको छ । आठौं सर्गका कविताहरु 'वसन्त तिलका' छन्दमा रचिएका छन् । यस काव्यको नवौं सर्गमा 'भुजङ्ग प्रयात' छन्द रहेको छ भने दसौं सर्गमा 'स्रग्धरा' छन्दको प्रयोग गरिएको देखिन्छ एवम् प्रकारले एघारौं सर्गमा 'उपेन्द्रबज्रा' र 'सार्दूल बिक्रीडित' छन्दको प्रयोग गरिएको पाइन्छ । बाह्रौं सर्गमा 'शिखरिणी' छन्दको प्रयोग भएको छ र तेह्रौं सर्गमा 'शार्दूल बिक्रिडित' छन्दको प्रयोग भएको छ ।

यसप्रकार तेह्र सर्गमा संरचित यस महाकाव्यमा दसवटा शास्त्रीय 'छन्दहरु' को प्रयोग भएको छ जसमध्ये केही छन्दहरुको पुनरुक्ति समेत नभएको होइन । यस महाकाव्यमा प्रयोग गरिएका केही छन्दहरुको उदाहरण यसप्रकार रहेको छ । जस्तै :

**भुजङ्ग प्रयात-**

घनारण्य चारु उनै देवता हुन्
उनै स्वर्ग बस्ने प्रपञ्चै तरु हुन् ।
उदाए सबै ती बडो योग गर्न
उनै सम्भु बाबा सतीलाई हेर्न ॥
(हिमशिखर महाकाव्य-२०६३, पृ. ५३)

**मन्द्राक्रान्ता-**

लेखाजोखा जगत भरको जोड जम्मा त्यहीँ छ
कानुन अग्लो परहित हुने राखिएको त्यहीँ छ ।
निर्धा लुला गरिब हेरने योजना नै त्यहीँ छ
भ्रमण पन्थी सकुशल रही बस्न लायक त्यहीँ छ ॥
(हिमशिखर महाकाव्य- २०५३, पृ. ७७)

**मालिनी-**

हिमगिरि हिमडाँडा हाँस जस्तो सुकीलो
शिखर कति टसुलो कामना तर्फ ठूलो ।
जगतभर विधीका राज्यलाई चलाई
किसिम हरतहैका देनतामा भलाई ॥
(हिमशिखर महाकाव्य- २०६३, पृ. १३)

**शिखरिणी-**

रुपा, चाँदी खानी सुत, पितल खानी जति पनि
यिनै अन्तर बस्छन् प्रकृत तहका बसनु रसनी ।
विधा विज्ञानैका जति पनि सुकीला सुखकर
यिनै अन्तर बस्छन् विषय महिमाका तहहर ॥
(हिमशिखर महाकाव्य- २०६३, पृ. १७८)

**बिम्ब, प्रतीक र अलङ्कार**

हिमशिखर महाकाव्यमा प्राकृतिक, पौराणिक र जीवनजगतका विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरिएको पाइन्छ । यहाँ हिमाललाई पर्वतहरुका राजा र शिवपार्वतीलाई मानवीय रुपमा प्रस्तुत गरिएको छ । यस महाकाव्यमा मध्य, अन्त्य र वृत्य जस्ता शब्दालङ्कारको प्रयोग गरिएको छ । अर्थालङ्कारका रुपमा उपमा, रुपक, यमक, दीपक र अत्युक्ति आदि प्रयोगमा आएका छन् । यस महाकाव्यमा प्रयोग भएका केही अलङ्कारहरु यसप्रकार छन् ।

**उपमा अर्थालङ्कार-**

चाँदी सरी चहकिलो नयनै न खप्ने
आनन्दको मुलुक त्यो नत शोक खप्ने ।
कस्तो ठूलो जय श्री गिरि शैलफाँट
हिमालको यशकला जगमा विराट ॥

(हिमशिखर महाकाव्य- २०६३, पृ. १२९)

**रुपक-**

मन जङ्गल हो मन पर्वत हो
मन रश्मि सुधासँगको रवि हो ।
मन मन्तर हो मन विश्वमुख
मनमुक्ति विधा मन पूर्ण सुख ॥

(हिमशिखर महाकाव्य- २०६३, पृ. ५)

**यमक-**

परहित परमार्थी पारदर्शी विचार
उपर पर रहेको भावना स्वर्ण हार ।
शरीर भर कहिले कम्ति छैनन् छ मस्तै
असल विनय बानी जीवनी साथ उस्तै ॥

(हिमशिखर महाकाव्य- २०६३, पृ. १८)

**दीपक-**

ज्योति टल्क्यो सूर्यको त्यो विहान
उद्यानैमा रङ्ग पोत्दै महान ।
चम्पा चारु मालती फूल उठ्छन्
सानन्दैको मोहनीलाई हेर्छन् ॥
(हिमशिखर महाकाव्य- २०६३, पृ. ४६)

**अत्युक्ति-**

भयो स्वर्गैभन्दा अरु रमण शोभा हिमवत
हटे सारा हानी कचिङल सबै ती लतपत ।
कुनै छैनन् कम्ती जनजन सबैका घर महाँ
सुनौला छन् बेला गरीब न त मिल्छन् समूहमा ॥
(हिमशिखर महाकाव्य- २०६३, पृ. ६२)

**उत्प्रेक्षा-**

भयो स्वर्ण मेला रह्यो खेलखेला
आहा वृक्षनाँचे सबै ती कलीला ।
कुनै सिद्ध आत्मा सरीको छ रुप
खुबै मग्न ध्यानी बनेका अनूप ॥
(हिमशिखर महाकाव्य- २०६३, पृ. ११७)

**संरचना**

हिमशिखर महाकाव्य कवि ओझाद्वारा रचित एवम् हालसम्म प्रकाशित उनका महाकाव्यहरुमध्ये दोस्रो र पछिल्लो पनि हो । उनको पहिलो महाकाव्य नेपालआमा- २०६२ भन्दा परिमाणात्मक दृष्टिले यो केही सानो आयामको भएतापनि शिल्प विधान र भाषाशैलीका दृष्टिले हिमशिखर महाकाव्य अँझै स्तरीय बन्न पुगेको छ । तेह्र सर्गमा संरचित यस काव्यकृतिमा जम्मा ७४७ वटा श्लोकहरु रहेका छन् । जसमध्ये यसको पहिलो सर्गमा ३६ वटा श्लोक, दोस्रो सर्गमा

६१ वटा श्लोक र तेस्रो सर्गमा ११६ वटा श्लोकहरु रहेका छन् । यसको चौथो सर्गमा ७९ वटा श्लोक, पाँचौं सर्गमा ६१ वटा श्लोक र छयौं सर्गमा ९६ श्लोकहरु छन् । सातौं सर्गमा ८७, आठौं सर्गमा-४५, नबौं सर्गमा- ४७ र दसौं सर्गमा ३३ वटा श्लोकहरु छन् । 'हिमशिखर' महाकाव्यको एघारौं सर्गमा ३४ वटा श्लोकहरु रहेका छन् भने बाह्रौं सर्गमा ३५ वटा श्लोकहरु छन् त्यसैगरी यस काव्यकृतिको तेह्रौं अर्थात अन्तिम सर्गमा १७ वटा मात्र श्लोकहरु रहेका देखिन्छन् ।

यसरी विभिन्न छन्द, अलङ्कार र रसहरुको प्रयोग गरी संरचित यस महाकाव्यको तेस्रो सर्गमा सबैभन्दा बढी श्लोक रहेका छन् जुन ११:६ को संख्यामा छन् भने तेह्रौं सर्गको श्लोक संख्या न्युनतम रहेको छ जसमा जम्मा १७ वटा मात्र रहेका छन् ।

**निष्कर्ष**

कवि खेमराज ओझाद्वारा रचित 'हिमशिखर महाकाव्य' को प्रकाशन २०६३ सालमा भएको हो । भगवान शिव र पार्वतीको मिलन, एवम् प्रेमकथालाई नै यस महाकाव्यले आफ्नो विषयवस्तु बनाएको छ । शिवपुराणका कथाहरुमा आधारित यस काव्यकृतिले कतिपय कुरामा आफ्नै मौलिकता पनि बोकेको छ ।

विभिन्न दसवटा शास्त्रीय छन्दहरुको प्रयोग गरी रचना गरिएको यस काव्यकृतिमा तेह्रवटा सर्गहरु रहेका छन् । प्रत्येक सर्गमा भिन्नै शीर्षकका कथावस्तुहरु रहनुका साथै छन्दहरु पनि बदलिएका छन् । शिवपार्वतीको नैसर्गिक, हार्दिक एवम् मर्यादित प्रेमप्रसङ्गबाट आजका दम्पत्तिहरुले पनि केही प्रेरणा लिन सक्छन् । जहाँ पार्वतीले शिवप्रति असल पत्नीले गर्नुपर्ने भूमिका निर्वाह गरेकी छन् ।

यस महाकाव्यको कथावस्तु धारा प्रवाहित रुपमा गतिशील न देखिएतापनि कविताहरुमा भावनात्मकताको प्रचूरता र मौलिकता निहित रहेको देखिन्छ । यहाँ केही श्लोकहरु भावपूर्ण, हृदयस्पर्शी र कविको अन्तर्मनबाट निस्केका अभिव्यक्ति हुन् भन्ने बुझिन्छ जसमध्ये केही पंक्ति यसप्रकार छन् :

उकालो छ आधा पूरा जिन्दगीमा
हिँडाई छ गर्नु नथाकी बिचैमा ।
पिपासा रोकिन्नन् कुनै जिन्दगीको
बटुवा रोकिन्नन् पूरा हुन्न धोको ॥

(हिमशिखर महाकाव्य- २०६३, पृ. १२२)

परिच्छेद पाँच

# उपसंहार

'खेमराज ओझाको व्यक्तित्व र कवित्वको अध्ययन' शीर्षकको शोधग्रन्थ स्नातकोत्तर नेपाली विषय दसौँपत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ । यस शोधग्रन्थलाई जम्माजम्मी ६ वटा परिच्छेदहरुमा विभाजन गरिएको छ । वि.सं. २०१२ साल असार २३ गते बैतडीको न्वादेउ, नाकालीमा जन्मेका ओझाको बाल्यकाल सुखद नै रहेको पाइन्छ । पिता परमानन्द र माता महादेवीका ज्येष्ठ सुपुत्र ओझाको प्रारम्भिक शिक्षा घरबाटै भएको पाइन्छ । डिलेश्वरी मा.वि. पुर्चौडी बैतडीबाट  कक्षा सातसम्मको पढाई गरेपछि उनले 'ब्रह्मचर्य महाविद्यालय' ज्ञानगुदडी वृन्दावनबाट सन् १९८० मा भागवताचार्यको अध्ययन पूरा गरेको पाइन्छ ।

सभ्य परिवारमा हुर्किएका कवि ओझाले साहित्यिक क्षेत्रमा वि.सं. २०३६ सालदेखि नै कलम चलाउन थालेका भए पनि उनका रचनाको प्रकाशन भने २०४६ सालमा 'परमानन्द शोककाव्य' नामक खण्डकाव्यबाट नै सुरु भएको हो । साहित्यिक क्षेत्रका साथसाथै उनी धार्मिक यज्ञहरुको सञ्चालन र सामाजिक सेवामा पनि उत्तिकै क्रियाशिल रहँदै आएका देखिन्छन् । विगतमा उनी शिक्षण पेशा, निजामति सेवा र राजनैतिक क्षेत्रमा समेत संलग्न भए तापनि हाल भने ती सबै क्षेत्रबाट पृथक नै रहेका देखिन्छन् । उनको पछिल्लो पाटो साहित्य लेखन, धार्मिक यज्ञ सञ्चालन, कन्यापूजन, वृक्षारोपण र कारागार प्रवचन जस्ता कार्यहरुमा नै केन्द्रित भएको छ ।

हालसम्म साहित्यकार ओझाले साहित्यका कविता, खण्डकाव्य, महाकाव्य र उपन्यास विधामा नै कलम चलाएका छन् । सुरुका दिनहरुमा कविता र खण्डकाव्यको रचना गर्दै आएका कवि ओझा पछिल्ला दिनहरुमा महाकाव्यको रचनामा बढी क्रियाशील रहेका देखिन्छन् । उनका विभिन्न ४९ वटा शीर्षकका कविताहरु 'यात्रीविचार' कविता संग्रह- २०५६ मा प्रकाशित भएका छन् । यस बाहेक विभिन्न पत्रपत्रिकाहरुमा पनि प्रकाशित हुँदै आएका छन् । उनका विभिन्न पाँचवटा खण्डकाव्य र दुईवटा महाकाव्यहरु समेत प्रकाशित भइसकेका छन् । उनको एकमात्र उपन्यास 'कर्मको तन्ना- २०४५ हो । यसबाहेक 'सुणुपन' शीर्षक डोटेली भाषाको खण्डकाव्य र सर्वहारा एवम् विपिन शीर्षकका महाकाव्यहरु प्रकाशनको संघारमा रहेको कुरा कवि ओझा बताउँछन् ।

साहित्यकार ओझाका समग्र रचनालाई अध्ययन गर्दा उनको लेखन वि.सं. २०३६ सालबाट प्रारम्भ भएको र हालसम्म निरन्तर रुपमा अगाडि बढिरहेको देखिन्छ । उनका प्रकाशित कृतिहरुमा एउटा उपन्यास, एउटा कवितासंग्रह, पाँचवटा खण्डकाव्य र दुईवटा महाकाव्य रहेका छन् । यसका साथै सातवटा धार्मिक कृति र एउटा ऐतिहासिक कृति समेत प्रकाशित भइसकेको छ । उनका हालसम्मका काव्य रचनाहरुमा धार्मिकता र स्वदेश प्रेमको भावना अति उच्च रुपमा प्रकट भएको पाइन्छ । यसका साथै अन्याय, अत्याचार र शोषण विरुद्धको स्वर पनि उत्तिकै

पाइन्छ । मानवीय प्रेम, विसङ्गतिको चित्रण र स्वच्छन्द भावना तथा प्रकृतिको चित्रण एवम् प्रगतिवादी विचार पनि उत्तिकै पाइन्छ । यिनलाई नै उनका साहित्यिक प्रवृत्ति मान्न सकिन्छ । समग्रमा धार्मिक भावना, राष्ट्रप्रेम, स्वच्छन्दता तथा मानवतावादी विचार नै उनको मूल साहित्यिक मान्यता हो भन्न सकिन्छ ।

कवि ओझाका फुटकर कविताहरु प्राय : शास्त्रीय छन्दमा रचना गरिएका छन् । उनका कविताहरुमा पनि धार्मिक भावना, नैतिक उपदेश, राष्ट्रप्रेम, प्रकृति चित्रण एवम् मानवीय सम्वेदना प्रखर रुपमा व्यक्त भएको पाइन्छ । नेपाली समाजका विशेष गरी पिछडिएका वर्गले भोगेका विविध समस्यामा आधारित उनका कविताहरुमा तमाम विसङ्गति प्रति पनि व्यङ्ग्य गरिएको पाइन्छ ।

कवि ओझाका प्राय : सबै कविताहरुको भाषाशैली सरल र सहज नै देखिन्छ । उनका धेरैजसो कविताहरुमा कवि प्रौढोक्ति उक्तिढाँचा अँगालिएको छ र बिम्ब, प्रतीक एवम् अलङ्कारको सुन्दर र सफल प्रयोग भएको पाइन्छ । सामाजिक, प्राकृतिक, सांस्कृतिक, पौराणिक बिम्ब र प्रतीकका साथै उपमा रुपक दृष्टान्त, उत्प्रेक्षा आदि अर्थालङ्कार र मध्य, अन्त्य, वृत्य अनुप्रास शब्दालङ्कारका रुपमा संयोजन गरिएकाले उनका सबै पद्य कविताहरु आलङ्कारिक बन्न पुगेका छन् ।

कवि ओझा खण्डकाव्यकार पनि हुन् । संख्यात्मक दृष्टिले उनका पाँचवटा खण्डकाव्यहरु प्रकाशित भइसकेका छन् । 'परमानन्द शोककाव्य- २०५५' को प्रकाशनबाट नै यिनले खण्डकाव्यको यात्रा अगाडि बढाएका हुन् । यस कृतिमा आफ्ना पिताको देहावसानजन्य पीडाबाट आफू मर्माहित भएको कुरा कविले व्यक्त गरेका छन् । त्यसै क्रममा थाकेको परानी- २०५५ शीर्षक खण्डकाव्यको पनि प्रकाशन भयो । मानवजीवन सांसारिक कर्तव्यको पालना गर्दागर्दै थकित हुनपुग्ने विषयवस्तु यस कृतिमा रहेको छ । पशुबली प्रथाको विरोध प्रकट गर्ने उनको अर्को खण्डकाव्य पशुपुकार हो । त्यसै क्रममा लतालकिर- २०५६ शीर्षक खण्डकाव्य पनि प्रकाशित हुनपुग्यो जसमा नेपाली समाजका पुरुषहरुले बहुविवाह गर्ने प्रथाको विरोध गरिएको छ । 'फूल बदलियोस् एक्काइसौं शताब्दी- २०५८' शीर्षकको खण्डकाव्यमा एक्काइसौं शताब्दीको आगमन सँगै नेपालमा विकासका नयाँ फूलहरु फुलून् भन्ने चाहना प्रकट गरिएको छ । काव्यात्मक शैलीमा रचिएका उनका खण्डकाव्यहरुमा शास्त्रीय छन्दको प्रयोग गरिएको छ भने भाषा सरल र सहज नै रहेको पाइन्छ ।

कवि ओझाले 'नेपालआमा महाकाव्य- २०६२' को प्रकाशन गरेर आफूलाई महाकाव्यकारका रुपमा समेत स्थापित गरेका छन् । विशेषगरी राष्ट्रप्रेममा आधारित यस काव्यकृतिमा नेपाललाई आमा र नेपालीहरुलाई सन्तानका रुपमा प्रस्तुत गरी आमाले सन्तान

प्रति गर्ने स्नेहको चित्रण गरेका छन् । यस काव्यलाई ३७ सर्गमा विभाजित गरिएको छ । कवि ओझाको अर्को महाकाव्य 'हिमशिखर- २०५३' पनि हो । हिमालयको काखमा रहेको सुन्दर बगैँचामा शिवपार्वतीको मिलन, प्रेमको सञ्चार र उद्यानमा भ्रमण आदि विषयवस्तु यस महाकाव्यमा उल्लेख गरिएको छ । उनका महाकाव्यहरुमा शास्त्रीय छन्दको प्रयोग गरिनुका साथै सरल एवम् सहजव भाषाशैलीमा संरचित छन् ।

कवि ओझाको लेखनी साहित्येतर विषयमा पनि उत्तिकै क्रियाशिल रहेको देखिन्छ । साहित्यबाहेक उनले धर्म र इतिहाससँग सम्बन्धित कृतिहरुको पनि रचना गरेका छन् । उनका धार्मिक कृतिहरुमा 'सुदूरपश्चिमाञ्चल लक्षहोम प्रकृति र संस्कृति २०४९' पहिलो प्रकाशित रचना हो । यसका साथै द्वापरका नेता भगवान श्रीकृष्ण २०५०, शिखरिणी गीता महाकव्य- २०६३ र श्रीराम महिमास्तोत्र- २०६४ पनि प्रकाशित भएका छन् । सुदूर पश्चिम बैतडी इतिहास २०५८ उनको ऐतिहासिक कृति हो । जसमा बैतडी जिल्लाका विभिन्न ठाउँहरुमा प्राचीनकालमा राज्य चलाएका राजाहरुका बारेमा उल्लेख गरिएको छ । यसबाहेक विभिन्न जात, जाति र वंशपरम्पराका बारेमा समेत यसमा उल्लेख गरिएको छ ।

बहुमुखी व्यक्तित्वका धनी कवि ओझाले आफू बसेको समाज र राष्ट्रलाई शिक्षित र सचेत बनाई प्रगतिको बाटोमा लम्काउन गरेको प्रयास अनुकरणीय रहेको छ । साहित्यिक तथा साहित्येतर दुबै क्षेत्रमा उनले गरेको र हाल पनि गरिरहेको योगदान प्रशंसनीय छ । कञ्चनपुर जिल्लाको मात्रै नभई सिङ्गो राष्ट्रकै साहित्यिक गतिविधिमा उनले गरिरहेको कार्य वर्तमान पिढिका लागि प्रेरणाको स्रोत बनेको छ भन्दा दुईमत नहोला । गद्यकविता लेखनको बाहुल्यता रहेको आधुनिक समयमा पनि उनले पद्य कविताको रचना गरिरहेका हुनाले पद्य कविताको क्षेत्रमा उनको विशिष्ट स्थान निर्धारण गर्न सकिन्छ । खण्डकाव्य, महाकाव्य र उपन्यास विधामा पनि कलम चलाएका कवि ओझा अँझै नेपाली साहित्यको साधनामा व्यस्त देखिन्छन् ।

## परिशिष्ट

बहुआयामिक व्यक्तित्वका धनी खेमराज ओभ्काको लेखनी साहित्यका फाँटमा मात्रै सीमित नरही साहित्येतर विषयमा पनि उत्तिकै गतिशील रहँदै आएको देखिन्छ । उपन्यास, कविता, खण्डकाव्य र महाकाव्य जस्ता साहित्यका विविध विधाका उनका रचनाहरु प्रकाशित भइसकेका छन् । साहित्येतर क्षेत्रमा पनि उनका लेख, रचना र कृतिहरु संरचित र प्रकाशित हुँदै आएका देखिन्छन् । उनका साहित्येतर कृतिहरुलाई 'धार्मिक र ऐतिहासिक' गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

### (क) धार्मिक कृति

कवि ओभ्काको जीवनी एवम् व्यक्तित्व धार्मिक भावनाले ओतप्रोत भए जस्तै उनले अनेक धार्मिक पुस्तकहरुको रचना एवम् प्रकाशन गराएर जनसमाजलाई समेत धार्मिक बन्न प्रेरणा दिएका छन् । हिन्दू धर्मका आराध्य देवीदेवताहरुका भजन, कीर्तन र स्तोत्रहरुको संकलन र संरचना गरी यिनले प्रकाशन समेत गराएका छन् । विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित यिनका लेखरचनाहरु पनि धार्मिक भावनाले सिक्त रहेका देखिन्छन् । धार्मिक महत्व बोकेका उनका हालसम्म प्रकाशित कृतिहरु यसप्रकार रहेका छन् ।

### (अ) 'सुदूर पश्चिमाञ्चल लक्षहोम प्रकृति र संस्कृति- २०४९' को परिचय

न्वादेउ, गा.वि.स.को चक्रकुण्ड बैतडीमा वि.सं. २०४९ साल वैशाखमा क्षेत्र शान्ति एवम् विश्वशान्तिका उद्देश्यले लक्षहोम यज्ञको आयोजना गरियो । यज्ञकै अवसरमा यस पुस्तकको समेत प्रकाशन गरिएको हुँदा तदनुसारकै नामाकरण हुन पुगेको देखिन्छ । चालिस पृष्ठमा संरचित यस पुस्तकका सुरुका पृष्ठहरुमा चक्रकुण्ड प्रकृति, संस्कृति र समर्पण संस्कार आदि शीर्षकका लेखरचनाहरु रहेका छन् ।

सुदूरपश्चिमाञ्चल लक्षहोम प्रकृति- २०४९ शीर्षकको पद्यात्मक लेख उन्नाइसदेखि बाइस पृष्ठसम्ममा छापिएको छ जसमा उक्त यज्ञ सञ्चालनका बारेमा चौधवटा चतुर-पंक्ति शार्दूल विक्रिडित छन्दमा रचित श्लोकद्वारा वर्णन गरिएको छ । यस बाहेक तेइसदेखि तीसौँ पृष्ठ सम्ममा सुदूरपश्चिमाञ्चल क्षेत्रका ग्राम्य तथा इष्टकुलदेवताहरुका नामहरु उल्लेख गरिएको छ ।

प्रत्येक नौ जिल्लाका गरी सातसय भन्दा बढी ग्राम्यदेवहरुको नाम उल्लेख गरिएको छ । जुन यस विषयका अध्येताहरुका लागि अति महत्वपूर्ण सोध सामग्री बन्न पुग्ने देखिन्छ ।

### (आ) द्वापरका नेता भगवान श्री कृष्ण- २०५० को परिचय

भगवान श्रीकृष्ण मथुराका राजा कंशको कारागारमा आमा देवकीको कोखबाट द्वापर युगमा जन्मिएको कथा पुराणहरुमा पाइन्छ । देबकीका कोखबाट जन्मेको बालक आफ्नो संहारक बन्न सक्ने आशंका भएकाले बहिनी देवकी तथा ज्वाइँ वशुदेवलाई कंश कारागारमा बन्द गराएर राख्दछ । त्यहीँ जन्मेका श्रीकृष्ण कालान्तरमा मामा कंशका मात्रै संहारक नवमी मन्त्री चाणुर र शिशुपाल जस्ता अनेक अपराधी र अधर्मीहरुको बध गर्न पुग्दछन् । बाल्यकालमा गोपिनीहरुका चीरहरण गरी ठट्टा गर्ने श्रीकृष्ण कालान्तरमा अवला द्रौपदीको अधर्मी दुशासनद्वारा चीरहरण गरिनुबाट पनि जोगाउँछन् । त्यस्ता लीलाधारी श्रीकृष्ण जसले महाभारतको युद्धमा सत्यका पक्षधर पाण्डवहरुको विजयमात्रै गराएनन् अर्जुनलाई गीताका उपदेश दिई आफ्नो दिव्य विराटस्वरुपको समेत दर्शन गराएर धन्य तुल्याए ।

यस्तै विषयवस्तुमा आधारित बाउन्न पृष्ठमा विस्तारित यस कृतिको एकदेखि सच्चालीस पृष्ठसम्ममा श्रीकृष्णको जीवनी र गीता उपदेशहरुलाई लेखकले आफ्नै ढङ्गले गद्यात्मक रुपमा 'धर्माध्यक्ष तथा द्वापरका नेता भगवान श्रीकृष्ण' शीर्षक दिई संक्षिप्तमा प्रस्तुत गरेका छन् । यस बाहेक केही अन्य प्रसङ्गका साथै नेपालका ब्राह्मण जातका अनेक थर शीर्षकमा पोखरेल, भट्टराई, उप्रेती, जोशी जस्ता १०१ थरहरुको नामावली समेत यहाँ उल्लेख गरिएको छ ।

### (इ) शिखरिणी गीता महाकाव्य- २०६३ को परिचय

कौरव र पाण्डहरु बीच राज्यप्राप्तिका लागि भएको महाभारत युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई दिएका उपदेशहरुको संगालोलाई श्रीमद्भागवत् भनिन्छ जसलाई व्यासले महाभारत ग्रन्थमा पद्यात्मक रुपमा सङ्ग्रहित गरेका छन् ।

अर्जुनले आफ्नै नातेदारहरु माथि आक्रमण गरी राज्य पाउनु भन्दा युद्ध नगर्नु जाती भन्ने मनसाय प्रकट गरी विरक्त भएर धनुसबाण समेत पर सारेको कुरा गीतामा उल्लेख छ । युद्धबाट विमुख भएका अर्जुनलाई शरीर मरे पनि आत्मा अमर हुन्छ । तिमी कसैलाई चाहेर पनि मार्न सक्तैनौ त्यसैले हे अर्जुन ! तिमी निमित्त मात्रै बन ! भन्ने जस्ता उपदेशात्मक वचनहरु गीतामा रहेका छन् । अठार अध्यायमा विभाजित एवम् मूलरुपमा संस्कृत भाषामा संरचित यो

काव्य आध्यात्मिक महत्वले भरिपूर्ण रहेको छ । विश्वका केही मात्र उत्कृष्ट ग्रन्थहरु मध्येको एक मानिने यो कृति हिन्दुहरुको पवित्रतम धार्मिक ग्रन्थ हो । अनेकौं भाषामा अनुवादित भइसकेको यस काव्य कृतिको कवि ओझाले नेपाली भाषामा केही मौलिक शैलीको प्रयोग गरी शिखरिणी छन्दमा अनुवाद गरेका छन् ।

'शिखरिणी गीता महाकाव्य दुई सय पृष्ठमा विस्तारित भएको छ । यस काव्यको प्रकाशनबाट नेपाली भाषाभाषीहरुलाई समेत गीताका वचनहरु बुझ्न केही सुगम हुने देखिन्छ । यस कृतिको पछिल्लो भागतिर 'श्रीकृष्ण दर्शनशास्त्र' शीर्षकमा चारपङ्क्तिको एक श्लोक गरी १८९ अनुष्टुप छन्दका श्लोकहरुद्वारा श्रीकृष्णका बारेमा काव्यात्मक चित्रण गरिएको छ जसमा श्रीकृष्णको जन्मोत्सव समयको वर्णन यसप्रकार गरिएको छ । जस्तै :

भयो स्वर्गसरी गाउँ कृष्णै उत्सवले खुबै
सहर्षैमा डुबेका छन् चौपाया मानिसै सबै ।
मङ्गलै ध्वनिछन् सारा आरतीज्योति जग्मग
खुसियाली गरेका छन् सारा मानिस लगभग ॥

पृष्ठ १४५

## (ई) 'श्रीराम महिमा स्तोत्र-२०६४' को परिचय

उन्तीस पृष्ठमा संरचित यस स्तोत्तावलीमा भगवान श्रीरामको महिमा एवम् स्तुतियुक्त गुणगानहरु गाइएका छन् । श्रीरामलाई यहाँ मर्यादा पुरुषोत्तमका रुपमा समेत चित्रण गरिएको छ । मानिसलाई मर्यादित जीवन बाँच्न सिकाउने प्रेरणाका स्रोत श्रीरामका विभिन्न नाम र रुप उल्लेखित अनुस्टुप छन्दको दुईसय चौहत्तरवटा श्लोकहरुका माध्यमबाट 'श्रीराम महिमा स्तोत्र' को रचना गरिएको छ । भगवान संसारका प्रत्येक वस्तुमा अन्तर्निहित रुपमा रहेका हुन्छन् भन्ने मान्यता अनुरुप विभिन्न नाम र रुपमा श्रीरामको महिमा एवम् श्रद्धाभाव यहाँ प्रकट गरिएको छ । यस स्तोत्रका अन्तमा शिखरिणी छन्दका चारवटा श्लोकहरु रहेका छन् भने सुरुमा शार्दूल बिक्रिडित छन्दका केही कविताहरु स्तुतिका रुपमा उल्लेख गरिएका छन् जसमध्ये केही पंक्ति यसप्रकार छन् ।

जस्तै :

हाम्रा सात्विक यज्ञका हवनले कल्याण होस् लोकमा ।
यज्ञपूर्ण गराई स्वागत लिने इच्छा रहोस् प्रभुमा ॥

पृष्ठ- १

उपर्युक्त धार्मिक कृतिहरुका साथै कवि ओझाका 'शिव संकीर्तन भजनमाला' भगवत संकीर्तन भजनमाला र पञ्चाक्षरी भजनमाला शीर्षकका कृतिहरु समेत प्रकाशित भएका छन् ।

### (ख) ऐतिहासिक कृति

### (अ) 'सुदूरपश्चिम बैतडी इतिहास- २०५८' को परिचय

समय गतिशील हुन्छ । यसको गतिसँगै संसारमा अनेकौं घटनाहरु घट्ने गर्दछन् जसमध्येका केही प्रमुख घटनाहरुमा मानिसको विशेष चासो रहेको हुन्छ । त्यस्ता ऐतिहासिक घटनाहरुको अध्ययन र अनुभवबाट मानिसलाई आफ्नो जीवन, समाज, प्रकृति र विश्वमा हुनसक्ने आगामी घटनाको पूर्वानुमान गन समेत सहयोग मिल्दछ । यस बाहेक हाम्रा पूर्वज र प्राचीन संसारका बारेमा जान्न चाहने जिज्ञासा पनि मानिसमा भइ नै रहन्छ जुन इतिहासबाट केही मात्रामा नै भए पनि थाहा पाउन सकिन्छ । साहित्यकार ओझाले पनि 'सुदूर पश्चिम बैतडी इतिहास' लेखेर यस प्रति जिज्ञासा राख्ने व्यक्तिहरुका लागि केही सुगम तुल्याएका छन् । १३२ पृष्ठमा संरचित यस ऐतिहासिक कृतिमा बैतडीका विभिन्न ठाउँहरुको प्राचीन स्थिति र विभिन्न राजाहरुले त्यहाँ शासन गरेका अवस्थाको समेत उल्लेख गरिएको छ । बैतडीको इतिहास अन्तर्गत यस कृतिमा हाम्रा पूर्वज, चन्द खानदान, सिडौरा, सर्मली, ढिक, डिङ र हाटकोटको राज्यकाल, पुचौडी नामको उत्पत्ती, द्यौकी प्रथा र धामी प्रथाको उत्पत्ती, सोराडी भाषा र डोटेली भाषा शीर्षकका ऐतिहासिक लेखहरु प्रकाशित गरिएका छन् । यसका साथै डिलाशैनी, भरणशैनी, रणशैनी, बोदलाशैनी, भगाशैनी र पोटलाशैनी जस्ता भगवती र विभिन्न ग्राम्यदेवताका उत्पत्तिको समेत यहाँ उल्लेख गरिएको छ । सुदूर पश्चिमका नौवटै जिल्लाका गरी झण्डै सातसय भन्दा पनि बढी ग्राम्यदेवहरुको  यहाँ नाम उल्लेख गरिएको छ ।

विभिन्न ठाउँहरुको स्थलगत भ्रमण र अनेक बुज्रुक मानिससँगको प्रत्यक्ष कुराकानीका आधारमा बडो परिश्रमपूर्वक सामग्री सङ्कलन गरी तयार पारिएको यो ऐतिहासिक कृति जिज्ञासु पाठकहरुका लागि अति उपयोगी देखिन्छ । केही ठाउँमा निश्चित तिथि, मिति र व्यक्तिको किटान नभएको हुँदा अपुग देखिए तापनि कतिपय कुराको जानकारी लिन एवम् अझै अगाडि बढेर शोध गर्न चाहने जिज्ञासु व्यक्ति र विद्यार्थीका लागि यो कृति निकै प्रेरणादायी र उपयोगी हुने बुझिन्छ ।